# 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण

१२९

शोधार्थी

पोषराज भट्टराई

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष: ०४ (२०७०/२०७१)

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-२९९-६६-२००८

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००२३

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

शोधपत्र पेस गरेको मिति
वि.सं. २०७५।०४।०१
इ.सं. १७ जुलाई, २०१८

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
नेपाली शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

शोधपत्र भाइभा भएको मिति
वि.सं. २०७५।०५।१०
इ.सं. २६ अगस्ट २०१८

## प्रतिवद्धता पत्र

म शोधार्थी पोषराज भट्टराई यो प्रतिबद्धता जाहेर गर्दछु । शोधपत्र कहीँ कतैबाट साभार गरिएको छैन । यदि कही कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरूको सामना गर्ने प्रतिवद्धता गर्दछु । कुनै स्रष्टाका सामग्री हुबहु सारेको स्थानमा गर्ने टिप्पणीको प्रयोग गरिएको छ । तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

वि.सं.: २०७५।०४।०१

शोधार्थी

पोषराज भट्टराई

# जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
**स्थापित : २०४५**
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

☎०२५ - ५८१३००
५८००६४

प.सं.
च.नं.

मिति:


## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत, इटहरी एमएड दोस्रो बर्षका विद्यार्थी पोषराज भट्टराईले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

वि.सं. : २०७५।०४।०१

उपप्रा. दीपकप्रसाद न्यौपाने
शोध निर्देशक
नेपाली शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# जनता बहुमुखी क्यामपस

०२५ - ५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५

प.सं.
च.नं.

(त्रिभुवन विश्वविद्यालय र उ. मा. शि. परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी, तथा शिक्षाशास्त्र सङ्काय

मिति २०७५।०५।१०


## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ यस विभागका विद्यार्थी पोषराज भट्टराईले तयार पार्नुभएको **'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. मदनराज बराल | विभागीय प्रमुख | .......................... |
| २. प्रा. डा. रामप्रसाद भट्टराई (विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं) | वाह्य परीक्षक | ..... |
| ३. दीपकप्रसाद न्यौपाने | शोध-निर्देशक | .......................... |

मिति
वि.सं. २०७५।०५।१०
इ.सं. २६ अगस्ट, २०१८

# कृतज्ञता ज्ञापन

प्रस्तुत **'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपाशि ५९८ प्रयोजनार्थ तयार पारिएको छ ।

शोधकार्यको शीर्षक चयनदेखि शोधपत्र तयार पारुञ्जेलसम्म निरन्तर सहयोग एवम् सल्लाह दिनुहुने आदरणीय गुरु दीपकप्रसाद न्यौपानेप्रति हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी आफ्नो व्यस्तताबाट समय मिलाएर सरसल्लाह, सुझाव, उद्देश्यमूलक जानकारी पारिदिनुहुने आदरणीय गुरुहरू नेपाली भाषाशिक्षा विभागका प्रमुख मदनराज बराल साथै विभागका आदरणीय गुरुहरू तीर्थराज भट्टराई, नवीन कुमार शर्मा, बालकृष्ण गौतमप्रति कृतज्ञ छु ।

विभिन्न आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने प्रिय मित्र विकास घिमिरेज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत शोधकार्य टङ्कणमा सहयोग पुऱ्याउनु हुने सौजन्य डेस्कटप बिर्तामोडकी मैया बरालप्रति कृतज्ञ छु ।

साथै यस शोधकार्य तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा साथ सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी हातहरूप्रति आभार प्रकट गर्दछु र प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली विभागमा पेश गर्दछु ।

शोधार्थी

पोषराज भट्टराई

## शोधसार

शोधशीर्षक : **'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण**

शोधार्थी : पोषराज भट्टराई

शोध निर्देशक : दीपकप्रसाद न्यौपाने

क्याम्पस : जनता बहुमुखी क्याम्पस, इटहरी-सुनसरी ।

शैक्षिक वर्ष : २०७०/७१

अध्याय : पाँच

प्रस्तुत शोधकार्यमा **'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण** गरिएको छ । प्रस्तुत शोधका उद्देश्य, सीमा, विधि र निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**शोध उद्देश्य**

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) 'माउजङ बाबुसाहेबको कोट' कथाको सम्बद्धक विश्लेषण गर्नु ।

ख) 'माउजङ बाबुसाहेबको कोट' कथाको सम्बद्धनहरू विश्लेषण गर्नु ।

**सीमाहरू**

प्रस्तुत शोधलाई निम्न सीमाहरूमा सीमाङ्कन गरिएको छ :

क) भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित छ ।

ख) 'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषण कार्यमा केन्द्रित छ ।

शोध प्रक्रिया :

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा निम्नलिखित स्रोतबाट सङ्कलन गरिएको छ ।

**क) प्राथमिक स्रोत**

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतका रूपमा भवानी भिक्षुको 'माउजङ बाबुसाहेबको कोट' कथालाई लिइएको छ ।

**ख) द्वितीयक स्रोत**

प्रस्तुत शोधकार्यका लागि द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित विभिन्न पुस्तक, सैद्धान्तिक लेख, साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू तथा उपलब्ध भएसम्म सम्बन्धित शोधपत्रहरू र आवश्यकताअनुसार विज्ञसँगको छलफल र सुझावलाई उपयोग गरिएको छ ।

**शोध निष्कर्ष**

प्रस्तुत शोधको निम्नानुसार निष्कर्ष रहेको छ :

क) यो पाठमा एक्काइस वटा अनुच्छेदहरू रहेका छन् ।

ख) यो पाठमा २६६ वटा वाक्यहरू रहेका छन् ।

ग) यो पाठ भाषिक रूपमा अन्विन्तिपूर्ण रहेको छ ।

घ) सम्बद्धकहरूको प्रयोग उपयुक्त नै रहेको छ ।

ङ) सम्बद्धनहरूको प्रयोग सही ढङ्गले गरेको पाइन्छ ।

च) 'माउजङ बाबुसाहेबको कोट' कथा सङ्कथनका दृष्टिले उपयुक्त रहेको छ ।

## विषय सूची

**विषय** **पृष्ठ सङ्ख्या**

**अध्याय एक : शोधको परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ अध्ययन औचित्य र महत्व २

१.४ अध्ययनका उद्देश्यहरू ३

१.५ अध्ययनको परिसीमा ३

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

२.१ पूर्वकार्यको समीक्षा ४

२.२ पूर्वकार्यको उपयोगिता र कार्यन्वयन ६

२.३ सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा ७

२.३.१ सङ्कथनको परिचय ७

२.३.२ सङ्कथनको परिभाषा ८

२.३.३ सङ्कथनका प्रकारहरू ८

२.४ सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू १०

२.४.१ ऊर्ध्वगमन पद्धति १०

२.४.२ अधोगमन पद्धति १०

२.४.३ अन्तक्रियात्मक पद्धति १०

२.५ सङ्कथनका तत्वहरू ११

२.५.१ प्रस्तोता ११

२.५.२ बोद्धा ११

२.५.३ माध्यम ११

२.५.४ सूचनाको स्वरूप ११

२.५.५ शीर्षक १२

२.५.६ कोड १२

२.५.७ परिवेश १२

२.६ सङ्कथनका युक्तिहरू १२

२.६.१ सम्बद्धक १२

२.६.२ सम्बद्धन १६

## अध्याय तीन : प्रक्रिया र विधि

३.१ अध्ययनको संरचना २०

३.२ तथ्याङ्क सङ्कलनमा साधनहरू २०

३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया २०

३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २०

## अध्याय चार : व्याख्या तथा विश्लेषण

४.१ परिचय २१

४.२ 'माउजङ्ग बाबुसाहेबको कोट' कथाको वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण २१

४.२.१ निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेष २१

४.२.२ निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण २३

४.२.३ निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण २६

४.२.४ निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण ३४

४.२.५ निर्धरित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ३८

४.२.६ निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ४१

४.२.७ निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ४२

४.२.८ निर्धारित कथाको आठौं अनच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ४५

४.२.९ निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ४७

४.२.१० निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ५०

४.२.११ निर्धारित कथाको एघारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ५१

४.२.१२ निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ५२

४.२.१३ निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धहरूको पहिचान र विश्लेषण ५३

४.२.१४ निर्धारित कथाको चौधौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ६३

४.२.१५ निर्धारित कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ६७

४.२.१६ निर्धारित कथाको सोह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ६९
४.२.१७ निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण ७३
४.२.१८ निर्धारित कथाको अठारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ७८
४.२.१९ निर्धारित कथाको उन्नाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ८३
४.२.२० निर्धारित कथाको बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ८५
४.२.२१ निर्धारित कथाको एक्काइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ९२
४.३ निष्कर्ष ९३
४.४ 'माउजङ बाबुसाहेबको कोट' कथाको वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ९३
४.४.१ निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण ९३
४.४.२ निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण ९४
४.४.३ निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण ९६
४.४.४ निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण ९९
४.४.५ निर्धरित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०२
४.४.६ निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०३
४.४.७ निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०४
४.४.८ निर्धारित कथाको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०५
४.४.९ निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०६
४.४.१० निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०८
४.४.११ निर्धारित कथाको एघारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०९
४.४.१२ निर्धारित कथाको बाह्रौं अनुच्छेदमा अरू सम्बद्धनहरूको पहिचान र विश्लेषण ११०
४.४.१३ निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११०
४.४.१४ निर्धारित कथाको चौधौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११६
४.४.१५ निर्धारित कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११८
४.४.१६ निर्धारित कथाको सोह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२०
४.४.१७ निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२२
४.४.१८ निर्धारित कथाको अठारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२५
४.४.१९ निर्धारित कथाको उन्नाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२८

४.४.२० निर्धारित कथाको बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२९
४.४.२१ निर्धारित कथाको एक्काइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १३२
४.५ निष्कर्ष १३३

## अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

५.१ सारांश १३४
५.२ निष्कर्ष १३४
५.३ शोधको उपयोगिता र कार्यान्वयन १३५
५.३.१ शोधको उपयोगिता १३५
५.३.२ शोधको कार्यान्वयन १३५
५.४ भावी अनुसन्धानका सम्भावित शोधशीर्षकहरू १३५
**सन्दर्भसूची**

# तालिकासूची


| तालिका | पृष्ठ सङ्ख्या |
|---|---|
| १ : निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | २२ |
| २ : निर्धारित दोस्रो अनुच्छेद प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | २४ |
| ३ : निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | २८ |
| ४ : निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | ३५ |
| ५ : निर्धारित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ३९ |
| ६ : निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ४१ |
| ७ : निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ४३ |
| ८ : निर्धारित कथाको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ४५ |
| ९ : निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ४८ |
| १० : निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ५० |
| ११ : निर्धारित कथाको एघारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | ५१ |
| १२ : निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | ५२ |
| १३ : निर्धारित कथाको तेहौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ५५ |
| १४ : निर्धारित कथाको चौधौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ६४ |
| १५ : निर्धारित कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ६८ |
| १६ : निर्धारित कथाको सोह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ७० |
| १७ : निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण | ७५ |
| १८ : निर्धारित कथाको अठारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ७९ |
| १९ : निर्धारित कथाको उन्नाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ८४ |
| २० : निर्धारित कथाको बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ८७ |
| २१ : निर्धारित कथाको एक्काइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण | ९२ |
| २२ : निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण | ९४ |
| २३ : निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण | ९५ |
| २४ : निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण | ९८ |
| २५ : निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण | १०० |
| २६ : निर्धारित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण | १०२ |
| २७ : निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण | १०३ |
| २८ : निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण | १०४ |

२९ : निर्धारित कथाको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०६
३० : निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०७
३१ : निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०९
३२ : निर्धारित कथाको एघारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १०९
३३ : निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११०
३४ : निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११३
३५ : निर्धारित कथाको चौधौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११७
३६ : निर्धारित कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण ११९
३७ : निर्धारित कथाको सोह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२१
३८ : निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण १२४
३९ : निर्धारित कथाको अठारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२६
४० : निर्धारित कथाको उन्नाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १२८
४१ : निर्धारित कथाको बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १३१
४२ : निर्धारित कथाको एक्काइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण १३३

# अध्याय एक : शोधको परिचय

## १.१ पृष्ठभूमि

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको नयाँ शाखा हो। वाक्यभन्दा माथिल्लो भाषिकी एकाई सङ्कथन भनिन्छ (न्यौपाने र अन्य, २०६९ : १४५) । यसले वाक्यभन्दा माथिल्लो भाषाको प्रयोग विस्तारलाई जनाउँछ । सङ्कथन पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । वाक्य, प्रकरण, अनुच्छेद, परिच्छेद जस्ता एकाइहरू सङ्कथन संरचक तत्वहरू हुन् । सङ्कथन कथ्य र लेख्य गरी दुई किसिमका हुन्छन् । गफ, कुराकानी, संवाद, छलफल, विवाद, गाली ठट्टा अन्तर्वार्ता आदि कथ्य सङ्कथनअन्तर्गत र कथा, कविता, लेख, निबन्ध, उपन्यास, महाकाव्य आदि लेख्य सङ्कथन अन्तर्गत पर्दछन् । कथ्य सङ्कथनमा भाषिक पक्षका साथै हाउभाउ लगायतका भाषिकेतर पक्षहरूको पनि समावेश भएको हुन्छ भने लेख्य सङ्कथनहरू भाषिक पक्षमा केन्द्रित हुन्छन् ।

सङ्कथनमा विभिन्न किसिमका उक्तिहरू रहेका हुन्छन् ती उक्तिहरूलाई समुन्नति पूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनले विशेष भूमिका खेलेका हुन्छन् । वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूका बीच अन्तर सम्बन्ध जनाउन आउने सार्वजनिक, कालिक, देशिक आदि भाषिक तत्त्वलाई सम्बद्धक भनिन्छ (न्यौपाने र अन्य, २०६९ : १४६) । सम्बद्धकलाई वाक्यभन्दा माथिल्लो तहमा अन्तर वाक्यीय सम्बद्धताका लागि प्रयुक्त हुने भाषिक अन्वयक, जोडक वा जोर्नीको रूपमा लिइन्छ । अभिव्यक्तिको वैचारिक सिलसिलालाई सम्बद्धन भनिन्छ, यसलाई अनुक्रममा आएका कथनहरू भन्न सकिन्छ ।

भाषालाई मूलतः दुई किसिमबाट अध्ययन गर्न सकिन्छ ती हुन् सैद्धान्तिक र प्रायोगिक सिद्धान्तमा आधारित रहेर गरिने अध्ययन सैद्धान्तिक अध्ययन हो भने भाषा प्रयोगका क्रममा देखिएका विविध पक्षहरूको अध्ययन तथा विश्लेषणमा आधारित रहेर गरिने अध्ययन प्रायोगिक अध्ययन हो । प्रयोगिक भाषाविज्ञानका विविध क्षेत्रमध्ये सङ्कलन विश्लेषण पनि एक हो । सन् १९७० को दशकमा यस्तो पद्धतिको विकास भयो, जसले सामान्यतया सङ्कथनको नियमितता अध्ययन गर्न थाल्यो । अर्थात् कुनै मानिसले बोलिरहेको बोलाई वा लिखित संवादको अध्ययन गर्न थालियो (ढुङ्गेल : १९६) । यसमा पारस्परिक भाषिक वा भाषा वैज्ञानिक शैली नअपाईकन सङ्कथनका बृहत् संरचनामा केन्द्रित अध्ययन गरिन्थ्यो । सङ्कथन विश्लेषणको विकासमा कथन कार्यका प्रवर्तक एच.पी. ग्राइसको भूमिका रहेको छ (ढुङ्गेल, २०६८ : १९६) । उनले सन् १९७५ मा आफ्नो निबन्ध, तर्क र वार्तालापमा सम्प्रेषणात्मक अनुमान वा धारणा भन्ने नयाँ वाक्यांश प्रयोग गरे । ग्राइसका अनुसार यसको अर्थ कुनै पनि भाषाका वक्ताहरूबीच साझा धारणा भन्ने रहेको हुन्छ । माइकल भ्याकार्थीका अनुसार 'सङ्कथनको अध्ययन भाषाको त्यस्तो अध्ययन हो

जुन वाक्यको धारणाभन्दा स्वतन्त्र रहेको हुन्छ' (ढुङ्गेल, २०६८ : १९७) । सङ्कथनभित्र लामा पाठहरूको अध्ययन गरिन्छ र मुख्यतः यो पाठ र सन्दर्भबीच रहेको अन्तर सम्बन्धको अध्ययन गरिन्छ ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम्.एड् दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि तयार पारिएको हो । यस अध्ययन भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' या उनकै 'मैयासाहेब' कथासङ्ग्रह (वि.सं. २०१७) मा सङ्कलित उत्कृष्ट रचना हो । मनोवैज्ञानिक कथाकार भिक्षुले कोटलाई राणाशासनको प्रतीकको रूपमा उभ्याउँदै परिवर्तनलाई आत्मसात् गरी नगरी आउने घमण्डमा मख्ख रहने सामन्ती वर्गका व्यक्तिको मनोभावलाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको कथा हो । समयको गतिसँगै परिवर्तन हुन नसक्नेहरूले भोग्नुपर्ने दुर्दशाको यथार्थ प्रस्तुति यस कथामा रहेको पाइन्छ । प्रजातन्त्र आए पनि राणाहरूको सामन्ती मनोवृत्ति नहेटेको तथा उनीहरू वर्गीय स्वार्थ बचाउन प्रतिबद्ध रहेको वास्तविकता कथामार्फत् उद्घाटित भएको छ ।

प्रस्तुत कथाको सङ्कलन विश्लेषण गर्ने कार्य यस शोधपत्रमा गरिने छ । उक्त कथाको सङ्कथन सम्बद्धक र सम्बद्धनका आधारमा गरिएको छ । यस कथाको सङ्कथन विश्लेषण यसभन्दा पहिले कोही कसैबाट नभएको कारण यो अध्ययन उपयोगी छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधमा सङ्कथन विश्लेषणका लागि सैद्धान्तिक आधारको पुनरावलोकन गर्न 'माउजङ बाबुसाहेबको कोट' कथामा अभिव्यक्त भएका विषयवस्तु र विचार शृङ्खलालाई जोड्न आउने सम्बद्धक र सम्बद्धनको स्थिति के कस्तो छ भन्ने विषयलाई मुख्य समस्याका रूपमा लिइएको छ । प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) 'माउजङ बाबुसाहेबको कोट' कथामा के कस्ता सम्बद्धकहरू प्रयोग भएका छन् ?

ख) 'माउजङ बाबुसाहेबको कोट' कथामा के कस्ता सम्बद्धनहरू प्रयोग भएका छन् ?

## १.३ अध्ययन औचित्य र महत्त्व

भाषाविज्ञानको एउटा नवीन शाखा सङ्कथन विश्लेषण हो । यो प्रायोगिक भाषाविज्ञान भित्र पर्दछ । भाषामा अभिव्यक्तिको सम्प्रेषणका लागि भाषिक युक्तिहरू सम्बद्धक र सम्बद्धनको प्रयोग हुनु अनिवार्य छ । प्रस्तुत अध्ययन 'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषणमा केन्द्रित रहेको छ । यस अध्ययनमा सङ्कथन विश्लेषणका क्षेत्रमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ । यस अध्ययनबाट भाषा पाठ्यक्रमविद्हरूलाई उक्त पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्नमा, पाठ्यपुस्तक लेखकलाई उद्देश्यमूलक पाठ्यपुस्तक लेख्न, त्यस्तै

शिक्षक, कथाकार, विद्यार्थी, अनुसन्धानकर्ता, समालोचक एवम् भाषावैज्ञानिकहरूलाई यस अध्ययनले सहयोग गर्ने हुनाले यो अध्ययनको औचित्य तथा महत्व रहेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) 'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्न ।

ख) 'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्न ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनको परिसीमा निम्नानुसार गरिएको छ :

क) भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ ।

ख) 'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी विश्लेषण गर्ने कार्यमा केन्द्रित रहेको छ ।

## अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### २.१ पूर्वकार्यको समीक्षा

सङ्कथन विश्लेषणका क्षेत्रमा भए गरेका अध्ययन तथा अनुसन्धानहरू निम्नानुसार रहेका छन् ।

लामिछाने (२०६६ : ७१) द्वारा सामान्य र प्रायोगिक भाषाविज्ञान पुस्तकमा सङ्कथनका बारेमा चर्चा गरिएको छ। उक्त पुस्तकमा वाक्य वाक्य मिलेर अनुच्छेदको निर्माण हुन्छ भने अनुच्छेद अनुच्छेदको अन्वयद्वारा सङ्कथनको निर्माण हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। साथै एउटा कृतिले पूर्णता प्राप्त गर्न रूप, शब्द, वाक्यांश, वाक्य र अनुच्छेदको क्रमबद्ध आबद्धता हुनुपर्दछ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

ढुङ्गेल र अन्य (२०६८ : १९५) द्वारा प्रायोगिक भाषाविज्ञान पुस्तकमा सङ्कथन विश्लेषणका परम्परा र विकासको बारेमा चर्चा गरिएको छ। यस पुस्तकमा सन् १९७० को दशकमा सङ्कथन विश्लेषण पद्धतिको विकास भएको र मानिसले बोलिरहेको बोलाइ वा लिखित संवादको अध्ययन गर्न थालिएको तथा पारस्परिक भाषिक वा भाषा वैज्ञानिक शैली नअपनाईकन सङ्कथनका बृहत् एकाइहरू जस्तै प्रत्येक शब्दहरू वा वाक्यांशलाई वास्ता गरिँदैन थियो भन्ने कुरा उल्लेख गरिएको छ ।

भण्डारी र अन्य (२०६८ : १६७) द्वारा प्रायोगिक भाषाविज्ञान भन्ने पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा उल्लेख गरिएको छ। यसमा सङ्कथन विश्लेषण भाषावैज्ञानिक अध्ययन विविध पद्धतिबाट प्रभावित हुँदै गएको पाइन्छ भनी उल्लेख गरिएको छ। साथै उक्त पुस्तकमा सङ्कथन विश्लेषण र चरण (तथ्याङ्क सङ्कलनन र तथ्याङ्क विश्लेषण) का बारेमा उल्लेख गरिएको छ। साथै सङ्कथनका प्रकार (कथ्य, लेख्य तथा सङ्कथनमा सम्बद्धक र सम्बद्धनको भूमिका, सङ्कथनका तत्त्वहरू (प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक, कोड, परिवेश) आदिको पनि चर्चा गरिएको छ ।

न्यौपाने र अन्य (२०६९ : १४५) द्वारा सामान्य भाषाविज्ञान पुस्तकमा सङ्कथनका बारेमा उल्लेख गरिएको छ। उक्त पुस्तकमा वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन भनिन्छ भनी उल्लेख गरिएको छ। साथै यसमा वाक्य, प्रकरण, अनुच्छेद, परिच्छेदजस्ता एकाइहरू सङ्कथनका संरचक तत्त्वहरू हुन् भनी प्रस्तुत गरिएको छ। उक्त पुस्तकमा सङ्कथनका प्रकारहरू (कथ्य, लेख्य) को चर्चा गरिएको छ। साथै सङ्कथनमा रहेका विभिन्न उक्तिहरूलाई अन्वितिपूर्ण बनाउन विशेष भूमिका खेल्ने सम्बद्धक र सम्बद्धनको बारेमा पनि उल्लेख गरिएको छ ।

पौडेल (२०६९ : १५) द्वारा प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू भन्ने पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा उल्लेख गरिएको छ। यस पुस्तकमा सङ्कथनको सैद्धान्तिक अवधारणा, सङ्कथनका प्रकारहरू (कथ्य, लेख्य), सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बद्धन) को भूमिकाको बारेमा चर्चा गरिएको छ। साथै उक्त पुस्तकमा सङ्कथनका तत्त्वहरू (प्रस्तोता, बोद्धा, माध्यम, सूचनाको स्वरूप, शीर्षक, कोड, परिवेश) आदि कुराहरूको चर्चा गरिएको छ।

रेग्मी (२०७१) द्वारा 'त्यसरी बाँचेको छ : त्यसरी नै' कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधपत्र तयार पारेका छन्। उक्त अध्ययनका उद्देश्यहरूमा (क) 'त्यसरी बाँचेको छ : त्यसरी नै' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गर्नु, (ख) 'यसरी बाँचेको छ : त्यसरी नै' कथामा प्रयुक्त सम्बद्धनहरूको स्थिति पत्ता लगाउनु रहेका छन्। यस शोधकार्यमा प्रस्तुत कथाको एक अनुच्छेददेखि पन्ध्रौं अनुच्छेदसम्म प्रयुक्त भएका सम्बद्धक र सम्बद्धनको पहिचान तथा विश्लेषण गरिएको छ। साथै उक्त अध्ययनमा प्रत्येक अनुच्छेदमा भएका सम्बद्धक र सम्बद्धनलाई छुट्टै तालिका बनाई तालिकीकरण गरिएको छ। त्यसै गरी प्रस्तुत शोधपत्रमा कथामा सम्बद्धक र सम्बद्धनको प्रयोग उपयुक्त रहेको तथा कुनै पनि पाठको विश्लेषणमा उच्च रैखिक कथानक नभए पनि पाठमा आएका सन्दर्भबाट पाठको अर्थ पहिल्याउन सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ।

भण्डारी (२०७३) द्वारा 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ। उक्त अध्ययनका उद्देश्यहरूमा (क) सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्न, (ख) 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु, (ग) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु, (घ) सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेका छन्।

यस अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। प्रस्तुत शोधमा निबन्धको वाक्य सङ्ख्या एकदेखि एकसय दश वाक्यसम्मका बीचमा रहेका सम्बद्धकहरूको पहिचान, विश्लेषण र तालिकीकरण बीचमा रहेका सम्बद्धकहरूको पहिचान, विश्लेषण र तालिकीकरण गरिएको छ। साथै उक्त अध्ययनमा नाक्यांनङ्या एकदेखि एकसय दश वाक्य सङ्ख्याका बीचमा रहेका सम्बद्धनहरूको पहिचान, विश्लेषण तथा तालिकीकरण गरिएको छ। प्रस्तुत अध्ययनबाट उक्त निबन्धमा सम्बद्धकको प्रयोग, उपयुक्तता र पाठको उनाइ एवम् बुनाइका दृष्टिले उपयुक्त रहेको तथा सम्बद्धन प्रयोगका दृष्टिले पनि अन्वितिपूर्ण नै रहेको अनि निबन्ध सरल वाक्य गठन र अभियात्मक प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध्य रहेको निष्कर्ष निकालिएको छ।

घिमिरे (२०७४) द्वारा 'सपरिवार छोराले देश छाडेको रात' मनोवादको सङ्कथन विश्लेषण शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ। प्रस्तुत शोधका उद्देश्यहरूमा (क) 'सपरिवार छोराले देश छाडेको रात' मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु, (ख) उक्त मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु, (ग) मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता केलाउनु रहेका छन्। यस अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ। यस अध्ययनबाट प्रस्तुत मनोवादमा आवश्यक मात्रामा उपयुक्त ढङ्गले नै सम्बद्धकहरूको प्रयोग गरिएको तथा सम्बद्धनका दृष्टिले पनि उपयुक्त रहेको निष्कर्ष निकालिएको छ।

यसरी सङ्कथन विश्लेषणका क्षेत्रमा केही अध्ययन अनुसन्धानहरू भएको पाइन्छ। यस अध्ययनले सङ्कथन विश्लेषणका क्षेत्रमा सहयोग पुग्ने विश्वास गरिएको छ। यसरी हेर्दा उल्लिखित शीर्षक एवम् विषयमा अध्ययन कार्य सम्पन्न भए पनि भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' (मैयासाहेब कथासङ्ग्रह) वि.सं. २०१७, कथाको सङ्कथन विश्लेषण अन्तर्गत सम्बद्धक र सम्बद्धनको विश्लेषण कोही कसैबाट पनि हालसम्म नभएकाले यससँग सम्बन्धित जानकारीहरू हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## २.२ पूर्वकार्यको उपयोगिता

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्न भोजराज ढुङ्गेल, दुर्गाप्रसाद दाहालको प्रायोगिक भाषाविज्ञान, टङ्कप्रसाद न्यौपाने, पारसमणि भण्डारी, दीपक न्यौपाने, तुलसीराम घिमिरेको सामान्य भाषाविज्ञान, माधवप्रसाद पौडेलको प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू, पारसमणि भण्डारी र अन्यको प्रायोगिक भाषाविज्ञान, यादवप्रकाश लामिछानेको सामान्य र प्रयोगिक भाषाविज्ञान एवम् विद्यादेवी भण्डारीको 'अछुत जातीलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण, ध्रुव रेग्मीको 'त्यसरी बाँचेको छ : त्यसरी नै' कथाको सङ्कथन विश्लेषण, विकास घिमिरेको 'सपरिवार छोराले देश छोडेको रात' मनोवादको सङ्कथन विश्लेषण आदि शोधपत्रको ग्रहण अध्ययन गरिएको छ। यसरी पूर्वकार्यको अध्ययनबाट निम्नलिखित कार्यमा सहयोग पुग्ने देखिन्छ। क) अध्ययनको सैद्धान्तिक धारणा निर्माण गर्न सहयोग पुग्ने, ख) समस्यालाई विशिष्टिकरण गर्न, ग) उद्देश्य निर्धारण गर्न, घ) शीर्षकमा पुनरावृत्ति हुनबाट जोगाउन, ङ) विधि निर्धारणमा सहयोग एवम् तथ्याङ्कन सङ्कलनका आवश्यक स्रोत पहिचान गर्न, यिनै कार्यमा सहयोग पुग्ने भएकाले पूर्वकार्यको उपयोगिता स्पष्ट झल्किन्छ। अन्य क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणमा कम मात्रामा अध्ययन भएको पाइन्छ। तसर्थ भवानी भिक्षुले 'माउजङ

बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण कोही कसैबाट नगरिएकाले यस अध्ययनको उपयोगिता स्वतः सिद्ध हुन्छ ।

प्रस्तुत 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषणबाट सङ्कथन सम्बन्धी स्पष्ट हुन शिक्षक, विद्यार्थी तथा अन्य पाठक वर्गलाई समेत उक्त कृतिमा भाषिक विशिष्टताको पहिचान गर्न एवम् लेखकहरूलाई कृतिको कमीकमजोरी पत्ता लगाई सुधार गर्न, त्यसैगरी कृतिको सङ्कथन विश्लेषण गर्न चाहने समालोचकहरूको लागि पनि सहयोग पुग्दछ ।

## २.३ सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा

### २.३.१ सङ्कथनको परिचय

वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन भनिन्छ । यसले वाक्यभन्दा माथिको भाषाको प्रयोग विस्तारलाई जनाउँछ । यो पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो (न्यौपाने र अन्य, २०६९ : २१) । सङ्कथन सम्बन्धी अवधारणाको प्रारम्भमा यसलाई कथ्य भाषाका कथन घटनासँग सम्बन्धित सिङ्गो अभिव्यक्ति मानिन्थ्यो ।

यो एक वाक्यदेखि अनेक वाक्यसम्म विस्तारित भएका हुन्छन् । पूर्णता, अर्थयुक्ता, संम्प्रेषणीयता, अन्विति जस्ता गुणहरू सङ्कथनका विशेषताका रूपमा लिइन्छ ।

सङ्कथन शब्द प्राश्चात्य प्रायोगिक भाषिक परम्पराको दिन हो । सङ्कथनलाई चिनाउन कसैले कथ्य अभिव्यक्तिलाई त कसैले लेख्य अभिव्यक्तिलाई बढी जोड दिएका छन् । डिस्कोर्स शब्दको प्रथम प्रयोग जेलिङ ल्यारिसले गरेका हुन् (पौडेल, २०६९ : १७) । ल्याटिन भाषाको डिस्कर्सबाट डिस्कोर्स शब्द बनेको हो । डिस्कोर्सको अर्थ दौडनु, अघि पछि गर्दै दौडनु वा दौडिरहनु भन्ने हुन्छ ।

सङ्कथनको विकास कथ्य अभिव्यक्तिबाट भएको हो । सुरुमा सङ्कथनले सम्भाषण र अन्तर्वार्ताहरूलाई मात्र बुझाउँथ्यो पछि बिस्तारै लेख्य अभिव्यक्तिलाई पनि बुझाउन थाल्यो । हाल आएर कथ्य र लेख्य दुवै प्रकारका अभिव्यक्तिलाई सङ्कथन अन्तर्गत राखेर अध्ययन गरिएको पाइन्छ ।

यसरी वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन भनिन्छ । यसले वाक्यभन्दा माथिको भाषिक प्रयोग विस्तारलाई जनाउँछ । यो पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । वाक्य प्रकरण, अनुच्छेद, परिच्छेद जस्ता एकाइहरू सङ्कथनका संरचक तत्त्वहरू हुन् । सङ्कथनमा विभिन्न किसिमका उक्तिहरू रहेका हुन्छन् । ती उक्तिहरूलाई अन्वितिपूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनको विशेष भूमिका रहन्छ । वाक्य वा वाक्यभन्दा माथिल्लो भाषिक एकाइहरूका बीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्त्वलाई सम्बद्धक

भनिन्छ। यो वाक्यहरूका बीच शृङ्खला वा अन्विति जनाउन आउने एक किसिमको युक्ति हो। अभिव्यक्तिको वैचारिक सिलसिलालाई सम्बद्धन भनिन्छ। यसलाई अनुक्रममा आएका कथनहरू भन्न सकिन्छ। यसरी वाक्यभन्दा उपल्लो सम्बद्धक र सम्बद्धनयुक्त पूर्ण र सिङ्गो भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ।

### २.३.२ सङ्कथनको परिभाषा

सङ्कथनका सम्बन्धमा विभिन्न विद्वानहरूले परिभाषा दिएर प्रष्ट पार्ने प्रयास गरेका छन् (ढुङ्गेल र अन्य, २०६८ : १९५ र भण्डारी र अन्य, २०६८ : १७०) का अनुसार सङ्कथनका परिभाषाहरू यसप्रकार छन् :

१. "सङ्कथन सामर्थ्य भाषिक सामर्थ्यको एउटा अंश हो।"

- चम्स्की

२. "सङ्कथन भाषाका त्यो अध्ययन हो, जुन वाक्यको अवधारणासँग सम्बन्धित रहेको हुँदैन।"

- माइकल म्याकार्थी

३. "सङ्कथनलाई सङ्कीर्ण अर्थमा लिँदा यो एउटा व्यक्तिगत वा एकल वक्ताको भनाइसँग सम्बन्धित छ।"

- एक्माजिन

४. "दर्शनशास्त्र, राजनीतिशास्त्र, साहित्य वा धर्मशास्त्रका विषयमा बोलिएका र लेखिएका कुराहरूको छलफल नै सङ्कथन हो।"

- डिक्सनरी अफ लिटरारी टर्म्स

५. "सम्प्रेषण कार्यको परिणामस्वरूप उत्पादित भाषालाई सङ्कथन भनिन्छ।"

- लङ्गम्याग डिक्सनरी अफ अप्लाइड लिङ्गिहिटन्स

६. "सङ्कथनलाई भाषिक सङ्केतको उत्पादनको रूपमा हेर्नुपर्दछ।"

- एलेन र कर्डर

माथिका विभिन्न विद्वानहरूले दिइएका परिभाषाका आधारमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो। सङ्कथनमा पूर्णता रहेको हुन्छ। सङ्कथनमा कथ्य र लेख्य माध्यमहरू हुन्छन्। सङ्कथन औचित्यपूर्ण र अर्थपूर्ण हुन्छ।

### २.३.३ सङ्कथनका प्रकारहरू

सङ्कथनलाई विभिन्न भाषाविदहरूले भिन्नभिन्न प्रकारमा वर्गीकरण गरेका छन्। सामान्यतया सङ्कथनलाई सामान्य र विशिष्ट भनेर वर्गीकरण गरेको पाइन्छ। सामान्य सङ्कथन अन्तर्गत कथ्य सङ्कथन, लेख्य सङ्कथन, औपचारिक सङ्कथन, अनौपचारिक सङ्थकन अन्तर्गत

विभिन्न विषय क्षेत्र (धार्मिक, साहित्यिक, कानुनी, व्यापारिक आदि) अन्तर्गत पर्दछन् । खास गरी यी सबै सङ्कथनका प्रकारहरूलाई कथ्य र लेख्य सङ्कथनमा समेट्ने हुनाले सोही अनुरूप सङ्कथनका प्रकार उल्लेख गरिन्छ । (भण्डारी र अन्य (२०६८ : १७२) का अनुसार सङ्कलनका प्रकारहरू निम्नानुसार छन् ।

### २.३.३.१ कथ्य सङ्कथन

कथ्य सङ्कथन मौखिक भाषाको कथन प्रक्रियासँग सम्बन्धित छ । कुनै निश्चित विषयमा वक्ता र स्रोताको उपस्थितिमा वा सञ्चारका साधन प्रयोग गरी अर्थपूर्ण ढङ्गले गरिने विचारको आदानप्रदानलाई कथ्य सङ्कथन भनिन्छ। यो अनौपचारिक किसिमको रहने गर्दछ। कथ्य सङ्कथनमा छलफल, गफ, संवाद, वादविवाद, बधाई ज्ञापन पर्दछन् । यो साक्षर र निरक्षर दुवैले प्रयोग गर्न सक्छन् । वक्ता र स्रोता आम्ने सामुन्ने सम्पन्न गरिने प्रक्रिया भएकाले भाषेतर हाउभाउ, मुखमुद्रा, आरोह र गति, यतिले पनि प्रभाव पार्छ । कथ्य भाषा भाषाकै जिवन्त स्वरूप भएकाले कथ्य, सङ्कथनलाई लिखितभन्दा महत्वपूर्ण मानिन्छ। कथ्य सङ्कथनमा अव्याकरणीय वाक्यको समेत प्रयोग गर्न सकिन्छ । कथ्य पाठमा विशेषतः कथनका घटनाहरू, गफ, कुराकानी, गाली, गलोज, ठट्यौली, भाषण जस्ता छोटा चुट्का र मौखिक अभिव्यक्तिहरू पर्दछन् (भण्डारी र अन्य, २०६८ : १६) ।

### २.३.३.२ लेख्य सङ्कथन

भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित अथवा लेखक र पाठकसँग सम्बन्धित सङ्कथनलाई लेख्य सङ्कथन भनिन्छ। यसअन्तर्गत लिखित रचनाहरू वा सूचनाहरू लेख्य सङ्कथनका स्वरूप हुन्छन् । जहाँ विचारको पूर्णता प्रकट भएको पाइन्छ। यसमा थेगो, अपूर्ण वाक्यको प्रयोग रहँदैन । लेख्य सङ्कथनमा लेखकका सामुन्ने पाठकको उपस्थिति रहँदैन । कथ्य सङ्कथनमा झैं लेख्य सङ्कथनमा कुनै गल्ती भए सच्याउन तत्काल मौका पाइँदैन । लेखकले पाठकलाई स्पष्टिकरणको मौका पनि प्राप्त हुँदैन । कथ्य सङ्कथनमा भन्दा लेख्य सङ्कथनमा बढी विशिष्ट र औपचारिक भाषाको प्रयोग हुन्छ । कथा, कविता, निबन्ध, नाटक, एकाङ्की, उपन्यास, मनोवाद, टिप्पणी, जीवनी, नियात्रा, संस्मरण, चिठी, भरपाई, रसिद, निमन्त्रणा आदि विधाहरू लेख्य सङ्कथनमा पर्दछन् (पौडेल, २०६९ : २१)। यसमा लेखकको मौलिकता, चिन्तनशीलता, बौद्धिकता, भाषिक सामर्थ्य, सिर्जनात्मक जस्ता टड्कारो रूपमा रहन्छन् । लेख्य सङ्कथनमा मानक, स्तरीय, व्याकरणिक दृष्टिले उपयुक्त र औपचारिक भाषाको प्रयोग हुने गर्दछ। त्यसैले कथ्य भाषाको तुलनामा कम मानिसले लेख्य सङ्कथनको प्रयोग गरेको पाइन्छ । लेख्य सङ्कथनको

बोधका लागि साक्षर व्यक्तिको आवश्यकता पर्दछ । सामान्य मानिसले लेख्य सङ्कथन बुझ्न कठिन पर्छ । कथ्य सङ्कथनको तुलनामा कम मानिसले लेख्य सङ्कथनको प्रयोग गरेको पाइन्छ ।

## २.४ सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू

सङ्कथन विश्लेषण गर्दा पाठको प्रकृतिका आधारमा कहाँबाट सुरु गर्ने र कसरी अघि बढ्ने भन्ने प्रश्नको उत्तर नै सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषणका क्रममा भाषिक र अर्थगत संरचनाको खोजी गर्नुपर्छ । यसरी भाषिक र अर्थगत एकाइको खोजी गर्ने क्रममा वाक्य हुँदै पाठतिर जाने, पाठ हुँदै वाक्यतिर जाने वा जहाँ आवश्यक पर्छ त्यहीँबाट विश्लेषण गर्ने सिद्धान्त वा पद्धतिहरू विकसित भएका छन् । पाठमा प्रयुक्त घटकहरूको बाह्य संरचना तिनको आन्तरिक विश्लेषणमा हुन्छ । यसले भाषाको प्रयोग भाषिक एकाइबीचको सम्बन्ध र भाषिक सक्षमताका विषयमा वर्णन गर्दै सफल सङ्कथन विश्लेषणका अवस्थाहरूको वर्णन गर्दछ । भण्डारी (२०७३ : २०) का अनुसार सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू निम्नानुसार रहेका छन् ।

### २.४.१ ऊर्ध्वगमन पद्धति

यस पद्धतिको विकास क्याम्बोर्न, नुनान र गाइ कुकले गरेका हुन् । सङ्कथन विश्लेषणको यो पद्धति विशिष्टबाट सामान्यतिर जाने पद्धति हो । सङ्कथन विश्लेषणका क्रममा वाक्य हुँदै पाठतर्फ जाने अध्ययन पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । तलबाट माथितिर जाने भएकाले यसलाई उर्ध्वगमन भनिएको हो । यसमा वाक्य हुँदै पाठसम्मको विश्लेषण गरिन्छ । यसमा भाषाका सबैभन्दा साना, विशिष्ट एकाइहरूको अध्ययन गरिन्छ । क्रमशः भाषाका ठूला एकाइहरूको अध्ययन गरिन्छ । पाठमा रहेका वाक्य, अनुच्छेद, परिच्छेद हुँदै समग्र पाठको अध्ययन विश्लेषण गरिन्छ । यो साना एकाइको विश्लेषण गर्दै ठूला एकाइको खोजी र विश्लेषणतर्फ केन्द्रित पद्धति हो ।

### २.४.२ अधोगमन पद्धति

यस पद्धतिको विकास डेभिड, नुनान, क्याम्बोर्न र गाइ कुकले गरेका हुन् । सङ्कथन विश्लेषणका क्रममा सामान्य पक्षको विश्लेषण गर्दै विशिष्टतिर जाने पद्धति नै अधोगमन पद्धति हो । यस पद्धतिमा माथिल्ला भाषिक एकाइबाट क्रमशः तल्ला भाषिक एकाइतर्फ केन्द्रित गरिन्छ । यो पद्धति माथिबाट तल जाने पद्धति हो । यसलाई सामान्यबाट विशिष्टतिर अध्ययन पद्धति हो । यसमा सर्वप्रथम ठूला भाषिक एकाइहरूको विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः साना भाषिक एकाइहरूको विश्लेषण गरिन्छ । यसमा पाठ, परिच्छेद, अनुच्छेद, वाक्य हुँदै अध्ययन गरिन्छ ।

### २.४.३ अन्तर्क्रियात्मक पद्धति

यस पद्धतिको विकास रसियन भाषाशास्त्री स्टानेभियले सन् १९८० तिर विकास गरेका हुन् । ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका कतिपय कमीकमजोरीका कारण पाठको

विश्लेषणका क्रममा समस्या आएपछि यस पद्धतिको विकास भएको हो । स्टानोभिचका अनुसार सङ्कथन जस्तो होइन बरु यो त एक अर्न्तक्रियात्मक प्रक्रिया हो । यस पद्धतिलाई मिश्रित पद्धति पनि भनिन्छ । यस पद्धतिमा एकएक तहमा भएका कमीकमजोरीलाई अर्को तहमा पूरा गर्न सकिन्छ । यसले आवश्यकता अनुसार पाठको विश्लेषण जुनसुकै एकाइबाट गर्छ । तलबाट माथितिर वा माथिबाट तलतिर विश्लेषण गरिन्छ ।

**२.५ सङ्कथनका तत्त्वहरू**

कुनै पनि सङ्कथनलाई पूर्ण अभिव्यक्तिको रूप दिन विभिन्न पक्षहरूले भूमिका खेलेका हुन्छन् । ती भूमिका खेल्ने तिनै विविध पक्षहरू सङ्कथनका तत्त्व हुन् ती तत्वहरू निम्नानुसार रहेका छन् (पौडेल, २०६९ : २९) ।

**२.५.१ प्रस्तोता**

प्रस्तोतालाई वक्ता पनि भनिन्छ । प्रस्तोता सङ्कथनको अनिवार्य तत्त्व हो । कथ्य सङ्कथनमा वक्ताको रूपमा प्रस्तोता उपस्थित हुन्छ । त्यस्तै लेख्य सङ्कथनमा प्रस्तोता लेखकका रूपमा उपस्थित हुन्छ । प्रस्तोता आफ्ना अभिव्यक्ति बोद्धासमक्ष प्रस्तुत गर्दछ ।

**२.५.२ बोद्धा**

प्रस्तोताले प्रस्तुत गरेको कुरालाई ग्रहण गर्ने व्यक्तिलाई बोद्धा भनिन्छ । यसले कथ्य सङ्कथनमा स्रोताको भूमिका निर्वाह गर्दछ भने लेख्य सङ्कथनमा पाठकको भूमिका निर्वाह गर्दछ । कथ्य सङ्कथनमा प्रस्तोता र बोद्धाको भूमिका गतिशील हुन्छ भने लेख्य सङ्कथनमा यी दुईबीचको भूमिका स्थिर हुने गर्दछ ।

**२.५.३ माध्यम**

सङ्कथनको सूचना प्रवाह गर्ने मार्गलाई माध्यम भनिन्छ । यसले प्रस्तोता र बोद्धाबीच सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण कार्य गर्दछ । कथ्य र लेख्य माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । विभिन्न सञ्चार माध्यम, चिठीपत्र आदिका माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । विभिन्न सङ्केत चिह्न पनि सङ्कथनका माध्यमका रूपमा प्रयोग हुन्छन् ।

**२.५.४ सूचनाको स्वरूप**

सूचनाको स्वरूपअनुसार सङ्कथनमा फरकपना आउँछ । छलफल, ठट्टा, गफ, चिठी, वादविवाद, विज्ञापन आदिमा एकै खालका विषयवस्तुलाई भिन्नभिन्न ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । यी विषयले पनि सङ्कथनमा प्रभाव पार्दछन् । दृष्टिबिन्दुले पनि सङ्कथनको स्वरूपमा विविधता ल्याउन सक्छ । यसले विषयवस्तुको सङ्कथनमा सरलता, जटिलता, सघनता, शिथिलता समेत देखाउँछ ।

### २.५.५ शीर्षक

कुनै पनि पाठको केन्द्रित अभिव्यक्ति नै त्यसको शीर्षक हो । यसलाई विषयका रूपमा उल्लेख गरिन्छ । शीर्षक विषय प्रधान, चरित्र प्रधान हुन सक्छन् । त्यस्तै कुनै शीर्षक वर्णनात्मक, नाट्यात्मक, विवरणात्मक, सूचनात्मक हुन्छन् । जुन शीर्षक सङ्कथनको महत्वपूर्ण तत्व हो ।

### २.५.६ कोड

कोडको छनोटबाट सङ्कथनमा भिन्नता आउन सक्छ । कुनै सङ्कथन मानक कोडमा प्रस्तुत गरिएको हुन्छ भने कुनै सङ्कथन स्थानीय भाषिक कोडमा पनि प्रस्तुत भएको हुन्छ । कोडले पनि सङ्कथन निर्माणमा विशेष भूमिका खेलेको पाइन्छ ।

### २.५.७ परिवेश

विषयवस्तुको प्रसङ्गसँग आबद्ध परिवेशले पनि सङ्कथनको महत्वपूर्ण तत्वको रूपमा भूमिका खेलेको पाइन्छ । बैठक, सभा समारोह, गोष्ठी, घरपरिवार, बजार औपचारिक वा अनौपचारिक स्थितिका विविध सामाजिक सन्दर्भका साथै स्थान र समयको भिन्नता तथा त्यस्ता भौतिक अवस्थितिले पनि परिवेशको भिन्नतालाई प्रतिबिम्वित गर्दछ । परिवेश भाषिक र अभाषिक गरी दुई प्रकारका हुन्छन् । विश्लेषित सङ्कथनको ठीक अगाडि वा पछाडिको परिवेशलाई भाषिक परिवेश भनिन्छ । साथै जुन परिवेशमा विश्लेषण गरिने सङ्कथनको प्रयोग हुन्छ त्यसलाई अभाषिक परिवेश भनिन्छ ।

## २.६ सङ्कथनका युक्तिहरू

सङ्कथन सम्प्रेषणको प्रक्रिया हो । सङ्कथन सम्प्रेषणिय बन्नका लागि सङ्कथन निर्माणमा प्रयुक्त भाषिक घटकहरूको बाह्य तथा आन्तरिक रूपमा उचित संयोजक हुनुपर्दछ । सङ्कथनमा भाषिक अभिव्यक्तिहरूलाई भाषाको एकाइभित्र उन्न शृङ्खलित तथा अन्वितिपूर्ण बनाउन प्रयोगमा आउने तत्त्वलाई सङ्कथनको युक्ति भनिन्छ । सङ्कथनमा युक्तिहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

### २.६.१ सम्बद्धक

औपचारिक सम्बन्धहरू विविध प्रकारका अन्तर उपवाक्यहरू र अन्तर वाक्यहरू सङ्कथनभित्र हुन्छन् भने त्यसलाई सम्बद्धक भनिन्छ । सङ्कथन निर्माणमा प्रयुक्त भाषिक घटकहरूलाई आपसमा सम्बद्ध बनाउन संरचनात्मक र कोशीय शब्दहरू नै सम्बद्धक हुन् । सङ्कथनात्मक अभिव्यक्तिलाई गाँस्ने र भाषिक संरचनामा सैद्धान्तिक प्रकृतिको सङ्कथनको निर्माण गर्न सघाउने हुँदा सम्बद्धक बिनाको सङ्कथन सङ्कथनको स्वरूप नरहेर शब्दको सङ्ग्रह

वा वाक्यको सूचीका रूपमा मात्र रहने भएकाले यसको आवश्यकता पर्छ । सङ्कथनले वाक्यभित्र र वाक्यहरूका बीचमा शृङ्खला बनाउने, भाषिक एकाइलाई आपसमा जोड्ने, सङ्गठित बनाउने, सङ्कथनले व्यक्त गर्न चाहेको भावना र विचार व्यवस्थित बनाउने, छोट्याउने, बिस्तार गर्ने, वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूबीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ । यसले भाषिक एकाइको पुनरावृत्तिलाई कम गरी सङ्कथनलाई व्यवस्थित बनाउँछ । वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिका, देशिक आदि भाषिक तत्वलाई सम्बद्धकका रूपमा लिइन्छ (अधिकारी, २०६७ : २५२) । यसलाई व्याकरणिक र कोशीय गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गरिन्छ ।

**क) व्याकरणिक सम्बद्धक**

व्याकरणिक सम्बद्धक व्याकरणिक कार्यसँग सम्बन्धित हुन्छ । निर्देशक कोटी, सर्वनाम, संयोजक जस्ता अशाब्दिक वा कोशीय अर्थ नभएका एकाइहरूले व्याकरणात्मक प्रकार्य पूरा गरेका हुन्छन् (न्यौपाने, २०७४ : २३) । सङ्कथनमा वाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध जनाउने सम्बद्धक व्याकरणिक सम्बद्धक हुन् । त्यस्ता सम्बद्धक खास सन्दर्भमा प्रयोग भई सन्दर्भगत अर्थ प्रदान गर्दछन् । त्यस्ता व्याकरणिक सम्बद्धकहरू निम्नानुसार छन् ।

**अ) सार्वनमिक सम्बद्धक**

पाठको निर्माणमा प्रयुक्त सर्वनाम शब्द नै सार्वजनिक सम्बद्धक हुन् । यसको आफ्नो निजी अर्थ हुँदैन तर वाक्यको प्रसङ्ग अनुसार यिनी अर्थपूर्ण भएर आएका हुन्छन् । यस्तो सार्वनामिक सम्बद्धक जनाउने शब्दको पाठमा व्यक्त भाव वा विचारलाई सङ्गठित बनाउने तथा कार्यकारी शृङ्खलामा बाँध्ने र पाठलाई सन्दर्भयुक्त बनाउने काममा सहयोग पुऱ्याउँदछन् ।

यस्ता सम्बद्धक पाठमा वाक्यान्तरिक र अन्तवाक्यीय दुवै रूपमा आउन सक्छन् । पाठभित्र सङ्कथन विश्लेषणले अग्रसन्दर्भक र पश्चसन्दर्भकका रूपमा काम गरेका छन् । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पाठको पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरुमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएमा त्यहाँ अग्रसन्दर्भक हुन्छ भने पहिला सामान्य शब्द दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पञ्चसन्दर्भक हुन्छ ।

**आ) स्थानिक सम्बद्धक**

पाठमा रहेका स्थान र परिवेशलाई बुझाउने सम्बद्धक नै स्थानिक सम्बद्धक हुन् । स्थान र परिवेश बुझाउने तलमाथि, यहाँ, त्यहाँ, कता, भित्र, बाहिर, अगाडि, पछाडि, घरमा, जङ्गलमा आदि स्थानिक सम्बद्धक हुन् । यस्ता सम्बद्धकले पाठलाई परस्पर जोडेका हुन्छन् ।

**इ) संयोजक**

दुई वा दुईभन्दा बढी शब्द पदावली, उपवाक्य र वाक्यलाई परस्परमा जोड्ने भाषिक जोर्नीलाई संयोजक भनिन्छ। संयोजकलाई कालवाचकता, स्थानवाचकता, व्यतिरेकिवाचकता, विकल्पवाचकता, विरोध सूचकता, परिणामवाचकता, समाधीकरण सूचकता, कारणवाचकता, प्रयोजनवाचकता, सम्बन्धवाचकता आदिमा वर्गीकरण गरिएको पाइन्छ। नेपाली भाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् ।

**ई) कालिक सम्बद्धक**

सङ्कथनमा कुनै घटनाको समय बुझाउन प्रयोग भएका सम्बद्धक नै कालिक सम्बद्धक हुन् । कालिक सम्बद्धकका रूपमा नामयोगी र क्रियायोगी आउने गर्दछन् । भरे, हिजो, भोली, पोहोर, अस्ति, परार २००९, साँझ आदि कालिक सम्बद्धक हुन् । त्यसैगरी नजिक, सरम, यता, उठा, बीच, नजिक, तिर, भित्र जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुवै सम्बद्धकका रूपमा प्रयोग हुन्छन् ।

**उ) प्रतिस्थापन**

पाठमा अघिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरू नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन, एउटै भाषिक एकाइको पटकपटक हुने आवृत्तिबाट बचाउन, लामा लामा पदावली तथा उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग पुऱ्याउँछ । प्रतिस्थापन नामिक, क्रियाको, उपवाक्यको गरी तीन स्तरमा रहन सक्छन् । प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीका रूपमा काम गरेका हुन्छन् ।

**ऊ) लोप**

पाठमा अभिव्यक्तिकर्ताले अघिल्लो वाक्यमा प्रयोग भएका कुनै भाषिक एकाइको प्रयोग पछिल्लो वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्दर्भ र प्रसङ्गबाट खुल्न गएमा त्यहाँ लोपको स्थिति हुन्छ । कुनै स्थितिमा लेखक र पाठक निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समामनताले गर्दा पनि लोपको स्थिति देखापर्दछ । पाठभित्र विभिन्न प्रकारका लोपहरू रहेका हुन्छन् । नामिक पदको लोप, क्रियाको लोप, उपवाक्यको लोप,

संयोजकको लोप यी पनि पूर्ण र आंशिक रूपमा देखिन सक्छन् । अगाडि कुनै वाक्यमा प्रयोग नभएका भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन गएमा त्यहाँ पूर्ण लोप हुन्छ भने अघिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएमा आंशिक लोप बन्छ ।

**ए) निपात**

निपातले पनि भाषिक एकाइलाई अन्वितिपूर्ण बनाउन मद्दत गर्दछ । निपात भनेका वाक्यका खास शब्द वा सिङ्गो वाक्यमा आश्रित रही तिनमा निश्चय, आग्रह, बल, स्वीकृति, भाव थप गर्ने अङ्ग हुन् । यिनको स्वतन्त्र अर्थ हुँदैन । निपात भाषामा सीमित सङ्ख्यामा रहेका हुन्छन् । यस्ता निपातहरू केवल, नै, चाहिँ, मात्र, पनि, ल, है, नि, पो, क्या, कि, हँ, हगि, लौ, खै आदि हुन्छन् । यस्ता निपात वाक्यमा अग्र, मध्य वा अन्त्य जुनसुकै स्थानमा आउन सक्छन् ।

**ख) कोशीय सम्बद्धक**

कोशीय शब्द भन्नाले खासगरी नाम, विशेषण र क्रियालाई चिनिन्छ । अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । यिनको सङ्ख्या अनिश्चित हुन्छ । यस्ता कोशीय शब्द मुक्त वर्गका शब्द अन्तर्गत पर्दछन् । पाठमा यस्ता कोशीय शब्दलाई व्यवस्थित रूपले आपसमा मिलाएर राख्नाले कोशीय सम्बद्धकको सिर्जना हुन्छ । कोशीय सम्बद्धक निम्नलिखित रहेका छन् ।

**अ) पुनरावृत्ति**

सङ्कथनमा अघिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ । एउटै भाषिक एकाइको पटकपटक प्रयोगबाट पुनरावृत्तिको जन्म हुन्छ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति हुन्छ ।

**आ) पर्यायवाची**

एउटै अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । सङ्कथनमा यिनले विचारको शृङ्खला निर्माण गर्न सघाउ पुऱ्याउँछन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएमा पूर्ण पर्याय र आंशिक किसिमको अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन् । यस्ता शब्दले पाठलाई अर्थपूर्ण अन्वितिपूर्ण बनाउन सहयोग पुऱ्याउँछन् ।

**इ) विपरीतार्थी**

पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको प्रयोग भइरहेको हुन्छ । शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका

हुन्छन् । यस्ता शब्दले पाठमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्छन् ।

**ई) समावेशात्मकता**

धेरैवटा पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशले धेरैवटा पदलाई आफूसँग समावेश गर्न सक्छ भने साझा गुणसँग समावेश हुन सक्ने पदलाई समावेशित भनिन्छ । केटो, केटी, राम, हरी आदि मान्छे शब्दभित्र समावेश हुन्छन् । समावेशकताले पनि पाठमा जोर्नीको भूमिका निर्वाह गरेका हुन्छन् ।

**उ) सन्निधान**

कुनै पनि पद, पदावली, वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्छन् भने तिनलाई सन्निधान भनिन्छ । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । सम्बद्धकअन्तर्गत सन्निधानको पनि विश्लेषण गरिन्छ ।

**२.६.२ सम्बद्धन**

सम्बद्धक सतही तहमा संयोजन गर्ने कार्यसँग सम्बन्धित हुन्छ भने सम्बद्धनले चाहिँ विषयवस्तुको भित्री तहमा संयोजन गर्ने कार्य गर्दछ । अर्को शब्दमा भन्नुपर्दा सम्बद्धन पदहरूले आपसी पहुँच र धारणाको सम्बन्धता तथा सम्बन्धहरूसँग जोडिएको हुन्छ । सतही पाठमा लुकेर रहेको हुन्छ । जसलाई प्रत्यक्ष देखा सकिँदैन । सङ्कथनको मानसिक ढाँचाको दृष्टिकोण अनुसार भाषा प्रयोगकर्ताले त्यो लुकेर रहेको पाठको विषयवस्तुलाई आफ्नै किसिमले पुर्नरचना गर्दछ तर स्रोताले त्यसलाई कसरी पुर्नरचना गर्दछ त्यस कुरालाई प्रधानता दिइन्छ । यसरी पाठमा लुकेर रहेको प्रत्यक्ष रूपमा देख्न नसकिने भाषिक एकाइहरूबीचको आर्थी सम्बन्धलाइ सम्बद्धन भनिन्छ । सङ्कथनमा अन्तर्निर्हित विचार, भाव वा विषयवस्तुलाई आपसमा शृङ्खलित र अन्वितिपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्त्व नै सम्बद्धन हो । सम्बद्धनले सङ्कथनलाई अर्थको विशृङ्खलता, भग्नता र प्रसङ्गहीनता हुनबाट जोगाउँछ । यसरी सम्बद्धनले सङ्कथनमा विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ । यस्ता अर्थ सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ (पोखेल, २०६९ : २६) ।

**१. सामान्य विशिष्ट/विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा अघिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त भएको अवस्थालाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ । त्यस्तै पाठमा प्रयुक्त अघिल्लो वाक्य विशिष्ट र पछिल्लो वाक्य सामान्य भएमा यी दुईबीचको सम्बन्धलाई विशिष्ट सम्बन्ध भनिन्छ ।

**२. वर्गीकरण/कारणकार्य सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्य कार्यस्वरूप र पछिल्लो वाक्य कारणस्वरूप आएमा यी वाक्यका बीचको सम्बन्धलाई कार्यकरण सम्बन्ध भनिन्छ। त्यस्तै सङ्कथन प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्य कारणका रूपमा र पछिल्लो वाक्य कार्यका रूपमा आएमा यी वाक्यका बीचको सम्बन्धलाई कारणकार्य सम्बन्ध भनिन्छ।

**३. प्रभाव र प्रतीकको सम्बन्ध**

पाठमा प्रयुक्त भएको अघिल्लो भाषिक अभिव्यक्तिका प्रभावमा परेर त्यसको प्रतिफल स्वरूप पछिल्लो अभिव्यक्ति आएमा त्यसमा प्रभाव र प्रतिफलको सम्बन्ध भएको मानिन्छ।

**४. तुलनात्मक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै वस्तुको समानता, असमानता, उपयोगिता र अनुपयोगिता आदिको चर्चा गरिएको भए ती वाक्यका बीचको सम्बन्धलाई तुलनात्मक सम्बन्ध भनिन्छ।

**५. अप्रत्यक्ष सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै सम्बन्ध नरहे जस्तो लागे पनि कुनै न कुनै रूपमा सम्बन्धित हुँदै सहयोगात्मक भूमिका निर्वाह गर्दछन् भने ती वाक्यका बीचका सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ।

**६. आर्थी पर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बीचमा संरचनात्मक समानता नरहे पनि अर्थगत एकरूपता भएमा ती वाक्यका बीचको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध भनिन्छ।

**७. आर्थी विपर्यायको सम्बन्ध**

सङ्कथनमा रहेका वाक्यका बीच परस्पर विपरीत अर्थ आउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ।

**८. स्पष्टोक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यमध्ये अघिल्लो वाक्यका विषयको स्पष्टिकरणमा पछिल्लो वाक्य आएमा ती वाक्यका बीचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ।

**९. परिवेश र घटनाको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यमा परिवेश र पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएमा ती वाक्यका बीचको सम्बन्धलाई परिवेश र घटनाको सम्बन्ध भनिन्छ।

### १०. घटना र परिवेशको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा घटना र पछिल्लो वाक्यमा परिवेश प्रस्तुत भएमा ती वाक्यका बीचको सम्बन्धलाई घटना र परिवेशको सम्बन्ध भनिन्छ ।

### ११. प्रयोजनको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यस्तो हुनुको कारण वा प्रयोजन बताएमा ती वाक्यका बीचको सम्बन्धलाई प्रयोजनको सम्बन्ध भनिन्छ ।

### १२. अनुमानको सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बीचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ ।

### १३. परिचयात्मक सम्बन्ध

सङ्कथनमा प्रयोग भएका वाक्यमध्ये अघिल्लो वाक्यमा कुनै कुराको परिचय र पछिल्लो वाक्यमा त्यसको विशेषता वर्णन गरिएमा ती वाक्यका बीचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध भनिन्छ ।

### १४. समच्चबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये कुनै वाक्य समानान्तर अस्तित्व वा हैसियतमा रहने र प्रयुक्त विषयको अर्थ दुवैले स्पष्ट पार्न सहयोग गर्ने वाक्यबीचको सम्बन्धलाई समुच्चयबोधक सम्बन्ध भनिन्छ ।

### १५. निहितार्थ सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लोको अर्थ पछिल्लो वाक्यमा र पछिल्ले वाक्यको अर्थ अघिल्लोमा समावेश भएमा ती वाक्यबीचको सम्बन्धलाई निहितार्थ सम्बन्ध भनिन्छ ।

### १६. पुनरुक्ति सम्बन्ध

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये कुनै एउटा वाक्यका घटक अर्को वाक्यमा दोहोरिएर अर्थ स्पष्ट पार्न सहयोग पुऱ्याएमा ती वाक्यका बीचको सम्बन्धलाई पुनरुक्ति सम्बन्ध भनिन्छ ।

### १७. रीतिबोधक सम्बन्ध

सङ्कथनमा प्रयुक्त कार्य वा घटनाको शैली बुझाउन प्रयोग हुने भाषिक घटक बीचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ । यसमा साहित्यिक आलङ्कारिक किसिमको र कतिपय ठाउँमा अनुकरणात्मक एवम् टुक्काको समेत प्रयोग भएको पाइन्छ ।

**१८. शिघ्रताबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बीचमा घटना वा कार्य तत्काल भएको सूचना प्राप्त भएमा ती वाक्यका बीचको सम्बन्धलाई शिघ्रताबोधक सम्बन्ध भनिन्छ ।

**१९. स्मरणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो घटनासँग सम्बन्धित भएर वर्तमानको सम्बन्ध र पछिल्लोमा विगतको सन्दर्भ भएमा ती वाक्यबीचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ ।

**२०. अनुक्रमबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै घटना वा कार्यको तार्किक अनुक्रम देखाएको छ भने ती वाक्यका बीचको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ ।

**२१. प्रश्नोत्तर सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमध्ये अघिल्ला र पछिल्ला वाक्यका बीचमा प्रश्न र उत्तरको क्रम र सिलसिला रहेमा ती वाक्यका बीचको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

**२२. प्रश्नार्थक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो र पछिल्लो दुवै वाक्य प्रश्नका रूपमा भएमा ती वाक्यका बीचको सम्बन्धलाई प्रश्नार्थक सम्बन्ध भनिन्छ ।

**२३. आज्ञार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यले आज्ञा वा अनुरोध बुझाउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध भनिन्छ ।

**२४. युगबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो र पछिल्लो वाक्यका बीचमा दुई वा सोभन्दा बढी घटना एकैपटक भएको अवस्था सिर्जना भएमा ती वाक्यका बीचको सम्बन्धलाई युगबोधक सम्बन्ध भनिन्छ ।

यसरी प्रस्तुत अध्ययनमा 'माउजङ बाबुसाहेबको कोट' कथाको व्याख्या विश्लेषण गर्ने क्रममा पुस्तकालयीय विधिलाई प्रमुख अध्ययन विधिका रूपमा प्रयोग गरी सम्बद्धक र सम्बद्धनका आधारमा कथा के कस्तो छ सो निष्कर्षमा पुगिएको छ ।

## अध्याय तीन : प्रक्रिया र विधि

### ३.१ अध्ययनको संरचना

प्रस्तुत अध्ययनमा 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण गरिएको छ । सङ्कथन विश्लेषणका युक्तिहरू सम्बद्धक र सम्बद्धनलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । यसमा पुस्तकालयीय विधिलाई प्रमुख रूपमा प्रयोग गरिएको छ । यो विश्लेषणात्मक प्रकृतिको अध्ययन हो । यसैगरी यस अध्ययनमा पुस्तकालयमा उपलब्ध भएका सङ्कथन विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख, रचना, समालोचनात्मक काव्यकृति एवम् सम्बन्धित शीर्षकसँग मिल्दाजुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ३.२ तथ्याङ्क सङ्कलनमा साधनहरू

यस शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ ।

**क) प्राथमिक स्रोत**

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा भवानी भिक्षुको 'माउजङ बाबुसाहेबको कोट' कथालाई मानिएको छ ।

**ख) द्वितीयक स्रोत**

प्रस्तुत अध्ययनको लागि द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित विभिन्न पुस्तक, सैद्धान्तिक लेख, साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू तथा हालसम्म उपलब्ध भएसम्मका शोधपत्रहरू र आवश्यकताअनुसार विज्ञसँगको छलफल र सुझावलाई उपयोग गरिएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण गर्ने क्रममा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यसैगरी विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

सम्बद्धक र सम्बद्धनलाई प्रस्तुत अध्ययनको उद्देश्य अनुसार सङ्कलन विश्लेषणको सैद्धान्तिक आधारमा तालिकीकरण गर्दै भाषावैज्ञानिक रूपमा गुणात्मक व्याख्या विश्लेषण गरी प्रस्तुत अध्ययनको निचोड निकालिएको छ ।

## अध्याय चार : व्याख्या तथा विश्लेषण

### ४.१ परिचय

'माउजङ बाबुसाहेबको कोट' कथा भवानी भिक्षुद्वारा लिखित 'मैयासाहेब' कथासङ्ग्रह (वि.सं. २०१७) मा सङ्कलित उत्कृष्ट कथा हो । यो अध्ययन यसै कथामा प्रयुक्त भएका सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

### ४.२ 'माउजङ बाबुसाहेबको कोट' कथाको वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको वाक्यहरूका बीचमा रहेका सम्बद्धकको विश्लेषणका लागि प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरूका बीचमा बाह्य सम्बन्ध दर्साउन आउने सम्बद्धकको खोजी गरी तालिकामा प्रस्तुत गरिनुका साथै ती सम्बद्धकहरूको विश्लेषण पनि गरिएको छ । प्रत्येक अनुच्छेदका वाक्यान्तरिक वा आन्तरवाक्यीय संरचनामा भएका सम्बद्धकहरूलाई तल प्रस्तुत गरिएको छ ।

### ४.२.१ निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निधीरत कथाको पहिलो अनुच्छेदमा वाक्य सङ्ख्या १ देखि ४ सम्म जम्मा ४ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

१. साँच्चि नै भनूँ भने कोट र माउजङ बाबुसाहेब एकअर्काका पर्याय नै थिए ।

२. कुनै पनि नाचगानमा सभा महफिलमा, भोजभतेर वा गलिगोप्तामा, मारपिट, त्रास, आतङ्क सारामा त्यही गहिरो मासरङको बेन्सनको लामो ओभरकोट नै हिँडेको चलेको बसेको वा कतै हात हल्लाएको छ भने बाबुसाहेब होइनन् कि माउजङ बाबुसाहेब आफ्ना दुर्धर्ष अस्तित्वका साथ छर्लङ्ग सिद्ध हुन आउँथे ।

३. कोटले कहिलेदेखि माउजङ बाबुसाहेबको प्रतिनिधित्व गर्न थालेको हो, तर त्यो कुरा एउटा खोजेको विषय थियो ।

४. पूराना पुर्खाहरू बाँचेका मध्येमा पनि कोहीकोही मात्रै त्यस कुराको कुनै सुत्र बताउन सक्तथे ।

तालिका नं. १ : निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १ र २ | निपात | साँच्चि | |
| | निपात | नै | |
| | संयोजक | भने | |
| | संयोजक | र | |
| | पारस्परिक | एकअर्काका | |
| | पुनरावृत्ति | नै | |
| | संयोजक | पनि | |
| | संयोजक | वा | |
| | स्थानिक | त्यही | कोट |
| | पुनरावृत्ति | नै | |
| | संयोजक | वा | |
| | स्थानिक | कतै | |
| | पुनरावृत्ति | भने | |
| | संयोजक | कि | |
| | आत्मवाची | आफ्ना | |
| ३ र ४ | सार्वनामिक | कोटले | |
| | कालिक | कहिलेदेखि | |
| | संयोजक | तर | |
| | अग्र सन्दर्भक | त्यो कुरा | |
| | निश्चियात्मक | एउटा | |
| | कालिका | पुराना | |
| | सार्वनामिक | पुर्खाहरू | |
| | संयोजक | पनि | |
| | प्रश्नवाचक | कोही-कोही | |
| | निपात | मात्रै | |
| | स्थानिक | त्यस | |

| | | | |
|---|---|---|---|
| | कालिक | आज | |
| | प्रश्नवाचक | कैले | |
| | प्रश्नवाचक | कुन | |
| | प्रश्नवाचक | के-के | |
| | कालिक | इतिहास | राणा कालमा |
| | पुनरावृत्ति | पनि | |

माथिका तालिकामा उल्लेख भएअनुसार वा.सं. १ र २ का बीचमा साँच्चि, नै निपातको प्रयोग भएको छ। त्यस्तै नै निपातको पुनरावृत्ति भएको छ। त्यसैगरी संयोजकको रूपमा भने, र पनि, वा, कि आदिको प्रयोग भएको छ। पुनरावृत्तिका रूपमा भनेको प्रयोगको भएको छ। त्यसैगरी पारस्परिक भएको छ। आत्मवाचकका रूपमा आफ्ना शब्दको प्रयोग भएको छ। वा.सं. ३ र ४ का बीचमा सार्वनामिकका रूपमा केटाले, पुरुखाहरू सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी संयोजकको रूपमा तरको प्रयोग भएको छ। कालिकका रूपमा कहिलेदेखि, पुराना, आज, इतिहासको प्रयोगको भएको छ। स्थानिकका रूपमा त्यस सम्बद्धकको प्रयोग भएको छ। प्रश्नवाचक सम्बद्धकका रूपमा कोही-कोही, कैले, कुन, के, केको प्रयोग भएको पाइन्छ। पनिको पुनरावृत्ति भएको छ। अग्रसन्दर्भका रूपमा त्यो कुरा सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी निश्चियात्मक सम्बद्धकका रूपमा 'एउटा'को प्रयोग भएको पाइन्छ। निपातका रूपमा मात्रै सम्बद्धकको प्रयोग भएको छ।

यसरी प्रथम अनुच्छेदमा स्थानिक, कालिक, संयोजक, निपात, प्रश्नवाचक सम्बद्धकको प्रयोग बढी देखिन्छ। आवश्यकता मात्रामा सम्बद्धकको प्रयोगले कथालाई कसिलो र रोचक बनाएको देखिन्छ।

### ४.२.२ निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको दोस्रो अनुच्छेदमा वाक्य सङ्ख्या ५ देखि ९ सम्म जम्मा ५ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

५. माउजङ बाबुसाहेब एकजना धरानिँया राणाज्यू, नेपालगञ्ज इलाकामा बिर्तावाल।

६. अत्यन्त क्रोधी, उद्दण्ड, दुर्निवार, व्यक्तित्वका प्राणी।

७. प्रजातन्त्र आउनुभन्दा पन्ध्र वर्ष अगाडिसम्मका कुराको सम्झना त एक किसिमले अझै पनि सारालाई नै छ।

८. बाबुसाहेबले गाउँको घरमा तीन चारवटा ठूला-ठूला डरलाग्दा र केही साना-साना राम्रा रौं भएका कुकुरहरूको फौज, जो कुनै पनि आगन्तुकको मुटु हल्लाएर नै आतिथेयक्रममा प्रथमोपचार गर्ने गर्दथे, नेपालगञ्जमा त्यस तराई प्रान्तको एउटा प्रमुख आतङ्क स्मृति हो ।

९. यो र अन्य सारा क्रममा कसैको घर खेत जफत गरी लिनु, कसैलाई कुटी-लुछी छोड्नु र पसिनाले भिजेको रातो, तम्सिएको ठूला अनुहारमा बाक्ला ओष्ठयुगलले थुकमा फिँज-फोहोरा छोड्दै, कसलाई गाली गरेर बेसरी बेइज्जत पारिदिनु इत्यादि सारा आतङ्कहरूमा प्रतिनिधित्व गरिएआएको त्यसतर्फका रैतीदुनियाँका मानसचक्षुमा त्यही बेन्सनको ओभरकोट नै उदाउन आउँथ्यो ।

१०. जिल्लाका राणा बडाहाकिमहरू बाबुसाहेबलाई साराका अगाडि ढोग्नु र थापा अथववा अन्य वर्गका बडाहाकिमहरूले पहिले सलाम गर्नु भन्ने प्रमुख कौतुकाकर्षणको दृश्यमा पनि त्यही कोट नै आफ्नो लामो आकार गहिरा मासरङको वर्गमा दर्पान्वित रहिआएको हो ।

११. दर्प, गौरव र आतङ्कहरूको यस क्रममा नै बाबुसाहेबको वास्तविक नाउँ, जो कदाचित् 'हुमायूँ' जङ्गबहादुर राणा थियो होला, सारा जिभ्रोपर्यन्तलाई भयत्रस्त पारी माउजङ बाबुसाहेब पनि हुन गएको थियो ।

तालिका नं. २ : निर्धारित दोस्रो अनुच्छेद प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ५ र ६ | स्थानिक | नेपालगञ्ज इलाकामा | |
| ६ र ७ | सार्वनामिक | प्राणी | |
| ७ र ८ | कालिक | पन्ध्र वर्षअगाडि सम्मका | |
| | निपात | ट | |
| | संयोजक | अझै | |
| | संयोजक | पनि | |
| | निपात | नै | |
| | स्थानिक | गाउँको | |
| | स्थानिक | घरमा | |
| | संयोजक | र | |
| | अनिश्चयवाचक | केही | |
| | सम्बन्धवाचक | जो | |

| | | | |
|---|---|---|---|
| | पुनरावृत्ति | पनि | |
| | पुनरावृत्ति | नै | |
| | पुनरावृत्ति | नेपालगञ्जमा | |
| | स्थानिक | तराई | |
| | स्थानिक | प्रान्तको | तराई |
| | प्रश्नवाचक | एउटा | |
| ८ र ९ | सार्वनामिक | यो | |
| | संयोजक | र | |
| | स्थानिक | घर-खेत | |
| | पुनरावृत्ति | र | |
| | स्थानिक | अनुहारमा | |
| | दर्शनवाचक | त्यही | |
| | निपात | नै | |
| ९ र १० | सार्वनामिक | राणा बडाहाकिमहरू | |
| | पुनरावृत्ति | र | |
| | सार्वजनिक | थापा | |
| | संयोजक | अथवा | |
| | कालिक | पहिले | |
| | दर्शनवाचक | त्यही | |
| | निपात | नै | |
| | आत्मावाची | आफ्नो | |
| | निश्चयवाचक | हो | |
| १० र ११ | संयोजक | र | |
| | दर्शनवाचक | यस | |
| | पुनरावृत्ति | नै | |
| | सम्बन्धवाचक | जो | |
| | पुनरावृत्ति | पनि | |

माथिको तालिकामा भए अनुसार वा.सं. ५ र ६ का बीचमा स्थानिक सम्बद्धकका रूपमा नेपालगञ्ज इलाकामा प्रयोग भएको छ। वा.सं. ६ र ७ का बीचमा सार्वनामिक सम्बद्धकका

रूपमा प्राणीको प्रयोग भएको पाइन्छ। वा.सं. ७ र ८ मा कालिक सम्बद्धकका रूपमा पन्ध्र वर्षअगाडि सम्मका सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी निपात सम्बद्धकको रूपमा नै को प्रयोग भएको छ। संयोजकका रूपमा अझै, पनि र सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी स्थानिक सम्बद्धकका रूपमा गाउँको, घरमा, तराई, प्रान्तको प्रयोग गरेको छ। अनिश्चयसवाचक सम्बद्धकका रूपमा केही सम्बद्धकको प्रयोग भएको पाइन्छ। पुनरावृत्ति सम्बद्धकका रूपमा पनि, नै को प्रयोग भएको छ। वा.सं. ८ र ९ का बीचमा सार्वजनिक सम्बद्धकका रूपमा यो, राणा बडाहाकिमहरूको प्रयोग गरेको छ। त्यसैगरी स्थानिक सम्बद्धकका रूपमा घर-खेत, अनुहारको प्रयोग भएको छ। नै सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ९ र १० का बीचमा संयोजकका र, अथवा, पनि सम्बद्धकको प्रयोग भएको छ। दर्शनवाचन सम्बद्धकका रूपमा त्यही, यसको प्रयोग भएको छ। आत्मावाची सम्बद्धकका रूपमा आफ्नोको रूपमा भएको छ। वा.सं. १० र ११ का बीचमा र पनि सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी दर्शनवाचक सम्बद्धकका रूपमा यसको प्रयोग भएको छ। निपात सम्बद्धकका रूपमा नै को प्रयोग भएको छ।

यसरी प्रस्तुत कथाको दोस्रो अनुच्छेदमा विविध सम्बद्धकको प्रयोग भएको पाइन्छ। यस अनुच्छेदमा कालिक, स्थानिक, संयोजक, निपात सम्बद्धकको बाहुल्यता बढी भएको पाइन्छ।

### ४.२.३ निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको तेस्रो अनुच्छेदमा वाक्य सङ्ख्या १२ देखि ३१ सम्म जम्मा २० वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूको बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

१२. महाभारतकालमा यदि गाण्डीव धनुष महावीर अर्जुनको प्रतीक थियो भन्ने राणाकालमा माउजङ बाबुसाहेबको आतङ्क प्रतिक त्यो कोट नै थियो।

१३. आजेय, गौरवशाली त्यस कोटबारे कुनै कुरा कोट्याउन कसैको हिम्मत थिएन।

१४. समयधष्टताले गर्दा त्यस कोटको मूल चहकिलो माउजङ आज धुस्रो, फुस्रो र मैलो, बिरूप हुन गए पनि साराका आँखामा त्यो कोट चहकिलो मासरङकै देखा पर्दथ्यो।

१५. यो, यता प्रजातन्त्रपछि माउजङ बाबुसाहेबको कोटावृत्त व्यक्तित्व मुर्मुरिएको र कोटलाई पनि मैलो, पुरानो, धमिलो भनेर सबैले उपहास हक लगाएर हेर्ने धृष्टता गर्न थालेका थिए, अझ कोही त मुसुमुसु हाँस्न पनि बाँकी राख्तैनथे।

१६. कहाँसम्म भने कसैकसैले त अब नजाने कुन सुत्र लिएर हो, यो पनि भन्ने साहस गर्न थालिसकेका थिए कि फलाना सालमा, फलाना प.क.ज.ले. बकस दिएको कोट यो त।

१७. अझ यति मात्रै कहाँ, कोटको पुराखान्वेषणमा कुन्नि कसरी हो, यो पनि कसैकसैले थाहा पाएका छन् कि 'नेपालको उल्लिखित प.क.ज. साहेबको छोटेको बिहामा बकस दिन भनी पोसाकेले झिकेर ल्याएको कोट चाकरीमा पुगेका बाबुसाहेबलाई दिएको पो त !

१८. कुन्नि कुन दुर्विधानले माउजङ बाबुसाहेबको कानमा पनि एक दिन यी कुराहरू पुगे ।

१९. त्यस दिन बाबुसाहेबले भित्ताको किलामा झुण्डिएको कोटलाई हेरिरहे र यस प्रजातन्त्रकालमा पनि अतीत इतिहासको स्मरण गरे ।

२०. उनले सम्झे कि प.क.ज. साहेबबाट बक्सिएको यही कोट अब पहिलो दिन उनको हातमा परेको थियो, कसरी कोटबाट मगमग उड्ने मिठो बासले वातावरणलाई सुवासित पारिदिएको थियो ।

२१. उसबखत त्यहाँ भएका अरूहरूको कस्तो लोभिएको दृष्टि त्यसमा परेको थियो र पहिलो पटक उनले कोट धारण गर्दा बाहुलाले लिनेनमा उनका दुवै हात कसरी सर्र चिप्लिदै पसेका थिए ।

२२. जिउमा टम्म बस्न गएको त्यो कोट, जो आज फलामे किलामा झुण्डिएको छ, कतिको गहकिलो रूप-रवाफ, सम्पन्नता आदरको प्रतिनिधि भएर बाबुसाहेबको जिउलाई कुशल कृतार्थ पारेको थियो ।

२३. अनि पछि डेरामा आउँदा, सँगै नेपाल आएकी रानीसाहेबको जिउलाई कुशल कृतार्थ पारेको थियो ।

२४. अनि पछि डेरामा आउँदा, सँगै नेपाल आएकी रानीसाहेबले कसरी आश्चर्य विमुढ भई आफ्नै हातले बाबुसाहेबको जिउबाट कोट झिकी झुण्ड्याउनु भन्दा अघि ओल्टाई पल्टाई हेरेकी थिइन् ।

२५. अक्ष कोटको भित्री लिनेनपर्यन्त छलफल टल्केको देखेर लोभिएर लिनेनलाई बिस्तारै मुसारेकी थिइन् ।

२६. अँ, उसबखत बाबुसाहेबले झकँदै रानीसाहेबलाई झपारेका पनि थिए 'के गरेकी ए पाखेकी छोरी' मुर्सादा भित्री मौलिन्छ भन्ने कुरो पनि थाहा छैन ?'

२७. तर्सिएर पनि हाँस्तैहाँस्तै रानीसाहेबले कोट झुण्ड्याएकी थिइन् ।

२८. अनि कोठामा कोही नभएको बखत उठी बाबुसाहेबले पनि यसै कोटलाई मुसारेका थिए, पछि भित्री पाकेटमा टाँसिएको लेबुलमा ह्वाइटवे लेडला यान्ड को, टेलरिङ यान्ट आउटफिट डिपार्टमेन्ट भन्ने कतिपय शब्दहरूलाई, नाउँसम्म लेख्न पढ्न सक्ने आफ्नो

अङ्ग्रेजी अक्षरको ज्ञानमा बढेर मुस्किलले जोरी गाँसी पढेर कुनै शास्त्र नै पढेझैँ स्तम्भित, चकित भएका थिए ।

२९. वस्तुतः त्यही सानो लेबुन नै त्यस कोटको राजसी महिमाको, गौरव- विपुलताको, गुरुत्वगर्वको केन्द्रित प्रमाण-पट्टिका थियो ।

३०. अनि पछि क्रमशः बाबुसाहेबले नै पनि अनेकौँ मौका, उपकरणहरू उभ्याएर कति कति अवसरमा कति कति जनालाई त्यही लेबुल देखाई पढ्न लगाएर अपरिमेय गौरवबोध गरेका कुरा पनि बाबुसाहेबले आज सम्झे ।

३१. तर परचक्री समय, हरे, आज त्यस्तो कोटलाई हाम्रो प.क.ज. ले बकस दिएको भनेर मात्र होच्याउने...... ।

तालिका नं. ३ : निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १२ र १३ | कालिक | महाभारतकालमा | |
| | संयोजक | भने | |
| | कालिक | राणाकालमा | |
| | दर्शनवाचक | त्यो | |
| | निपात | नै | |
| १३ र १४ | कालिक | समयघृष्टताले | प्रजातन्त्रपछि |
| | सार्वनामिक | त्यस | |
| | कालिक | आज | |
| | संयोजक | पनि | |
| | अग्रसन्दर्भक | त्यो | |
| १४ र १५ | निश्चयवाचक | हो | |
| | स्थानिक | यता | |
| | कालिक | प्रजातन्त्रपछि | |
| | संयोजक | र | |
| | संयोजक | पनि | |
| | संयोजक | भनेर | |
| | प्रश्नवाचक | कोही | |
| | निपात | त | |

| | | | |
|---|---|---|---|
| | संयोजक | पनि | |
| १५ र १६ | संयोजक | भने | |
| | प्रश्नवाचक | कसै-कसैले | |
| | निपात | त | |
| | संयोजक | अब | |
| | विपरीतार्थक | नजाने | |
| | निश्चयवाचक | हो | |
| | सार्वनामिक | यो | |
| | संयोजक | पनि | |
| | संयोजक | कि | |
| | कालिक | सालमा | |
| | निपात | पो | |
| | पुनरावृत्ति | त | |
| १६ र १७ | सार्वनामिक | अझ | |
| | बाह्य सन्दर्भक | कहाँ | |
| | कालिक | पुरातत्त्वान्वेषणमा | |
| | निश्चयवाचक | हो | |
| | सार्वनामिक | यो | |
| | संयोजक | पनि | |
| | स्थानिक | नेपालको | |
| | स्थानिक | बिहामा | |
| | संयोजक | पो | |
| | निपात | त | |
| १७ र १८ | स्थानिक | कानमा | |
| | संयोजक | पनि | |
| | कालिक | एकदिन | |
| | अग्रसन्दर्भक | यी | |
| १८ र १९ | कालिक | त्यस दिन | |

| | | | |
|---|---|---|---|
| | स्थानिक | किलामा | |
| | संयोजक | र | |
| | कालिक | प्रजातन्त्रकालमा | |
| | संयोजक | पनि | |
| | कालिक | अतीत | |
| | कालिक | इतिहासको | |
| १९ र २० | सार्वनामिक | उनले | माउजङ बाबुसाहेब |
| | संयोजक | कि | |
| | दशनवाचक | यही | |
| | कालिक | अब | |
| | सार्वजनिक | उनको | |
| | स्थानिक | हातमा | |
| | स्थानिक | वातावरणलाई | |
| २० र २१ | दर्शनवाचक | त्यहाँ | |
| | स्थानिक | त्यसमा | |
| | संयोजक | र | |
| | सार्वनामिक | उनले | |
| | स्थानिक | लिनेनमा | |
| | सार्वनमिक | उनका | |
| २१ र २२ | स्थानिक | जीउमा | |
| | दर्शनवाचक | त्यो कोट | |
| | सम्बन्धवाचक | जो | |
| | कालिक | आज | |
| | स्थानिक | फलामे | |
| | स्थानिक | किलामा | |
| २२ र २३ | कालिक | अनि पछि | |
| | कालिक | डेरामा | |
| | स्थानिक | नेपाल | |

| | | | |
|---|---|---|---|
| २३ र २४ | पुनरावृत्ति | अनि पछि | |
| | पुनरावृत्ति | डेरामा | |
| | पुनरावृत्ति | नेपाल | |
| | सार्वजनिक | रानीसाहेबले | |
| | आत्मवाचक | आफ्नै | रानीसाहेबको |
| | कालिक | अघि | |
| | विपरीतार्थी | ओल्टाई-पल्टाई | भित्री र बाहिर |
| २४ र २५ | स्थानिक | भित्री | कोठाको भित्रपट्टि |
| २५ र २६ | निपात | अँ | |
| | संयोजक | पनि | |
| | निपात | के | |
| | पुनरावृत्ति | भित्री | |
| | संयोजक | भन्ने | |
| | संयोजक | पनि | |
| २६ र २७ | संयोजक | पनि | |
| २७ र २८ | संयोजक | अनि | |
| | स्थानिक | कोठामा | |
| | प्रश्नवाचक | केही | |
| | संयोजक | पनि | |
| | दर्शनवाचक | यसै | |
| | कालिक | पछि | |
| | स्थानिक | भित्री | |
| | स्थानिक | प्याकेटमा | कोटको गोजीमा |
| | स्थानिक | लेबुलमा | |
| | प्रश्नवाचक | को | |
| | स्थानिक | डिपार्टमेन्ट | |
| | संयोजक | भन्ने | |
| | प्रश्नवाचक | कतिपय | |

| | | | |
|---|---|---|---|
| | आत्मवाचक | आफ्नो | |
| | स्थानिक | ज्ञानमा | |
| | निपात | नै | |
| २८ र २९ | दर्शनवाचक | त्यही | |
| | निपात | नै | |
| | दर्शनवाचक | त्यस | |
| | कालिक | महिमाको | |
| २९ र ३० | कालिक | अनि पछि | |
| | निपात | नै | |
| | संयोजक | पनि | |
| | प्रश्नवाचक | कतिकति | |
| | पुनरावृत्ति | कतिकति | |
| | दर्शनवाचक | त्यही | |
| | संयोजक | पनि | |
| | कालिक | आज | |
| ३० र ३१ | संयोजक | तर | |
| | कालिक | परचक्री समय | परिवर्तन हुने समय |
| | कालिक | आज | |
| | दर्शनवाचक | त्यस्तो | |
| | सार्वनामिक | हाम्रो | |
| | संयोजक | भनेर | |

माथिको तालिका अनुसार वा.सं. १२ र १३ का बीचमा ४ वटा कालिक सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी तीनवटा संयोजकको प्रयोग भएको छ। निपातका रूपमा नै सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी अग्रसन्दर्भकका रूपमा त्यो सम्बद्धकको प्रयोग भएको पाइन्छ। वा.सं. १३ र १४ का बीचमा चारवटा संयोजकको प्रयोग भएको छ। त्यसैगरी कालिक सम्बद्धकका रूपमा प्रजातान्त्रिक सम्बद्धकको उपस्थिति रहेको छ। निपात सम्बद्धकका रूपमा त को प्रयोग भएको छ। निश्चयवाचक सम्बद्धकको रूपमा हो को उपस्थिति रहेको पाइन्छ।

वा.सं. १४ र १५ का बीचमा चारवटा संयोजकको प्रयोग भएको छ। निपातका रूपमा त सम्बद्धकको प्रयोग भएको पाइन्छ। त्यसैगरी कालिक सम्बद्धकको पनि उपस्थिति रहेको पाइन्छ।

एकवटा सार्वनामिक सम्बद्धक यो को प्रयोग भएको छ । वा.सं. १६ र १७ का बीचमा दुई स्थानिक सम्बद्धक नेपालको, बिहामा को उपस्थिति भएको छ । संयोजकको रूपमा पनि सम्बद्धकको उपस्थिति छ । एकवटा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । निपातको पनि प्रयोग भएको छ । वा.सं. १७ र १८ का बीचमा एकवटा संयोजकको प्रयोग भएको छ । त्यसैगरी स्थानिक, कालिक सम्बद्धक पनि एकएकवटाको उपस्थिति भएको छ । अग्रसन्दर्भकका रूपमा यी को प्रयोग भएको छ । वा.सं. १८ र १९ का बीचमा स्थानिक एकवटा, कालिक चारवटाको प्रयोग भएको छ । त्यसैगरी संयोजकका रूपमा र, पनि को उपस्थिति भएको छ । वा.सं. १९ र २० का बीचमा दुईवटा सार्वनामिक सम्बद्धक उनले र उनको प्रयोग गरेको पाइन्छ । त्यसैगरी स्थानिक सम्बद्धक दुईवटा हातमा र वातावरणको उपस्थिति गराएको छ । कालिक सम्बद्धकका रूपमा अबको प्रयोग भएको छ । त्यसैगरी संयोजक, दर्शनवाचक सम्बद्धकहरू एकएकवटाको प्रयोग भएको छ । वा.सं. २० र २१ का बीचमा दुईवटा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । स्थानिक सम्बद्धकका रूपमा त्यसमा र लिनेनमाको प्रयोग भएको पाइन्छ । एकवटा संयोजक र एकवटा दर्शनवाचकको पनि समावेश गरेको छ । वा.सं. २१ र २२ का बीचमा तीनवटा स्थानिक सम्बद्धक र एकएकवटा दर्शनवाचक र कालिक सम्बद्धकको प्रयोग गरेको छ । सम्बन्धवाचक सम्बद्धकका रूपमा जो को प्रयोग भएको छ । वा.सं. २२ र २३ का बीचमा दुईवटा कालिक एकवटा स्थानिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. २३ र २४ का बीचमा तीनवटा सम्बद्धक अनि पछि, डेरामा, नेपालको पुनरावृत्ति भएको छ । सार्वनामिक, आत्मवाचक, कालिक, विपरीतार्थी सम्बद्धक एकएकवटाको उपस्थिति रहेको छ । वा.सं. २४ र २५ का बीचमा एकवटा स्थानिक सम्बद्धक भित्रीको प्रयोग भएको पाइन्छ । वा.सं. २५ र २६ का बीचमा तीनवटा संयोजक एकवटा पुनरावृत्ति र दुईवटा निपातको प्रयोग गरेको पाइन्छ ।

वा.सं. २६ र २८ का बीचमा एकवटा संयोजकको प्रयोग भएको छ । वा.सं. २७ र २८ का बीचमा तीनवटा संयोजक छ वा स्थानिक तीनवटा प्रश्नवाचक, एकवटा निपात र एकएकवटा कालिक र दर्शनवाचक सम्बद्धकको प्रयोग भएको पाइन्छ । वा.सं. २८ र २९ का बीचमा दुईदुईवटा दर्शनवाचक र कालिक सम्बद्धकको प्रयोग भएको छ । त्यसैगरी एकवटा निपातको पनि प्रयोग भएको छ । वा.सं. २९ र ३० का बीचमा दुईवटा कालिक अनिपछि र आजको उपस्थिति रहेको छ । त्यसैगरी दुईवटा संयोजक पनि र तरको प्रयोग भएको छ । पुनरावृत्तिको रूपमा कतिकतिको प्रयोग भएको छ । दर्शनवाचक र निपात एकएकवटाको उपस्थिति गराएको पाइन्छ । वा.सं. ३० र ३१ का बीचमा दुईदुईवटा कालिक र संयोजक र एकएकवटा दर्शनवाचक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको पाइन्छ ।

यसरी प्रस्तुत कथाको तेस्रो अनुच्छेदमा विविध प्रकारका सम्बद्धकको प्रयोग भएको पाइन्छ । स्थानिक, कालिक, संयोजक, निपात, प्रश्नवाचक आदिको अलि बढी प्रयोग भएको देखिन्छ । आवश्यक मात्रामा सम्बद्धकहरूको प्रयोगले कथालाई कसिलो र अन्वितिपूर्ण बनाएको देखिन्छ ।

### ४.२.४ निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको चौथो अनुच्छेदमा वा.सं. ३२ देखि ४९ सम्म जम्मा १८ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

३२. जुरुक्क उठेर बाबुसाहेबले कीलाबाट कोट झिकेर अलि उज्यालो ठाउँमा लगी निरीक्षणका दृष्टिले हेरे ।

३३. 'क्या ग्र्यान्ड चिज रहेछ' 'कट' नै कति ठिक्कको, कस्तो एक धर पनि यताउति नपारी त्यस्तरी होसियारीसाथ सिइएको कोट ।

३४. ब्रम्हाले पनि मानिसको जिउ कुँद्दा पनि सावधानी त के राखेका होलान् ।

३५. अनि मूक सोचिरहेको बाबुसाहेबको दृष्टि गर्धनतिर कोटको कलरमा पऱ्यो ।

३६. मैलो भएर केही धस्किसकेको र त्यहाँका धागाहरू अलि झुत्रिएका प्रस्टै देखिन्थ्यो ।

३७. त्यसैले यसको महत्व कम पारेको त...........।

३८. सबै थोक पुरानो त हुन्छ हुन्छ, मानिससम्म त बुढा हुन्छन्, तर बुढो हुँदैमा कसैको जात, धरान, गौरव, महिमा पनि बिग्रन्छ र ?

३९. यो कोट............... ।

४०. अब त हिस्दुस्थानीहरूको राजमा प्ररेका ह्वाइटवे लेडला कम्पनीमा पनि यस्तो कोट त के तयार हुन्छ होला र ?

४१. ती कालिगडहरू खानै नपाएर गइसके होलान् ।

४२. अब यस्तो कोट लाउने को ?

४३. कोट त के यो कपडा नै अब कहाँ छ ?

४४. बेलायतमा पनि त अब यस्तो कपडा कहाँ बन्छ र ?

४५. देखा नै पर्दैन ।

४६. अङ्ग्रेजहरू पनि बिचरा ओह्रालो लागे ।

४७.	हिन्दुस्थान थियो र पो राजसी रवाफ, सारा दुनियाँभन्दा माथिल्ला तहका त्यहाँका लाटाहरूको समाज ।

४८.	अब पो थियो होला लन्डनचाहिँ राजधानी ।

४९.	हाम्रै काठमाडौँको पनि त अब त्यो रवाफ के होला र ?

तालिका नं. ४ : निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| ना.स | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ३२ र ३३ | स्थानिक | ठाउँमा | |
| | निपात | नै | |
| | प्रश्नवाचक | कति | |
| | प्रश्नवाचक | कस्तो | |
| | संयोजक | पनि | |
| | दर्शनवाचक | यतिउति | |
| ३३ र ३४ | सार्वनामिक | ब्रह्माले | ईश्वरले |
| | सयोजक | पनि | |
| | दर्शनवाचक | यति | |
| | निपात | त | |
| | प्रश्नवाचक | के | |
| ३४ र ३५ | संयोजक | अनि | |
| | स्थानिक | गर्धनतिर | |
| | स्थानिक | कलरमा | |
| ३५ र ३६ | संयोजक | असर | |
| | संयोजक | र | |
| | स्थानिक | त्यहाँका | |
| ३६ र ३७ | सार्वनामिक | यसको | कोटको |
| | निपात | त | |
| ३७ र ३८ | कालिक | पुरानो | |
| | निपात | त | |
| | पारस्पारिक | हुन्छ हुन्छ | |
| | निपात | त | |

| | | | |
|---|---|---|---|
| | कालिक | बूढा | |
| | स्थानिक | महिना | |
| | संयोजक | पनि | |
| | निपात | र | संयोजकका रूपमा होइन |
| ३८ र ३९ | तृतीय पुरुष | यो | |
| ३९ र ४० | कालिक | अब | |
| | निपात | त | |
| | तृतीय पुरुष | हिन्दुस्थानीहरूको | |
| | स्थानिक | राजमा | |
| | स्थानिक | कम्पनीमा | |
| | संयोजक | पनि | |
| | दर्शनवाचक | यस्तो | |
| | निपात | त | |
| | प्रश्नवाचक | के | |
| | निपात | र | संयोजकका रूपमा होइन |
| ४० र ४१ | अग्रसन्दर्भक | ती | |
| | सार्वनामिक | कालिगडहरू (तिनीहरू) | |
| ४१ र ४२ | कालिक | अब | |
| | दर्शनवाचक | यस्तो | |
| | प्रथम पुरुष | हामी | |
| | प्रश्नवाचक | को | |
| ४२ र ४३ | संयोजक | तथापि | |
| | प्रश्नवाचक | के | |
| | दर्शनवाचक | यो | |
| | निपात | नै | |
| | कालिक | अब | |
| | प्रश्नवाचक | कहाँ | |
| ४३ र ४४ | स्थानिक | बेलायतमा | |

| | | | |
|---|---|---|---|
| | सयोजक | पनि | |
| | निपात | त | |
| | कालिक | अब | |
| | दर्शनबाचक | यस्तो | |
| | प्रश्नवाचक | कहाँ | |
| | निपात | र | संयोजकका रूपमा होइन |
| ४४ र ४५ | निपात | न | |
| ४५ र ४६ | सार्वनामिक | अङ्ग्रेजहरू (उनीहरू) | |
| | संयोजक | पनि | |
| ४६ र ४८ | स्थानिक | हिन्दुस्थान | |
| | संयोजक | र | |
| | निपात | पो | |
| | स्थानिक | माथिल्ला | |
| | स्थानिक | त्यहाँका | |
| | सार्वनामिक | लाटाहरूको (तिनीहरू) | |
| | स्थानिक | समाज | |
| ४७ र ४८ | संयोजक | तब | |
| | निपात | पो | |
| | स्थानिक | लण्डन चाहिँ | |
| | स्थानिक | राजधानी | |
| ४८ र ४९ | सार्वनामिक | हाम्रो | |
| | स्थानिक | काठमाडौंको | |
| | संयोजक | पनि | |
| | निपात | त | |
| | कालिक | अब | |
| | दर्शनवाचक | त्यो | |
| | प्रश्नवाचक | के | |
| | निपात | र | संयोजका रूपमा होइन |

माथिको तालिका अनुसार वा.सं. ३२ र ३३ का बीचमा एकएकवटा स्थानिक, निपात, संयोजक र दर्शनवाचक सम्बद्धकहरूको प्रयोग भएको देखिन्छ। त्यसै गरी दुईवटा प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको पाइन्छ। वा.सं. ३३ र ३४ का बीचमा सार्वनामिक सम्बद्धकका रूपमा ब्रम्हाले प्रयोग गरेको पाइन्छ। दुईवटा संयोजक एकएकवटा प्रश्नवाचक र दर्शनवाचक सम्बद्धकको प्रयोग गरेको देखिन्छ। वा.सं. ३४ र ३५ का बीचमा एउटा संयोजक दुईवटा स्थानिक सम्बद्धकको उपस्थिति भएको छ। वा.सं. ३५ र३६ का बीचमा दुईवटा संयोजक भएर र को प्रयोग भएको देखिन्छ। त्यैस गरी एकवटा स्थानिक सम्बद्धकको प्रयोग गराएको पाइन्छ। वा.सं. ३६ र ३७ मा बीचमा तीनवटा कालिक पुरानो बूढा बूढोको प्रयोग पाइन्छ। त्यसै गरी तीनवटा निपात, दुईवटा संयोजक र एकवटा पारस्परिक सम्बद्धकको प्रयोग भएको देखिन्छ।

वा.सं. ३८ र ३९ का बीचमा तृतीय पुरुष यो को उपस्थिति देखिन्छ। वा.सं. ३९ र ४० का बीचमा एकवटा कालिक सम्बद्धकको प्रयोग देखिन्छ। त्यसै गरी तीनवटा संयोजक दुईवटा स्थानिक, एकएकवटा तृतीय पुरुष दर्शनवाचक, प्रश्नवाचक र निपातको प्रयोग भएको पाइन्छ। वा.सं. ४० र ४१ का बीचमा एकएकवटा अग्रसन्दर्भक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको पाइन्छ। वा.सं. ४१ र ४२ का बीचमा कालिक एकवटा अब दर्शनवाचक एकवटा को को प्रयोग देखिन्छ। वा.सं. ४२ र ४३ का बीचमा दुईवटा प्रश्नवाचक, एकएकवटा संयोजक दर्शनवाचक निपात र कालिकको प्रयोग भएको छ। वा.सं. ४३ र ४४ का बीचमा दुईवटा निपात त र र को प्रयोग देखिन्छ। त्यसै गरी एकएकवटा स्थानिक, संयोजक, कालिक, दर्शनवाचकको प्रयोग भएको पाइन्छ। वा.सं. ४४ र ४५ का बीचमा यएकवटा निपात नै को प्रयोग देखिन्छ। वा.सं. ४५ र ४६ का बीचमा एकएकवटा सार्वनामिक अंग्रेजहरू र संयोजक पनिको प्रयोग भएको पाइन्छ। वा.सं. ४६ र ४७ का बीचमा बीचमा चारवटा स्थानिक एकएकवटा संयोजक तबको प्रयोग देखिन्छ। वा.सं. ४८ र ४९ का बीचमा एकएकवटा सार्वनामिक, स्थानिक, संयोजक, कालिक, निपात, दर्शनवाचक, प्रश्नवाचक निपात आदिको प्रयोग देखिन्छ।

यसरी प्रस्तुत कथाको चौथो अनुच्छेदमा विभिन्न प्रकारका सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ। ती विभिन्न सम्बद्धकहरूशले आ-आफ्नो ठाउँमा बसेर कथालाई अर्थमूलक शृङ्खलाबद्ध र अन्वितिपूर्ण बनाएको पाइन्छ।

### ४.२.५ निर्धरित कथाको पाँचौ अनुच्छेदमामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको पाँचौं अनुच्छेदमा वाम्य सङ्ख्या ५० देखि ५९ सम्म जम्मा १० वटा वाक्यमहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

५०. सोचाइको यही सिलसिसलामा बाबुसाहेबले जर्नेलहरूका दरबार सम्झे, त्यहाँका सजावट ।

५१. पित्तले बुट्टा, परी लता, फूल इत्यादि कालिगडी भएका फलामको पलङ्ग, डबल स्प्रिङग, क्या लच्कने ।

५२. ठूला-ठूला भितै छाटने राजा, जर्नेल र बेलायत, जर्मनी-रुस, रोमका राजा-रानीहरू सुनौला फ्रेमका ठूलामा पनि ठूला तस्विर ।

५३. एकेकको दस हजारभन्दा पनि बढ्ता मोल पर्ने ।

५४. आलमारी, याक, किताब राख्ने सेल्फ, थरीथरीका डिजाइनका मेच, टेबुल, पालिस भनेको त सुनैको हो कि ।

५५. अझ रेशमी मखमली विशाल सोफा सेटहरू झल्लखाल पर्दा ।

५६. कहाँसम्म सम्झनु, धुरीदेखि भित्ता, सिँढीसम्म जम्मै अद्भूत, गन्हुँग्याइँ र वैभवको प्रदर्शनी नै जस्तो ।

५७. अझ चाँदी भनेको त मामुली कुरो, सुन भनेको त परवाहै छैन् ।

५८. चाँदी, सुनकै त्यती ठूला-ठूला भाडाँकुडा राम्रा फूलदान, त्यतिका राम्रा-राम्रा लुगा लाएका राम्री-राम्री नोकर्नी, सुसारे, केटीहरूका फौज, नोकर, चाकर, सुब्बा, छोत, मुखिया ।

५९. मोटर धोडा, बग्गी, के,के, सम्झी साध्य छ र ती अचम्महरूलाई ?

तालिका नं. ५ : निर्धारित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ५० र ५१ | दर्शनवाचक | यही | |
| | स्थानिक | सिलासिलामा | |
| | स्थानिक | दरबार | |
| | सार्वनामिक | त्यँहाका | |
| | सार्वनामिक | पित्तले | |
| | संयोजक | इत्यादि | |
| ५१ र ५२ | पारस्परिक | ठूला-ठूला | |
| | संयोजक | र | |
| | स्थानिक | बेलायत | |
| | स्थानिक | जर्मनी | |
| | स्थानिक | रुस | |
| | स्थानिक | रोमका | |

| | | | |
|---|---|---|---|
| | पारस्परिक | राजा-रानीहरूको | |
| | संयोजक | पनि | |
| ५२ र ५३ | सयोजक | पनि | |
| ५३ र ५४ | स्थानिक | किताब राख्ने ठाउँ | |
| | निपात | त | |
| | निश्चयवाचक | हो | |
| | निपात | कि | सयोजकका रूपमा होइन |
| ५४ र ५५ | स्थानिक | मखमली | |
| ५५ र ५६ | प्रश्नवाचक | कहाँसम्म | |
| | संयोजक | र | |
| | निपात | नै | |
| ५६ र ५७ | निपात | त | |
| | पुनरावृति | त | |
| ५७ र ५८ | दर्शनवाचक | त्यति | |
| | पारस्परिक | ठूला-ठूला | |
| | पारस्परिक | भाँडाकुँडा | |
| | दर्शनवाचक | त्यतिका | |
| | पारस्परिक | राम्री-राम्रा | |
| ५८ र ५९ | प्रश्नवाचक | के, के | |
| | संयोजक | र | |
| | दर्शनवाचक | ती | |

माथि उल्लेखित तालिका अनुसार वा.सं. ५० र ५१ का बीचमा दुईदुईबाट स्थानिक र सार्वनामिक र एकएकवटा दर्शनवाचक र संयोजकको प्रयोग भएको देखिन्छ। वा.सं. ५१ र ५२ का बीचमा चारवटा स्थानिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ५२ र ५३ का बीचमा एक संयोजकको प्रयोग देखिन्छ। वा.सं. ५३ र ५४ का बीचमा एकएकवटा स्थानिक निश्चयवाचक, निपातको प्रयोग भएको छ। वा.सं. ५४ र ५५ का बीचमा एकबाट स्थानिक सम्बद्धकको प्रयोग भएको पाइन्छ। वा.सं. ५५ र ५६ का बीचमा दुईवटा संयोजक र एकबाट प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ५६ र ५७ का बीचमा त निपातको पुनरावृत्ति भएको छ।

वा.सं. ५७ र ५८ का बीचमा चारवटा पारस्परिक र दुईवटा दर्शनवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ५८ र ५९ का विचामा प्रश्नवाचक, सयोजक, दर्शनवाचक गरी एकएकवटा सथ्बद्धक को प्रयोग देखिन्छ।

यसरी प्रस्तुत कथाको पाँचौं अनुच्छेदमा विभिन्न प्रकारका सम्बद्धकको प्रयोग भएको छ। स्थानिक, संयोजक र पारस्परिक सम्बद्धकको बढी प्रयोग देखिन्छ। प्रस्तुत सम्बद्धकहरूले कथालाई थप मजबुत र कसिलो बनाएको छ।

**४.२.६ निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको छैटौ अनुच्छेदमा वा.सं. ६० देखि ६२ सम्म जम्मा तीनवटा वाक्यहरू रहेका छैन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

६०. त्यसपछि बाबुसाहेबले सारा दरबार र चाकरियाको धुँइयो, मानिसहरूको ठेलमेल, दगुर्‍याई पनि जम्मै सम्झे।

६१. रवाफ भनेको त यस्तो पो त .....।

६२. तर अब ती सारा के होलान्, कहाँ होलान् ?

तालिका नं. ६ : निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ६० र ६१ | कालिक | त्यसपछि | |
| | स्थानिक | दरबाट | |
| | संयोजक | र | |
| | संयोजक | पनि | |
| | निपात | त | |
| | दर्शनवाचक | यस्तो | |
| | निपात | बो | |
| | पुनरावृत्ति | त | |
| ६१ र ६२ | संयोजक | तर | |
| | कालिक | अब | |
| | दर्शनवाचक | ती | |
| | प्रश्नवाचक | के | |

| | | | |
|---|---|---|---|
| | प्रश्नवाचक | कहाँ | |

माथिको तालिका अनुसार वा.सं. ६० र ६१ का बीचमा दुईवटा संयोजकको प्रयोग देखिन्छ। त्यसैगरी एकवटा निपातको पुनरावृत्ति एकएकवटा कालिक, स्थानिक र दर्शनवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६१ र ६२ का बीचमा प्रश्नवाचक दुईवटा के र कहाँ अनि एकएकवटाा संयोजक, कालिक, दर्शनवाचक सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ।

यसरी प्रस्तुत कथाको छैटौं अनुच्छेदमा संयोजकको बढी प्रयोग भएको छ। अरू विभिन्न सम्बद्धकको पनि प्रयोग देखिन्छ। अरू विभिन्न सम्बद्धकको पनि प्रयोग देखिन्छ।

### ४.२.७ निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको सातौँ अनुच्छेदमा वाक्य सङ्ख्या ६३ देखि ७० सम्म जम्मा ८ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

६३. बाबुसाहेबले पुनः ओल्टाई-पल्टाई हेरे।

६४. त्यो त्यतिका महत्त्व, गौरव र महिमामय अतीतको प्रतीक, बेन्सन कपडा, ह्वाइटवे टेलरिङ्ग विभागमा तयारी भएको कोट।

६५. बाबुसाहेबले उठेर समामान त्यो कोट किलामा झुन्ड्याए, अनि गौरवपूर्ण मान सिकताको प्रभावमा एउटा श्वास किसिमको गुरूपवमय भावले आफ्नो आसन्मा बसे।

६६. भित्रभित्र उनको अचेतनले एउटा बोध लियो कि अहँ यो केही पनि होइन, खाली भित्री ईश्वरले यस कोटको गौरव खप्न नसकेर मात्रै बढेका यी आफैँ मनमनै त, जम्मै हेर्न पर्यन्त नपाएका, त्यस्तो कोटप्रति लोभिएकै होलान् नि !

६७. फटाहा, छुच्चा, छुसीहरू, हो त, नि, बडो.........!

६८. नत्र, (बाबुसाहेव पुनः अतीतको मानसिकतामा पुगे) नत्र फलाना बडाहाकिम आउँदा भएको स्वागतमा यही कोट लगाएको बाबुसाहेवलाई कतिको सम्मानले रही-रही हेर्दथे, सुब्बा लप्टनहरूको त कुरै के भो र !

६९. चाकरी गरी सानाहरूले भेट्टाएका हाकिमी जागिर !

७०. त्यो नि त्यो, मुगलानबाट एक पटक केमा हो के हेर्न आएको रे, जिल्ला कलक्टर अङग्रेजले, अझ सिकार खेल्न बक्साइ आएको मिस्टर कार्निसले पर्यन्त यस कोटलाई घरिघरि नहेरी सुखै कहाँ पाएका थिए र ?

तालिका नं. ७ : निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ६३ र ६४ | विपरीतार्थी | ओल्टाई-पल्टाई | कोटलाई राम्ररी हेरे |
| | दर्शनवाचक | त्यो | |
| | संयोजक | र | |
| | कालिक | अतीतको | |
| | स्थानिक | विभागमा | |
| ६४ र ६५ | दर्शनवाचक | त्यो | |
| | स्थानिक | किलामा | |
| | संयोजक | अनि | |
| | स्थानिक | प्रभावमा | |
| | प्रश्नवाचक | एउटा | |
| | आत्मवाचक | आफ्नो | |
| | स्थानिक | आसनमा | |
| ६५ र ६६ | स्थानिक | भित्रभित्रै | |
| | सार्वनामिक | उनको | |
| | प्रश्नवाचक | एउटा | |
| | संयोजक | कि | |
| | दर्शनवाचक | यस | |
| | संयोजक | पनि | |
| | स्थानिक | भित्री | |
| | दर्शनवाचक | यस | |
| | दर्शवाचक | यी | |
| | पारस्परिक | बाहिर-बाहिर | |
| | संयोजक | भने | |
| | आत्मवाचक | आफ्नै | |
| | निपात | त | |
| | दर्शनवाचक | त्यस्तो | |

| | | | |
|---|---|---|---|
| | निपात | नि | |
| ६६ र ६७ | निश्चयवाचक | हो | |
| | निपात | त | |
| | निपात | नि | |
| ६७ र ६८ | कालिक | अतीतको | पुराना कुराहरू सम्झिनु |
| | स्थानिक | मानसिकतामा | |
| | स्थानिक | स्वागतमा | |
| | दर्शनवाचक | यही | |
| | प्रश्नवाचक | कतिको | |
| | पारस्परिक | रही-रही | |
| | निपात | त | |
| | प्रश्नवाचक | के | |
| | निपात | र | संयोजकका रूपमा होइन |
| ६८ र ६९ | तृतीय पुरुष | सानाहरूले | |
| ६९ र ७० | दर्शनवाचक | त्यो | |
| | प्रश्नवाचक | के | |
| | संयोजक | रे | |
| | स्थानिक | जिल्ला | |
| | दर्शनवाचक | यस | |
| | निपात | र | |

माथिको तालिका अनुसार वा.सं. ६३ र ६४ का बीचमा स्थानिक, कटालिक, संयोजक, दर्शनवाचक, विपरीतार्थीहरूको एकएक प्रयोग भएका देखिन्छ। वा.सं. ६४ र ६५ का बीचमा तीनवटा स्थानिक, एकएकवटा दर्शनवाचक, संयोजक, आत्मवाचक, प्रश्नवाचकको प्रयोग भएको छ।

वा.सं. ६५ र ६६ का बीचमा दुईवटा स्थानिक भित्रभित्रै र भित्रीको प्रयोग भएको पाइछ। त्यसैगरी एकएकवटा सार्वनामिक र पारस्परिक सम्बद्धकको प्रयोग गरेको छ। प्रश्नवाचकका रूपमा एउटा सम्बद्धकको प्रयोग भएको छ। त्यसैगरी दुईवटा निपातको प्रयोग देखिन्छ। चारवटा दर्शनवाचक, तीनवटा संयोजक एकएकवटा स्थानिक र आत्मवाचक, पारस्परिकको प्रयोग भएको पाइन्छ। वा.सं. ६६ र ६७ का बीचमा एक निश्चयवाचक र दुईवटा निपात र र निको प्रयोग

भएको छ। वा.सं. ६७ र ६८ का बीचमा एकएकवटा कालिक, दर्शनवाचक, पारस्परिक, संयोजक र दुई निपात सम्बद्धकहरूको प्रयोग गरेको देखिन्छ। त्यसैगरी दुईदुईवटा स्थानिक र प्रश्नवाचक सम्बद्धकहरूको उपस्थिति भएको छ। वा.सं. ६८ र ६९ का बीचमा एउटा तृतीय पुरुष सानाहरूले सम्बद्धकको प्रयोग गराएको छ। वा.सं. ६९ र ७० का बीचमा दुईवटा दर्शनवाचक र एकएकवटा प्रश्नवाचक, संयोजक, स्थानिक, दर्शनवाचक, निपातको प्रयोग भएको देखिन्छ।

यसरी प्रस्तुत कथाको सातौं अनुच्छेदमा विभिन्न प्रकारका सम्बद्धकको प्रयोग भएको पाइन्छ। यस अनुच्छेदमा अलि बढी दर्शनवाचक सम्बद्धकको प्रयोग भएको देखिन्छ।

### ४.२.८ निर्धारित कथाको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको आठौं अनुच्छेदमा वा.सं. ७१ देखि ७६ सम्म जम्मा ६ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

७१. सम्झनाको यसै क्रममा बाबुसाहेबले अतीतको अनेकन उत्सव, भेटघाट, स्वागत, समारोह, पूजा आजा, जन्ती-भोज जम्मैमा प्रखर-प्रदित्त, मौन मुखरित रहेको आफ्नो महान गौरव जात खाल इत्यादि लिएर ठुँल्लाइ-बडाइँ विजडित कोटको महिमाको अवसरहरू सम्झे।

७२. अनि बाबुसाहेबको कोटको समान, महताकै सारा घटना, इतिहास आफ्नो सम्झना क्रममा ल्याएर तदाजन्य स्वयंको गौरव बोधमा आफ्नो पुरानो परिपूर्णतः सँगाले।

७३. जहाँ पनि जुन अवसरमा पनि यही गहिरो मामरङ्गको कोट विभिन्न थरीका नजरहरूको केन्द्राकर्षण रही नै आएको हो।

७४. बाबुसाहेबले अपरिमेय गुरुतामा मनमनै मन-साराका सारा जम्मै मदमासी।

७५. मामुक्षी कोट हो र।

७६. यो त चीज पो हो त चीज।

तालिका नं. ८ : निर्धारित कथाको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ७१ र ७२ | कालिक | अतीतका | |
| | पारस्परिक | स्वागत-समारोह | |
| | पारस्परिक | पूजा-आजा | |
| | पारस्परिक | जन्ती-भोज | |
| | स्थानिक | जम्मैमा | |

| | | | |
|---|---|---|---|
| | पारस्परिक | प्रखर-प्रदिप्त | |
| | पारस्परिक | मौन-मुखरित | |
| | आत्मवाचक | आफ्नो | माउजङ बाबुसाहेवको |
| | संयोजक | अनि | |
| | कालिक | इतिहास | |
| | आत्मवाचक | आउनो | माउजङ बाबुसाहेबको |
| | स्थानिक | सम्भनाक्रममा | |
| | आत्मवाचक | आफ्नो | |
| | कालिक | पुरानो | |
| ७२ र ७३ | संयोजक | पनि | |
| | सम्बन्धवाचक | जुन | |
| | स्थानिक | अवसरमा | |
| | संयोजक | पनि | |
| | दर्शनवाचक | यही | |
| | निपात | नै | |
| | निश्चयवाचक | हो | |
| ७३ र ७४ | स्थानिक | गुरुतामा | |
| | संयोजक | मने | |
| ७४ र ७५ | निश्ययवाचक | हो | |
| | निपात | र | संयोजकका रूपमा होइन |
| ७५ र ७६ | सार्वनामिक | यो | |
| | निपात | त | |
| | निपात | पो | |
| | निश्चयवाचक | हो | |
| | पुनरावृत्ति | त | |
| | पुनरावृत्ति | चीज | |

माथिका तालिका अनुसार वाक्य सङ्ख्या ७१ र ७२ का बीचमा पाँचवटा पारस्परिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। त्यसैगरी तीनवटा कालिक, दुईवटा स्थानिक, तीनवटा आत्मवाचक, एकवटा संयोजकको प्रयोग भएको पाइन्छ। वा.सं. ७२ र ७३ का बीचमा दुईवटा

संयोजक पनि, पनि, प्रयोग भएको पाइन्छ । त्यसैगरी एकएकवटा सम्बन्धवाचक स्थानिक, दर्शनवाचक, निश्यचवाचकको प्रयोग देखिन्छ ।

वा.सं. ७३ र ७४ का बीचमा एकएकवटा स्थानिक र संयोजकको प्रयोग भएको पाइन्छ । वा.सं. ७४र७५ का बीचमा एकएकवटा निश्चयवाचक र निपातको प्रयोग भएको छ । वा.सं. ७५ र ७३ का बीचमा एकएकवटा सार्वनानमिक, निपात, निश्चयवाचक, पुरनावृत्तिको प्रयोग गरेको छ । त्यसैगरी दुईवटा संयोजकको प्रयोग भएको देखिन्छ ।

यसरी प्रस्तुत आठौ अनुच्छेदमा विविध प्रकारका सम्बद्धकको प्रयोग भएर कथालाई थप अन्वितिपूर्ण र शृङ्खलाबद्ध बनाएको छ । यस अनुच्छेदमा पारस्परिक सम्बद्धकको प्रयोग अलिक बढी भएको देखिन्छ ।

**४.२.९. निर्धारित कथाको नवौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धरित कथाको नवौँ अनुच्छेदमा वा.सं ७७ देखि ९३ सम्म जम्मा १७ वटा वाक्यहरू रहेको छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

७७. केन्द्रीय सरकारको गृहमन्त्रीका दौडाहा हुने भएकाले मन्त्रीज्यूको स्वागतको प्रबन्ध मिलाउने कमिटीले मउजङ्ग बाबुसाहेबलाई निम्त्याएको थियो ।

७८. नेपालगञ्ज बजारमा जानुभन्दा एक दिनअधि नै बडो सावधानी साथ बाबुसाहेबले आफैं त्यस हवाइटवे लेडला कम्पनीले बनाएको कोटलाई राम्ररी सुकाएर ब्रस लगाउन थाले ।

७९. धुलाको मुस्लो नै उठेको जस्तो थियो ।

८०. छिः कहिले पनि ब्रस लगाएकै रहेनछ ।

८१. उसले सुसारे, नोकर्नी, बैठकदेखि रानीसाहेबलाई समेत झपारे क्या हो यो ।

८२. आफैं नगरे हेर्नु देख्न केही पनि छैन, होलान ?

८३. यो वास धूलो, यस्तो कोटमा !

८४. यसैले त यसको रङ्ग नै धमिलिएको ।

८५. नत्र रङ उड्ने खालको हो र यो ?

८६. बेन्सन क्लाथ धुलेधुलोले भरिभराउ पारेर सक्कली रङ नै सखाप भएको पो त ।

८७. गोरु........जति गरे पनि धुलो निस्कँन होड्दैन, बा....बा.... के हो यो ?

८८. ‘बाबुसाहेबले बडो मुस्किलका साथ कोटलाई झारझुर पारी कीलामा झुन्ड्याए ।

८९. माथिबाट एउटा झत्रोले बेरे ।

९०. एउटा कुरा रहीरही बिभ्भन थाल्यो 'कति ठाउँमा कोट खुम्चिएको रहेछ ।

९१. इस्त्री गर्नुपर्ने हो, यहाँ गाउँमा कसलाई दिने ।

९२. समस्या नै जटिल थियो ।

९३. भ्भोलि बिहानै आठ बाजे बहाहाकिमकहाँ जानुपर्ने......।

तालिका नं. ९ : निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं.. | सम्बद्धक | प्रयुक्त शब्द | सङकेतिक अर्थ |
|---|---|---|---|
| ७७ र ७८ | स्थानिक | नेपालगन्ज | |
| | स्थानिक | बजारमा | |
| | कालिक | एक दिन अघि | |
| | निपात | नै | |
| | आत्मवाचक | आफ्नै | |
| | दर्शनवाचक | त्यस | माउजङको कोट |
| ७८ र ७९ | निपात | नै | |
| ७९ र ८० | निपात | छि | |
| | प्रश्नवाचक | कहिले | |
| | संयोजक | पनि | |
| ८० र ८१ | सार्वनामिक | उसले | माउजङ बाबुसाहेबले |
| | दर्शनवाचक | यो | |
| ८१ र ८२ | आत्मवाचक | आउनै | |
| | संमोजक | पनि | |
| ८२ र ८३ | सार्वनामिक | यो | |
| | दर्शनवाचक | यस्तो | |
| | स्थानिक | कोटमा | |
| ८३ र ८४ | सार्वनामिक | यसैले | |
| | निपात | त | |
| | दर्शनवाचक | यसको | |
| | निपात | नै | |
| ८४ र ८५ | संयोजक | र | |
| | दर्शनवाचक | यो | |

| | | | |
|---|---|---|---|
| ८५ र ८६ | निपात | नै | |
| | निपात | पो | |
| | निपात | त | |
| ८६ र ८७ | संयोजक | पनि | |
| | प्रश्नवाचक | के | |
| | दर्शनवाचक | यो | |
| ८७ र ८८ | संयोजक | साथ | |
| | स्थानिक | कीलामा | |
| ८८ र ८९ | प्रश्नवाचक | एउटा | |
| ८९ र ९० | प्रश्नवाचक | एउटा | |
| | पारस्परिक | रहीरही | |
| | स्थानिक | ठाउँमा | |
| ९० र ९१ | दर्शनवाचक | यहाँ | |
| | स्थानिक | गाउँमा | |
| | प्रश्नवाचक | कसलाई | |
| ९१ र ९२ | निपात | नै | |
| ९२ र ९३ | कालिक | भोलि | |
| | कालिक | बिहानै | |
| | कालिक | आठ | |
| | स्थानिक | बडाहाकिमकहाँ | |

माथि उल्लेखित तालिका अनुसार वा.सं.. ७७ र ७८ का बीचमा दुईवटा स्थानिक, एकएकवटा कालिक, संयोजक, आत्मवाचक र दर्शनवाचक सम्बद्धहरूको प्रयोग भएको देखिन्छ। वा.सं.. ७८ र ७९ का बीच एकएकवटा निपात नै को प्रयोग भएको छ। वा.सं.. ७८ र ७९ का बीचमा एकएकवटा निपात, प्रश्नवाचक र संयोजक को प्रयोग भएको छ। वा.सं.. ७९ र ८० का बचमा एकएकवटा निपात, प्रश्नवाचक र संयोजक को प्रयोग भएको छ। वा.सं. ८० र ८१ का बीचमा एउटा सार्वनामिक र एउटा दर्शनवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ८१ र ८२ का बीचमा एकएकवटा आत्मवाचक र संयोजकको उपस्थिति भएको छ। वा.सं. ८२ र ८३ का बीचमा एउटा सार्वनामिक, एउटा दर्शनवाचक र स्थानिक सम्बद्धकको प्रयोग छ। वा.सं. ८३ र ८४ का बीचमा दुईवटा निपात र एकएकवटा सार्वनामिक र दर्शनवाचक सम्बन्धकको प्रयोग

देखिन्छ । वा.सं. ८४ र ८५ का बीचमा एक संयोजक र अनि एक दर्शनवाचक यो को प्रयोग देखिन्छ ।

वा.सं. ८५ र ८६ का बीचमा तीन वटा नै, पो र त निपातको प्रयोग भएको पाइन्छ । वा.सं. ८६ र ८६ का बीचमा एकएकवटा संयोजक, प्रश्नवाचक र दर्शनवाचकको प्रयोग भएको छ । वा.सं. ८७ र ८८ का बीचमा एउटा संयोजक र एउटा स्थानिक सम्बद्धकको प्रयोग देखिन्छ । वा.सं. ८८ र ८९ का बीचमा एक प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ८९ र ९० का बीचमा एकएकवटा प्रश्नवाचक पारस्परिक, स्थानिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ९० र ९१ का बीचमा एकएक दर्शनवाचक, स्थानिक र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ९१ र ९२ का बीचमा नै निपातको प्रयोग देखिन्छ । वा.सं. ९२ र ९३ का बीचमा तिन वाट कालिक र एउटा स्थानिक सम्बद्धकको प्रयोग भएको छ ।

यसरी प्रस्तुत कथाको नवौं अनुच्छेदमा विविध प्रकारका सम्बद्धकहरूको प्रयोग भएको छ । समात्तर रूपमा नै सम्बद्धकहरूको प्रयोग देखिन्छ । जसले गर्दा कथालाई अन्तिलिपूर्ण बनाउने महत्वपूर्ण भूमिका खेलेका छन् ।

**४.३.१० निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको दसौं अनुच्छेदमा वा.सं. ९४ देखि ९६ सम्म जम्मा ३ वटा वाक्यहरू रहेको छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

९४. दोस्रो दिन कोट पोको पारी एउटालाई बोकाई बिहान ६ बजे नै बाबुसाहेब नेपालगञ्जतिर लागे ।

९५. बजारको एक छेउमा नै रहेको गुरदिन धोवीको घरमा पुगी बाहिरैबाट उसलाई बोलाए ।

९६. ..... ल त गुरदिन अलि हिफाजतको साथ मेरो कोटमा इस्त्री गरी दे त ।

तालिका नं १० : निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ९४ र ९५ | कालिक | दोस्रो दिन | |
| | प्रश्नवाचक | एउटालाई | |
| | कालिक | बिहान ६ बजे | |
| | निपात | नै | |
| | स्थानिक | नेपालगन्जतिर | |

| | | | |
|---|---|---|---|
| | स्थानिक | बजारको | |
| | स्थानिक | एक छेउमा | |
| | निपात | नै | |
| | स्थानिक | घरमा | |
| | स्थानिक | बाहिरैबाट | |
| | सार्वनामिक | उसलाई | धोवीलाई |
| ९५ र ९६ | निपात | ल | |
| | निपात | त | |
| | संयोजक | अलि | |
| | सार्वनामिक | मेरो | माउजङ बाबुसाहृबको |
| | स्थानिक | कोटमा | |
| | निपात | त | |

माथिको तालिका अनुसार वा.सं. ९४ र ९५ का बीचमा तीनवटा कालिक सम्बद्धकको प्रयोग देखिन्छ त्यसैगरी प्रश्नवाचक सम्बद्धक एउटा, निपात दुईवटा, पाँचवटा स्थानिक र एकवटा सार्वनामिक सम्बद्धकको प्रयोग भएको पाइन्छ। वा.सं. ९५ र ९६ का बीचमा तीनवटा निपात, एकएकवटा सार्वनामिक, संयोजक, स्थानिक, स्थानिक सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ।

यसरी प्रस्तुत कथाको दसौं अनुच्छेदमा स्थानिक र निपातको बढी प्रयोग भएको पाइन्छ। अरू पनि सम्बद्धकको प्रयोग भएको छ। जसले कथालाई शृङ्खलाबद्ध बनाएको देखिन्छ।

**४.२.११. निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको एघारौँ अनुच्छेदमा वा.सं. ९७ देखि ९७ सम्म जम्मा १ वटा वाक्य रहेको छ। ती वाक्यका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

९७. गुरदिनले कालिगडीको नजरले हेर्दै भन्यो 'हुन्छ सरकार इस्त्री तताउन पर्‍यो, एकछिनमा मानिस पठाइबक्से तयार पारी पठाइदिनेछु।'

तालिका नं. ११ : निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ९७ र ९८ | सार्वनामिक | गुरदिनले | इस्त्री लगाउने मानिस |
| | स्थानिक | छिनमा | |

माथिको तालिका अनुसार वाक्य सङ्ख्या ९७ र ९८ का बीचमा एकएकवटा सार्वनमिक गुरदिनले र छिनमा सम्बद्धकको प्रयोग देखिन्छ ।

यसरी प्रस्तुत कथाको एघारौ अनुच्छेदमा अरू सम्बद्धकको प्रयोग भएको पाइँदैन । एकएक सार्वनामिक र स्थानिक सम्बद्धकले कथालाई सिलसिलेवार बनाएको देखिन्छ ।

**४.२.१२ निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको बाह्रौं अनुच्छेदमा वा.सं. ९८ देखि १०० सम्म ३ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

९८. कुरा ठीकै थियो, तर धोवीको जात, फेरि टाइममा गरी दिएन भने अझ इस्त्री लगाउँदा कपडाको जात नै नचिनेर कतै डढाइदियो भने ........।

९९. भित्रै पसेर पनि बाबुसाहेबले भने ...... होइन म त्यो साहुको पसलमा चुरोट खान्छु इस्त्री चाँडै तता .....अनि इस्त्री लगाउने काइदा बताउँदै मामुली कोट त होइन नि ।

१००. मैले सिकाएको जस्तो इस्त्री गर्नुपर्छ ।

तालिका नं. १२ : निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ९८ र ९९ | संयोजक | तर | |
| | कालिक | टाइममा | |
| | संयोजक | भने | |
| | निपात | नै | |
| | संयोजक | भने | |
| | स्थानिक | भित्रै | |
| | संयोजक | पनि | |
| | संयोजक | भने | |
| | प्रथमपुरुष | म | |
| | दर्शनवाचक | त्यो | |
| | स्थानिक | पसलमा | |
| | कालिक | चाँडै | |
| | संयोजक | अनि | |

| | | | |
|---|---|---|---|
| | निपात | त | |
| | निपात | नि | |
| ९९ र १०० | आत्मवाचक | मैले | माउजङ बाबुसाहेबले |

माथिको तालिका अनुसार वा.सं. ९८ र ९९ का बीचमा सातवटा संयोजकको प्रयोग देखिन्छ। त्यसैगरी दुईवटा कालिक, तीनवटा निपात, दुईवटा स्थानिक एकएकवटा प्रथमपुरुष, दर्शनवाचकको सम्बद्धकहरूको प्रयोग भएको देखिन्छ। वा.सं. ९९ र १०० का बीचमा एकवटा आत्मवाचक सम्बद्धकको प्रयोग भएको पाइन्छ।

यसरी प्रस्तुत कथाको बाह्रौं अनुच्छेदमा संयोजकको बढी प्रयोग र कालिक, स्थानिक, निपात, आत्मवाचकको कम प्रयोग भएको देखिन्छ।

**४.२.१३ निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको तेहौ अनुच्छेदमा वा.सं. १०१ देखि १४९ सम्म जम्मा ४९ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

१०१. गुरदिनको अभिमानलाई चोट पयो।

१०२. 'कति-कति दामीभन्दा दामी कोट, प्यान्ट लुगा यही हातले इस्त्री गरे, बनाएँ, यो जाबो थोक्रो कोटमा मलाई सिकाउने।'

१०३. तर बाबुसाहेबका अगाडि उसले केही पनि भनेन।

१०४. 'हवस' मात्र भन्यो।

१०५. अनि बाबुसाहेब फर्केर पसलतिर जान लाग्दा क्षोमको वशवर्ती उसले कोटलाई कुनामा भएका लुगाका रासमा जोडसित फालेर आफूलाई नजान्ने भनेको साटो फेऱ्यो।

१०६. एकछिनमा इस्त्री गरम् भयो।

१०७. टेबुलमा लुगासुगा ओछयाई उसले कोट राख्ने बितिकै टाढा पसलबाट हेरिरहेका बाबुसाहेब पनि आएर नगिदै एउटौ त्रीपाईमा राज भए।

१०८. गुरदिनले कोटको बाहुलामा इस्त्री के राखेको थियो- 'ए गोरु, पानी लगा, पानी लगा, डढ्यो हत्पतिँदै बाबुसाहेब कराए।

१०९. वाल्ल परेर यसो टोल्याउँदै गुरदिनले भन्यो- 'सरकार अहिले त इस्त्रीमा ताप चढेकै छैन, मधुरो तातोमात्र छ, ठन्डा इस्त्री त्यति त नजान्ने कहाँ हुँर ?

११०. अनि टाउको झुकाई इस्त्री गर्न थाल्यो।

१११. बिस्तार-बिस्तार इस्त्री, गरम् हुँदै गयो ।

११२. बाबुसाहेबले मौका-मौकामा पानी राख्ने आदेश दिँदै गए ।

११३. यता उनको कुरा सुनेर गुरदिन मुमुरिँदै अपमानको क्षोम लिँदै गयो ।

११४. यस क्रममा कैयौं टेम्निकल घटना घटे, तर अन्त्यमा इस्त्री गर्न सिदियो ।

११५. बाबुसाहेबले गरम-गरम कोट लगाई जान थाल्दा- 'सरकार, बोहनी भएको छैन, एकाबिहानै यही काम गरेकी हुँ भनी धोबीले भन्दा दुई पैसा फाल्दै माउजङ बाबुसाहेबले भने- महिनावारी पाइराखेकै छस्, बोहनी भनेर पैसा लिने होइन ?

११६. अनि अक्कडिँदै बाबुसाहेब अगाडि बढे ।

११७. 'आज पो साराले थाहा पाउँछन्, यो कोट क्या हो ?

११८. अनि ब्रसले झारेर इस्त्री लगाउने बित्तिकै रवाफै अर्कै भयो ।

११९. जातको चीज-वस्तुको झन स्याहार-सुसार खोज्ने कुरो ।

१२०. म नै मूर्ख कीलामा झुन्ड्याउनु पर्ने हो र के गरुँ आफ्नो त यही हो नि !

१२१. फौज पाल्नुपर्छ, आम्दानी भनौं यही जानो बिर्ता !

१२२. तर .............।

१२३. बाबुसाहेब मनमनै झस्के ।

१२४. 'बिर्ता भनेको बिर्तै हो, राजाबाट पाएको गौरव पो त !

१२५. यसैले जिन्दगी बिताएँ, गर्ने जति गरेकै हुँ, ढङ्ग, नभएको पो, नत्र आम्दानी भनेको कस्तो हुन्थ्यो र ?

१२६. अनि तुरुन्तै बाबुसाहेबको नजर कोठामा दगुर्‍यो, पुरानो गौरव बोध प्रदिप्त हुँदै आयो ।

१२७. एकछिन अघि मात्र आएको हीनताबोधको ठाउँ त्यही चीरअभ्यस्त अहङ्कार त्यही शक्तिगत जम्मैले लिएर बाबुसाहेब आफ्नो हालैसम्म बितेको अदम्य क्षमता, अपरिहार्य, दुर्दान्तताको मूक बोधानुभावमा आइपरे ।

१२८. मनको यसै प्रवाहमा कहिले उनी बडाहाकिमको ढोकाभित्र पसेर वरन्डामा उभिए, थाहै पाएनन् ।

१२९. त्यहाँ पच्चीसौ मानिस बसेर कुराबानी गर्न थालेका थिए ।

१३०. माउजङ बाबुसाहेबलाई देख्ने बिपतकै बडाहकिमले भने- 'पहनेस, बाबुसाहेब अबेला गर्न भो ।

१३१. तपाईले त एउटा ढोका आफैँ बनाइदिनु पर्ने ।

१३२. अनि हाँस्तै पाखुरा समाती मेचमा बसाले ।

१३३. बस्ता-बस्तै बडाहाकिमले पाखुरा समातेका ठाउँमा कोट खुम्च्यो कि भनी निधो गर्न बिस्तारै बाबुसाहेबले बाहुलामा नजर पुऱ्याए ।

१३४.स्वागतसम्बन्धी कुराकानी चली नै रहयो ।

१३५. तनर मुखले हो-होइन, इत्यादि भन्दै गरे पनि बाबुसाहेबको अन्तर्चिन्तन केमा थियो भने- ‘कोटको बाहुलामा हात पर्ने बित्तिकै बडाहकिमले थाहा पायो होला कि कुन जातको लुगा रहेछ ।

१३६. ठट्टा हो र ?

१३७. जात भनेको जातै ।

१३८. तर एक दिनपछि नै एउटा काङग्रेसी मदिसेले ख्वाक भन्यो होइन बाबुसाहेब, भन्त्रीन्यू आउन्दा पनि यही ओभाकोट लगाउने ?

१३९. गर्मी त चढीसक्यो ।

१४०. बाबुसाहेबले कुनै जवाफ नदिएर एकपटक उसको अनुहारमा मात्र टोल्लाए ।

१४१. ‘कति बढेको कुजात, गर्मी भन्दैमा चार पैसाको मलमलको कुर्ता धोती लगाएर आउने हुँ र ।

१४२. नेपालबाट आउने मन्त्री पनि उनी कोट लगाएरै आउनेछन् थाहा छैन ।

१४३. जतिसुकै गर्मी भए पनि जर्नेलहरूको उर्दी पोसाक कश्मीरा, बनाएकै हुन्छ ।

१४४. फाइदा भनेको अतो, न, पत्तो, खै यसरी राजकाज के चल्छ र ?

१४५. मनमनै आफैँसित यी कुराहरू भने पनि मुखले केही नबोली उपेक्षा देखाए अर्कै कुरा गरिरहे ।

१४६. बीच-बीचमा, तर अघि कोटको कुरा उठाउने खद्धरको जवाहिरकोट लाएको काङ्ग्रेसीको ओठमा जहिले पनि मुसुमुसु हाँसो खेलिरहेको देखेर बाबुसाहेब मनमनै मुरमुरिन्थे पनि ।

१४७. ‘तर के गर्न, जमाना अर्कै छ ।

१४८. नत्रभने आज यो छुसी यस कोठको खिल्ली उडाउन सक्वयो र ?

१४९. एकाएक बाबुसाहेबले थाहा पाए बडाहकिमको नजर छिनछिनमा उनको गर्धनतिर कोटको कलरमा पुगिरहन्छ ।

तालिका नं. १३ : निर्धारित कथाको तेहौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | संङ्केतित अर्थ |
|---|---|---|---|
| १०१ र १०२ | प्रश्नवाचक | कति कति | |
| | संयोजक | भन्दा | |

| | | | |
|---|---|---|---|
| | दर्शनवाचक | यही | |
| | दर्शनवाचक | यो | |
| | स्थानिक | कोटमा | |
| | आत्मवाचक | मलाई | इस्त्री लगाउने मान्छे |
| १०२ र १०३ | संयोजक | तर | |
| | स्थानिक | अगाडि | |
| | तृतीय पुरुष | उसले | |
| | संयोजक | पनि | |
| १०४ र १०५ | संयोजक | अनि | |
| | स्थानिक | पसलतिर | |
| | तृतीय पुरुष | उसले | |
| | स्थानिक | कुनामा | |
| | स्थानिक | रासमा | |
| | आत्मवाचक | आफूलाई | |
| १०५ र १०६ | कालिक | एकछिनमा | |
| १०६ र १०७ | स्थानिक | टेबुलमा | |
| | सार्वनामिक | उसले | |
| | संयोजक | पनि | |
| | प्रश्नवाचक | एउटा | |
| १०७ र १०८ | स्थानिक | बाहुलामा | |
| | प्रश्नवाचक | के | |
| १०८ र १०९ | दर्शनवाचक | यसो | |
| | कालिक | अहिले | |
| | निपात | त | |
| | स्थानिक | इस्त्रीमा | |
| | पुनरावृत्ति | त | |
| | निपात | र | संयोजकका रूपमा होइन |
| १०९ र ११० | संयोजक | अनि | |

| | | | |
|---|---|---|---|
| ११० र १११ | पारस्परिक | बिस्तार-बिस्तार | |
| १११ र ११२ | कालिक | मौका-मौकामा | बेलाबेलामा |
| ११२ र ११३ | दर्शनवाचक | मता | |
| | सार्वनामिक | उनको | माउजङ बाबुसाहेबको |
| ११३ र ११४ | दर्शनवाचक | यस | |
| | कालिक | घटना | |
| | संयोजक | तर | |
| | कलिक | अन्त्यमा | |
| ११४ र ११५ | कालिक | एकाबिहानै | |
| | दर्शनवाचक | यही | |
| | संयोजक | भनी | |
| | सार्वनामिक | धोबीले | |
| | संयोजक | भन्दा | |
| | संयोजक | भने | |
| | संयोजक | भनेर | |
| ११५ र ११६ | संयोजक | अनि | |
| | कालिक | अगाडि | |
| ११६ र ११७ | कालिक | आज | |
| | निपात | पो | |
| | दर्शनवाचक | यो | |
| | निश्चयवाचक | हो | |
| ११७ र ११८ | संयोजक | अनि | |
| ११८ र ११९ | पारस्परिक | स्याहार-सुसार | |
| ११९ र १२० | प्रथम पुरुष | म | |
| | निपात | नै | |
| | स्थानिक | किलामा | |
| | निश्चमवाचक | हो | |
| | संयोजक | र | |

| | | | |
|---|---|---|---|
| | प्रश्नवाचक | के | |
| | आत्मवाचक | आफ्नो | |
| | संयोजक | त | |
| | दर्शनवाचक | यही | |
| | निश्चयवाचक | हो | |
| | निपात | नि | |
| १२० र १२१ | संयोजक | भनौं | |
| | दर्शनवाचक | यही | |
| १२१ र १२२ | संयोजक | तर | |
| १२२ र १२३ | स्थानिक | मनमनै | |
| १२३ र १२४ | निश्चयवाचक | हो | |
| | संयोजक | पो | |
११. दर्य, गौरव र आतङ्कहरूको यस क्रममा नै बाबुसाहेबको वास्तविक नाउँ, जो कदाचित् 'हुमायुँ' जङ्गबहादुर राणा थियो होला, सारा जिभ्रोपर्यन्तलाई भयत्रस्त पारी माउजङ बाबुसाहेब पनि हुन गएको थियो ।

तालिका नं. २३ : निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ५ र ६ | स्पष्टोक्ति सम्बन्ध |
| ६ र ७ | स्पष्टोक्ति सम्बन्ध |
| ७ र ८ | अप्रत्यक्ष सम्बन्ध |
| ८ र ९ | स्पष्टोक्ति सम्बन्ध |
| ९ र १० | स्पष्टोक्ति सम्बन्ध |
| १० र ११ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ५ र ६ मा स्पष्टोक्तिको सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. ५ मा बाबुसाहेबको बारेमा कुरा उठान गरिएको छ अनि वा ६ मा त्यस कुरालाई प्रष्ट पार्न खोजिएको छ र स्पष्टोक्ति सम्बन्ध स्थापित हुन गएको देखिन्छ । वा.सं. ६ र ७ मा पनि माउजङ बाबुसाहेबकै बारेमा चर्चा गरिएकाले स्पष्टोक्ति सम्बन्ध स्थापित हुन गएको पाइन्छ । वा.सं. ७ र ८ मा कुनै सम्बन्ध नभएको जस्पनि कुनै न कुनै रूपमा सम्बन्धित भएकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ । वा.सं. ८ र ९ मा स्पष्टोक्ति सम्बन्ध देखिन्छ । वा.सं. ९ र १० र १० र ११ मा पनि माउजङ बाबुसाहेबको विशेषतालाई प्रष्ट पार्न खोजिएको जस्तो देखिन्छ, त्यसैले स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ ।

यसरी प्रस्तुत कथाको दोस्रो अनुच्छेदमा बढी मात्रा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ ।

**४.४.३ निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

निर्धारित कथाको तेस्रो अनुच्छेदमा वा.सं. १२ र देखि ३१ सम जम्मा २० वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

१२. महाभारतकालमा यदि गाण्डीव धनुष महावीर अर्जुनको प्रतिक थियो भने राणाकालमा माउजङ बाबुसाहेबको आतङ्क प्रतिक त्यो कोट नै थियो ।

१३. अजेय गौरवशाली त्यस कोटबारे कुनै कुरा कोट्याउन कसैको हिम्मत थिएन ।

१४. समयधष्टताले गर्दा त्यस कोटको मूल चहकिलो माउजङ आज धुस्रो, फुस्रो र मैलो, विरूप हुन गए पनि साराकाक आँखामा त्यो कोट चहकिले मासरङकै देखा पर्दथ्यो ।

१५. हो, यता प्रजातन्त्रपछि माउजङ बाबुसाहेबको कोटावृत्त व्यक्तित्व मुर्मुरिएको र कोटलाई पनि मैलो, पुरानो, धमिलो भनेर सबैले उपहार टक लगाएर हेर्ने घृणता पार्न थालेका थिए, अझ कोही त मुसुमुसु हाँस्न पनि बाँकी राख्तैनथे ।

१६. कहाँसम्म भने कसैकसैले त अब नजाने कुन सुत्र लिएर हो, यो पनि भन्ने साहस गर्न थालिसकेका थिए कि फलामा सालमा फलाना प.क.ज. ले बकस दिएको कोट पो त ।

१७. अझ यति मात्रै कहाँ, कोटको पुरात्वान्वेषणमा कुन्नि कसरी हो, यो पनि कसैकसैले थाहा पाएका छन् कि 'नेपालको उल्लिखित प.क.ज. साहेबको छ्यातेको बिहामा बकस दिन भनी पोसाकेले झिकेर ल्याएको कोट चाकरीमा पुगेका बाबुसाहेबलाई दिएको पो त !

१८. कुन्नि कुन दुर्विधानले माउजङ बाबुसाहेबको कानमा पनि एक दिन यी कुराहरू पुगे ।

१९. त्यस दिन बाबुसाहेबले भित्ताको किलामा झुण्डिएको कोटलाई हेरिरहे र यस प्रजातन्त्रकालमा पनि अतीत इतिहासको स्मरण गरे ।

२०. उनले सम्झे कि - प.क.ज. साहेबबाट बक्सिएको यही कोट अब पहिलो दिन उनको हातमा परेको थियो, कसरी कोटबाट मगमग उड्ने मीठो बासले वातावरणलाई सुवासित पारिदिएको थियो ।

२१. उसबखत त्यहाँ भएका अरूहरूको कस्तो लोभिएको दृष्टि त्यसमा परेको थियो र पहिलो पटक उनले कोट धारण गर्दा बाहुलाले लिनेनमा उनका दुवै हात कसरी सर्र चिप्लिदैं पसेका थिए ।

२२. जीउमा टम्म बस्न गएको त्यो कोट, जो आज फलामे किलामा झुण्डिएको छ, कतिको गहकिलो रूप-रवाफ, सम्पन्नता आदरको प्रतिनिधि भएर बाबुसाहेबको जिउलाई कुशल-कृतार्थ पारेको थियो ।

२३. अनिपछि डेरामा आउँदा, सँगै नेपाल आएकी रानीसाहेबको जिउलाई कुशल कृतार्थ पारेको थियो ।

२४. अनिपछि डेरामा आउँदा, सँगै नेपाल आएकी रानीसाहेबले कसरी आश्चर्य विमुढा भई आफ्नै हातले बाबुसाहेबको जिउबाट कोट झिकी झुण्ड्याउनुभन्दा अघि ओल्टाई पल्टाई हेरेकी थिइन् ।

२५. अक्ष कोटको भित्री लिनेनपर्यन्त टलटल टल्केको देखेर लोभिएर लिनेनलाई बिस्तारै मुसारेकी थिइन् ।

२६. अँ, उसबखत बाबुसाहेबले झर्कँदै रानीसाहेबलाई झपारेका पनि थिए 'के गरेकी एक पाखेकी छोरी, मुसार्दा भित्री मौलिन्छ भन्ने कुरो पनि थाहा छैन ?'

२७. तर्सिएर पनि हास्तै हाँस्तै रानीसाहेबले कोट झुन्डाएकी थिइन् ।

२८. अनि कोठामा कोहि नभएको बखत उठी बाबुसाहेबले पनि यसै कोटलाई मुसारेका थिए, पछि भित्री पाकेटमा टाँसिएको टेबुलमा ह्वाइटवे लेडला यान्डको, टेलरिङ, यान्ड आउटफिट डिपार्टमेन्ट भन्ने कतिपय शब्दहरूलाई नाउँसम्म लेख्न पढ्न सक्ने आफ्नो अङ्गेजी अक्षरको ज्ञानमा बडो मुस्किलले जोरी गाँसी पढेर कुनै शास्त्र नै पढेझैं स्तम्भित, चकित भएका थिए ।

२९. वस्तुतः त्यही सानो लेबुन नै त्यस कोटको राजसी महिमाको गौरव, विपुलताको, गुरुत्वगर्वको केन्द्रित प्रमाण-पट्टिका थियो ।

३०. अनि पछि क्रमशः बाबुसाहेबले नै पनि अनेकौं मौका, उपकरणहरू उभ्याएर कति कति अवसरमा कति कति जनालाई त्यही लेबुल देखाई पढ्न लगाएर अपरिमेय गौरवबोध परेका कुरा पनि बाबुसाहेबले आज सम्झे ।

३१. तर परचक्री समय, हरे, आज त्यस्तो कोटलाई हाम्रो प.क.ज.ले बकस दिएको भनेर मात्र होच्याउने..... ।

तालिका नं. २४ : निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|

| | |
|---|---|
| १२ र १३ | स्पष्टोक्ति सम्बन्ध |
| १२ र १४ | स्पष्टोक्ति सम्बन्ध |
| १४ र १५ | स्पष्टोक्ति सम्बन्ध |
| १५ र १६ | स्पष्टोक्ति सम्बन्ध |
| १६ र १७ | स्पष्टोक्ति सम्बन्ध |
| १७ र १८ | घटना परिवेशको सम्बन्ध |
| १८ र १९ | प्रभात प्रतिफलको सम्बन्ध |
| १९ र २० | स्पष्टोक्ति सम्बन्ध |
| २० र २१ | स्पष्टोक्ति सम्बन्ध |
| २१ र २२ | स्पष्टोक्ति सम्बन्ध |
| २२ र २३ | अनुक्रम बोधक सम्बन्ध |
| २३ र २४ | स्पष्टोक्ति सम्बन्ध |
| २४ र २५ | अनुक्रम बोधक सम्बन्ध |
| २५ र २६ | स्पष्टोक्ति सम्बन्ध |
| २६ र २७ | प्रश्नोत्तर सम्बन्ध |
| २७ र २८ | अनुक्रम बोधक सम्बन्ध |
| २८ र २९ | स्पष्टोक्ति सम्बन्ध |
| २९ र ३० | स्मरणको सम्बन्ध |
| ३० र ३१ | आर्थी विपयार्यको सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. १२, १३, १४, १५, १६ मा अघिल्लो वाक्यलाई स्पष्ट पार्न पछिल्लो वाक्यको प्रयोग भएका कारण स्पष्टोक्ति सम्बन्धको स्थापना भएको छ। वा.सं. १७ र १८ मा पहिलो वाक्यमा घटना र पछिल्लो वाकयमा परिवेशको स्थापना भएका कारणले घटना परिवेशको सम्बन्ध भएको देखिन्छ। वा.सं. १८ र १९ मा अघिल्लो वाक्यका प्रभावले पछिल्लो वाक्य आएकाले प्रभाव प्रतिफलको सम्बन्ध भएको देखिन्छ। वा.सं. १९ र २० मा स्पष्टोक्तिको सम्बन्ध रहेको पाइन्छ। त्यस्तै वा.सं. २०, २१ र २२ मा पनि अघिल्लो वाक्यलाई प्रष्ट पार्न पछिल्लो वा.सं. आएकाले स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२ र २३ का अनुक्रमबोध सम्बन्ध रहेको देखिन्छ। यी वाक्यहरू अनुक्रममा आएकाले अनुक्रमबोधक सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. २३ र २४ मा स्पष्टोक्ति सम्बन्ध रहेको छ। वा.सं. २४ र २५ मा दुई वाक्यहरू तार्किक अनुक्रममा रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. २५ र २६ मा

स्पष्टोक्तिको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २६ र २७ मा प्रश्न र उत्तरको शैलीमा रहेकाले प्रश्नोत्तर सम्बन्ध रहेको देखिन्छ। वा.सं.२७ र २८ मा अनुक्रम बोधकको सम्बन्ध रहेको देखिन्छ। वा.सं. २८ र २९ मा स्पष्टोक्तिको सम्बन्ध रहेको देखिन्छ। अघिल्लो वाक्यलाई प्रष्ट पार्न पछिल्लो प्रयोग गरिएकाले सम्बन्ध स्थापित भएको पाइन्छ। वा.सं. २९ र ३० स्मरणको सम्बन्ध रहेको छ। बाबुसाहेबले पुरानो कुरा सम्झेकाले स्मरणको सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. ३० र ३१ मा आर्थी विपयार्यको सम्बन्ध भएको देखिन्छ। पहिलो वाक्य र पछिल्लो वाक्य अर्थगत विपयार्य रहेकाले आर्थी विपयार्यको सम्बन्ध भएको देखिन्छ।

यसरी प्रस्तुत कथाको तेस्रो अनुच्छेदमा स्पष्टोक्ति, घटना परिवेश, प्रभाव प्रतिफल, अनुक्रमबोधक, प्रश्नोत्तर, स्मरण, आर्थी विपयार्य जस्ता सम्बन्धहरू प्रयोग भएका छन्।

### ४.४.४ निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको चौथो अनुच्छेदमा वा.सं. ३२ र देखि ४९ सम्म जम्मा १८ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

३२. जुरुक्क उठेर बाबुसाहेबले कीलाबाट कोट झिकेर अलि उज्यालो ठाउँमा लगी निरीक्षणका दृष्टिले हेरे।

३३. 'क्या ग्यान्ड चिज रहेछ' कट नै कति ठिक्कको, कस्तो एक घर पनि यताउति नपारी त्यस्तरी होसियारीसाथ सिइएको कोट।

३४. ब्रम्हाले पनि मानिसको जिउ कुँद्रदा यति सावधानी त के राखेका होलान्!

३५. अनि मुक सोचिरहेको बाबुसाहेबको दृष्टि गर्धनतिर कोटको कलरमा पऱ्यो।

३६. मैलो भएर केही धस्किसकेको र त्यहाँका धागाहरू अलि झुत्रिएका प्रष्टै देखिन्थ्यो।

३७. त्यस्तै यसको महत्व कम पारेको त........।

३८. सबै थोक पुरानो त हुन्छ हुन्छ, मानिससम्म त बुढा हुन्छन्, तर बुढो हुँदैमा जात, घरान, गौरव, महिमा पनि बिग्रन्छ र ?

३९. यो कोट.........।

४०. अब त हिन्दुस्थानीहरूको राजमा परेका हवाइटवे लेडवा कम्पनीमा पनि यस्तो कोट त के तयार हुन्छ होला र ?

४१. ती कालिगडहरू खानै नपाएर गइसके होलान्।

४२. अब यस्तो हामी कोट लाउने को ?

४३.  कोट त के यो कपडा नै अब कहाँ छ ?

४४.  बेलायतमा पनि त अब यस्तो कपडा कहाँ बन्छ र ?

४५.  देखा नै पर्दैन ।

४६.  अङ्ग्रेजहरू पनि बिचरा ओह्रालो लागे ।

४७.  हिन्दुस्थान थियो र पो राजसी रवाफ, साारा दुनियाँभन्दा माथिल्ला तहका त्यहाँका लाटाहरूको समाज !

४८.  तब पो थियो होला लन्डनचाहिँ राजधानी !

४९.  हाम्रै काठमाडौँको पनि त अब त्यो रवाफ के होला र ?

तालिका नं. २५ : निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ३२ र ३३ | परिचयात्मक सम्बन्ध |
| ३३ र ३४ | समुच्चयबोधक सम्बन्ध |
| ३४ र ३५ | अप्रत्यक्ष सम्बन्ध |
| ३५ र ३६ | स्पष्टोक्ति सम्बन्ध |
| ३६ र ३७ | अनुत्रमबोधक सम्बन्ध |
| ३७ र ३८ | परिवेश घटनाको सम्बन्ध |
| ३८ र ३९ | प्रश्नोत्तर सम्बन्ध |
| ३९ र ४० | अप्रत्यक्ष सम्बन्ध |
| ४० र ४१ | अप्रत्यक्ष सम्बन्ध |
| ४१ र ४२ | अप्रत्यक्ष सम्बन्ध |
| ४२ र ४३ | प्रश्नार्थक सम्बन्ध |
| ४३ र ४४ | प्रश्नार्थक सम्बन्ध |
| ४४ र ४५ | प्रश्नोत्तर सम्बन्ध |
| ४५ र ४६ | अप्रत्यक्ष सम्बन्ध |
| ४६ र ४७ | परिवेश घटनाको सम्बन्ध |
| ४७ र ४८ | अप्रत्यक्ष सम्बन्ध |
| ४८ र ४९ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ३२ र ३३ मा परिचयतात्मक सम्बन्ध रहेको देखिन्छ । अघिल्लो वाकयमा माउजङ बाबुसाहेबले कोटलाई राम्ररी हेरेको प्रसङ्ग उठाएको छ अनि पछिल्लो

वाक्यमा त्यसका विशेषताको वर्णन गरिएकाले परिचयात्मक सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. ३३ र ३४ मा समुच्यबोधक सम्बन्ध रहेको पाइन्छ। अघिल्लो वाक्य र पछिल्लो दुवै समानान्तर हैसियतमा रहेकाले समुच्यबोधक सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. ३४ र ३५ मा कुनै सम्बन्ध नरहेको जस्तो देखिए पनि कुनै न कुनै रूपमा सम्बन्धित रहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं.३५ र ३६ मा अघिल्लो वाक्यलाई पछिल्लो वाक्यले प्रष्ट पारेकोले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। वा.सं. ३६ र ३७ मा दुई वाक्य अनुक्रममा आएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ३७ र ३८ मा अघिल्लो वाक्यमा परिवेशको चर्चा गरिएको र दोस्रो वाक्यमा घटित घटना प्रस्तुत गरेकाले परिवेश घटनाको सम्बन्ध रहेको देखिन्छ। वा.सं. ३८ र ३९ मा प्रश्नोत्तर सम्बन्ध रहेको देखिन्छ। प्रश्न र उत्तरको क्रम रहेकाले प्रश्नोत्तर सम्बन्ध रहेको देखिन्छ। वा.सं. ३९ र ४० मा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४० र ४१ मा पनि कुनै सम्बन्ध नरहेको जस्तो देखिए पनि कुनै न कुनै रूपमा सम्बन्धित रहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४१ र ४२ मा पनि अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४२ र ४३ मा प्रश्न प्रश्न दुवै वाक्यमा रहेकाले प्रश्नार्थक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४३ र ४४ मा पनि प्रश्नार्थक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४४ र ४५ मा प्रश्न र उत्तरको क्रममा रहेकाले प्रश्नोत्तर सम्बन्ध स्थापित रहेको छ। वा.सं. ४५ र ४६ मा कुनै सम्बन्ध नरहेको देखिए पनि कुनै न कुनै रूपमा सम्बन्धित रहेकोले अप्रत्यक्ष सम्बन्ध स्थापित भएको छ। वा.सं. ४६ र ४७ मा पहिलो वाक्यमा परिवेशको र दोस्रो वाक्यमा घटनाको चर्चा गरिएकोले परिवेश घटनाको सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४७ र ४८ मा कुनै सम्बन्ध देखिँदैन तर अप्रत्यक्ष रूपमा सम्बन्धित रहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. ४८ र ४९ मा पनि अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ।

यसरी प्रस्तुत कथाको चौथो अनुच्छेदमा विविध सम्बन्धहरूको प्रयोग भए पनि अप्रत्यक्ष सम्बन्धको बाहुल्य रहेको पाइन्छ।

### ४.४.५ निर्धारित कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको पाँचौं अनुच्छेदमा वा.सं. ५० देखि ५९ सम्म १० वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूको बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

५०. सोचाइको यही सिलसिलामा बाबुसाहेबले जर्नेलहरूका दरबार सम्झे त्यहाँका सजावट !

५१. पित्तले बुट्टा, परी, लता, फूल इत्यादि कालिगडी भएका फलामको पलङ डबल स्प्रिङ्ग, क्या लच्कने !

५२. ठूलाठूला भित्तै छाप्ने बाजा, जर्नेल र बेलायत, जर्मनी, रुस, रोमका राजा रानीहरूका सुनौला फ्रेमका ठूलामा पनि ठूला तस्विर !

५३. एकेकको दस हजारभन्दा पनि बढ्ता मोल पर्ने !

५४. आलमारी, याक, किताब राख्ने सेल्फ, थरीथरीका डिजाइनका मेच, टेबुल, पालिस भनेको त सुनेकै हो कि !

५५. अझ रेशमी मखमली विशाल सोफा सेटहरू, झल्लरवाल पर्दा !

५६. कहाँसम्म सम्झनु, धुरीदेखि, भित्ता, सिँढीसम्म जम्मै अद्रभुत, गन्हुँग्याइँ र वैभवको प्रर्दशनी नै जस्तो !

५७. अझ चाँदी भनेको त मामुली कुरो, सुन भनेको त परवाहै छैन ।

५८. चाँदी, सुनकै त्यति ठूलाठूला भाँडाकुँडा राम्रा फुलदान, त्यतिका राम्राराम्रा लुगा लाएकी राम्री राम्री नोकर्नी, सुसारे, केटीहरूका फौज, नोकर, चाकर, सुब्बा, छाते, मुखिया !

५९. मोटर, घोडा, बग्गी के, के, सम्झी साध्य छ र ती अचम्महरूलाई ?

तालिका नं. २६ : निर्धारित कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ५० र ५१ | परिचयात्मक सम्बन्ध |
| ५१ र ५२ | स्पष्टोक्ति सम्बन्ध |
| ५२ र ५३ | स्पष्टोक्ति सम्बन्ध |
| ५३ र ५४ | स्पष्टोक्ति सम्बन्ध |
| ५४ र ५५ | अनुक्रमबोधक सम्बन्ध |
| ५५ र ५६ | स्पष्टोक्ति सम्बन्ध |
| ५६ र ५७ | स्मरणको सम्बन्ध |
| ५७ र ५८ | अनुक्रमबोधक सम्बन्ध |
| ५८ र ५९ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ५० र ५१ मा परिचयात्मक सम्बन्ध रहेको पाइन्छ। अघिल्लो वाक्यले बाबुसाहेबले दरबारका विभिन्न सबै सजावट सम्झिएको प्रसङ्ग आएको छ, भने पछिल्लो वाक्यमा दरबारको विशेषताको वर्णन नगरिएकोले परिचयात्मक सम्बन्ध स्थापित रहेको देखिन्छ। वा.सं. ५१ र ५२, ५२ र ५३, ५३ र ५४ मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। अघिल्लो वाकयलाई पछिल्ला वाक्यहरूले प्रष्ट पार्दै गएकाले स्पष्टोक्ति सम्बन्ध भएको पाइन्छ। वा.सं. ५४ र ५५ मा वाक्यहरू अनुक्रममा भएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ५५ र ५६

मा अघिल्लो वाक्यलाई पछिल्लो वाक्यले स्पष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ । वा.सं. ५६ र ५७ मा स्मरणको सम्बन्ध रहेको छ। माउजङ बाबुसाहेबले पुरानो कुरा सम्झिएकोले स्मरणको सम्बन्ध रहेको पाइन्छ। त्यसै वा.सं. ५७ र ५८ त्यही पुरानो कुरा सम्झिएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ । वा.सं. ५८ र ५९ मा पनि वाक्यहरू अनुक्रममा आएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ ।

यसरी प्रस्तुत कथाको पाचौँ अनुच्छेदमा विविध प्रकारका सम्बन्धहरू रहेको पाइन्छ ।

### ४.४.६ निर्धारित कथाको छैटौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको छैटौँ अनुच्छेदमा वा.सं. ६० देखि ६२ सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

६०. त्यसपछि बाबुसाहेबले सारा दरबार र चाकरियाको घुइँचो, मानिसहरूको ठेलमेल, दगुन्याई पनि जम्मै सम्झे ।

६१. रवाफ भनेको त यस्तो पो त .......।

६२. तर अब ती सारा के होलान्, कहाँ होलान् ?

तालिका नं. २७ : निर्धारित कथाको छैटौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ६० र ६१ | स्मरणको सम्बन्ध |
| ६१ र ६२ | प्रश्नार्थक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ६० र ६२ मा माउजङ बाबुसाहेबले विगतको स्मरण गरेकाले स्मरणको सम्बन्ध भएको देखिन्छ । वा.सं. ६१ र ६२ मा बाबुसाहेबले प्रश्नका रूपमा कहाँ होलान् भनेर वाक्य प्रस्तुत भएकाले प्रश्नार्थक सम्बन्ध भएको देखिन्छ ।

यसरी प्रस्तुत कथाको छैटौँ अनुच्छेदमा दुईवटा स्मरणको र प्रश्नार्थक सम्बन्ध रहेको देखिन्छ ।

### ४.४.७ निर्धारित कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको सातौँ अनुच्छेदमा वा.सं. ६३ देखि ७० सम्म जम्मा ८ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल गरिएको छ ।

वा.सं.

६३. बाबुसाहेबले पुनः ओल्टाई पल्टाई हेरे ।

६४. त्यो त्यतिका महत्व, गौरव र महिमामय अतीतको प्रतिक, बेन्सन कपडा, हवाइटवे टेलरिङ विभागमा तयारी भएको कोट ।

६५. बाबुसाहेबले उठेर ससम्मान त्यो कोट किलामा झुड्याए अनि गौरवपूर्ण मानसिकताको प्रभावमा एउटा श्वास किसिमको गुरुत्वमय भावले आफ्नो आसनमा बसे ।

६६. भित्रभित्रै उनको अचेतनले एउटा बोध लियो कि 'अँह, यो केही पनि होइन, खाली भित्र ईश्वरले यस कोटको गौरव खप्न नसकेर मात्रै बढेका यी जम्मै काङ्ग्रेजी झुत्रेहरूले बाहिर बाहिर गिज्याउन नबोजेको नत्र भने आफैँ मनमनै त, जम्मै हेर्न पर्यन्त नपाएका त्यस्तो कोटप्रति लोभिएकै होलान् नि !'

६७. फटाहा, छुच्चा, छुसीहरू, हो त, नि बडो..........!

६८. नत्र, (बाबुसाहेब पुनः अतीतको मानसिकतामा पुगे) नत्र फलाना बडाहाकिम आउँदा भएको स्वागतमा यही कोट लगाएको बाबुसाहेबलाई नतिको सम्मानले रही रही हेर्दथे, सुब्बा लप्टनहरूको त कुरै के भो र !

६९. चाकरी गरी सानाहरूले भेट्टाएका हाकिमी जागिर !

७०. त्यो नि त्यो, मुगलानबाट एकपटक के मा हो के हेर्न आएको रे, जिल्ला कलक्टर अङ्ग्रेजले, अझ सिकार खेल्न बक्साइआएको भिस्टर कार्निसले पर्यन्त यस कोटलाई घरीघरी नहेरी सुखै कहाँ पाएका थिए र ?

तालिका नं २८ : निर्धारित कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ६३ र ६४ | स्पष्टोक्ति सम्बन्ध |
| ६४ र ६५ | स्पष्टोक्ति सम्बन्ध |
| ६५ र ६६ | अप्रत्यक्ष सम्बन्ध |
| ६६ र ६७ | अप्रत्यक्ष सम्बन्ध |
| ६७ र ६८ | स्मरणको सम्बन्ध |
| ६८ र ६९ | अप्रत्यक्ष सम्बन्ध |
| ६९ र ७० | प्रश्नार्थक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ६३ र ६४ मा स्पष्टोक्तिको सम्बन्ध रहेको देखिन्छ। अघिल्लो वाक्यमा माउजङ बाबुसाहेबले ओल्टाई पल्टाई हेरे भनेर प्रसङ्ग प्रस्तुत गरिएको छ भने पछिल्लो वाक्यले कोटलाई ओल्टाई पल्टाई हेरे भनेर प्रष्ट पारिएकोले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. ६४ र ६५ मा पनि त्यही कुरालाई प्रष्ट पार्न खोजिएकाले स्पष्टोक्ति

सम्बन्ध स्थापित भएको पाइन्छ। वा.सं. ६५ र ६६ मा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। अघिल्लो वाक्य र पछिल्लो वाक्यमा कुनै सम्बन्ध नरहेको जस्तो देखिए पनि केही केही रूपमा सम्बन्धित भएकाले अप्रत्यक्ष सम्बन्ध भएको देखिन्छ। वा.सं. ६६ र ६७ मा पनि अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. ६७ र ६८ मा स्मरणको सम्बन्ध रहेको देखिन्छ। अघिल्लो वाक्यसँग सम्बन्धित भएर विगतको सम्झना माउजङ बाबुसाहेबले गरेकाले स्मरणको सम्बन्ध रहेको देखिन्छ। वा.सं. ६८ र ६९ मा कुनै सम्बन्ध नरहे जस्तो भए तापनि कुनै न कुनै रूपमा सम्बन्धित भएकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. ६९ र ७० मा प्रश्नार्थक रूपमा प्रस्तुत भएकाले प्रश्नार्थक सम्बन्ध रहेको देखिन्छ।

यसरी प्रस्तुत कथाको सातौँ अनुच्छेदमा स्पष्टोक्ति, अप्रत्यक्ष, स्मरण, प्रश्नार्थक, सम्बन्धहरू रहेको देखिन्छ।

### **४.४.८ निर्धारत कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विलेषण**

निर्धारित कथाको आठौँ अनुच्छेदमा वा.सं. ७१ देखि ७६ सम्म जम्मा ६ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

७१. सम्झनाको यसै क्रममा बाबुसाहेबले अतीतका अनेकन उत्सव, भेटघाट, स्वभाव-समारोह, पुजा, आजा, जन्ती, भोज जम्मैमा प्रखर प्रदिप्त, मौन मुखरित रहेको आफ्नो महान् गौरव जात खाल इत्यादि लिएर ठूल्याँइ-बडाँइ जिसडित कोटको महिमाका अवसरहरू सम्झे।

७२. अनि बाबुसाहेबको कोटको सम्मान, महताकै सारा घटना, इतिहास आफ्नो सम्झनाक्रमका ल्याएर तदाजन्य स्वयम्को गौरव बोधमा आफ्नो पुरानो परिपुर्णता सँगाले।

७३. जहाँ पनि जुन अवसरमा पनि यहि गहिरो मासरङको कोट विभिन्न थरीका नजरहरूको केन्द्राकर्षण रही नै आएको हो।

७४. बाबुसाहेबले अपरिमेय गुरुतामा मनमनै भने- साराका सारा जम्मै बदमासी।

७५. मामुली कोट हो र।

७६. यो त चीज पो हो त चीज !

तालिका नं. २९ : निर्धारित कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ७१ र ७२ | स्मरणको सम्बन्ध |
| ७२ र ७३ | अप्रत्यक्ष सम्बन्ध |

| | |
|---|---|
| ७३ र ७४ | अनुक्रमबोधक सम्बन्ध |
| ७४ र ७५ | अनुक्रमबोधक सम्बन्ध |
| ७५ र ७६ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ७१ र ७२ मा स्मरणको सम्बन्ध रहेको देखिन्छ। माउजङ बाबुसाहेबले अतीतको स्मरण वर्तमानमा गरेकाले स्मरणको सम्बन्ध भएको देखिन्छ। वा.सं. ७२ र ७३ मा कुनै सम्बन्ध नरहे जस्तो देखिए पनि कुनै न कुनै रूपमा सम्बन्धित रहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। वा.सं. ७३ र ७४, ७५, ७६ वाक्यहरू तार्किक अनुक्रममा आएकाले अनुक्रमबोधक सम्बन्ध भएको देखिन्छ।

यसरी प्रस्तुत कथाको आठौँ अनुच्छेदमा विभिन्न प्रकारका सम्बन्धहरू रहेको देखिन्छ। यसरी प्रस्तुत सम्बद्धकहरूले पाठलाई वैचारिक निरन्तरताको सुत्रमा उन्ने काम गरेको पाइन्छ।

### ४.४.९ निर्धारित कथाको नवौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको नवौँ अनुच्छेदमा वा.सं. ७७ देखि ९३ सम्म जम्मा १७ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

७७. केन्द्रिय सरकारको गृहमन्त्रीका दौडाहा हुने भएकाले मन्त्रीज्यूको स्वागतको प्रबन्ध मिलाउने कमिटीले माउजङ बाबुसाहेबलाई निम्त्याएको थियो।

७८. नेपालगञ्ज बजारमा जानुभन्दा एक दिनअघि नै बडो सावधानी साथ बाबुसाहेबले आफैँ त्यस हवाइटवे लेडला कम्पनीले बनाएको कोटलाई राम्ररी सुकाएर ब्रस लगाउन थाले।

७९. धुलाको मुस्लो नै उठेको जस्तो थियो।

८०. छि ! कहिले पनि ब्रस लगाएकै रहेनछ।

८१. उसे सुसारे नोकर्नी, बैठकदेखि रानीसाहेबलाई समेत झपारे 'क्या हो यो ?'

८२. आफैँ नगरे हेर्नुदेख्न केही पनि छैन, होइन ?

८३. यो राम धुलो यस्तो कोटमा !

८४. यसैले त यसको रङ नै धमिलिएको।

८५. नत्र रङ उड्ने खालको हो र यो ?

८६. बेन्सन क्लाथ, धुलैधुलोले भरिभाउ पारेर सक्कली रङ नै सखाप भएको पो त।

८७. गोरु..........जति गरे पनि धुलो निस्कन छोड्दैन, ना...........ना के हो यो ?

८८. बाबुसाहेबले बडो मुस्किलका साथ कोटलाई झारझुर पारी किलामा झुन्डाए।

८९. माथिबाट एउटा झुत्रोले बेरे ।

९०. एउटा कुरा रहीरही बिभ्न्न थाल्यो - 'कति ठाउँमा कोट खुम्चिएको रहेछ ।'

९१. इस्त्री गर्नुपर्ने हो, यहाँ गाउँमा कसलाई दिने ।

९२. समस्या नै जटिल थियो ।

९३. भोली बिहानै आठ बजे बडाहाकिमकहाँ जानुपर्ने........... ।

तालिका नं. ३० : निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ७७ र ७८ | परिवेश र घटनाको स्वरूप |
| ७८ र ७९ | स्पष्टोक्ति सम्बन्ध |
| ७९ र ८० | स्पष्टोक्ति सम्बन्ध |
| ८० र ८१ | अनुक्रमबोधक सम्बन्ध |
| ८१ र ८२ | प्रश्नार्थक सम्बन्ध |
| ८२ र ८३ | प्रश्नोत्तर सम्बन्ध |
| ८३ र ८४ | स्पष्टोक्ति सम्बन्ध |
| ८४ र ८५ | अनुक्रमबोधक सम्बन्ध |
| ८५ र ८६ | प्रश्नोत्तर सम्बन्ध |
| ८६ र ८७ | अनुक्रमबोधक सम्बन्ध |
| ८७ र ८८ | परिवेश घटनाको सम्बन्ध |
| ८८ र ८९ | स्पष्टोक्ति सम्बन्ध |
| ८९ र ९० | अप्रत्यक्ष सम्बन्ध |
| ९० र ९१ | अनुक्रमबोधक सम्बन्ध |
| ९१ र ९२ | अनुक्रमबोधक सम्बन्ध |
| ९९२ र ९३ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ७७ र ७८ मा परिवेश घटनाको सम्बन्ध रहेको देखिन्छ । पहिलो वाक्यमा मन्त्री आउने परिवेशको चर्चा गरिएको छ, अनि दोस्रो वाक्यमा त्यस परिवेशका कारण माउजङ बाबुसाहेबले आफ्नो कोट सफा गर्न थालेको घटना प्रस्तुत गरिएकाले परिवेश घटनाको सम्बन्ध रहेको देखिन्छ । वा.सं. ७८ र ७९ मा स्पष्टोक्तिको सम्बन्ध रहेको देखिन्छ । पहिलो वाक्यलाई पछिल्लो वाक्यले प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ । वा.सं. ७९ र ८० मा पनि स्पष्टोक्ति सम्बन्ध रहेको रहेको पाइन्छ । वा.सं. ८० र ८१ मा वा.सं.हरू तार्किक

अनुक्रम अनुसार रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ । वा.सं. ८१ र ८२ मा दुवै वाकय प्रश्नका रूपमा आएकाले प्रश्नार्थक सम्बन्ध रहेको देखिन्छ । वा.सं. ८२ र ८३ मा प्रश्न र उत्तरको सिलसिलामा अघिल्लो र पछिल्लो वाक्य रहेकाले प्रश्नोत्तर सम्बन्ध भएको देखिन्छ । वा.सं. ८३ र ८४ मा पहिलो वाक्यलाई दोस्रो वाक्यले प्रष्ट पारेको देखिन्छ, त्यसैले गर्दा स्पष्टोक्ति सम्बन्ध स्थापित भएको छ । वा.सं. ८४ र ८५ मा अघिल्लो र पछिल्लो वाक्यहरू तार्किक क्रममा आएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ । वा.सं. ८५ र ८६ मा पहिलो वाक्य प्रश्नका रूपमा र दोस्रो वाक्य त्यसको उत्तरको रूपमा रहेकाले प्रश्नोत्तर सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. ८६ र ८७ मा पहिलो वाक्यमा धुलोको चर्चा गरिएको र पछिल्लो वाक्यमा पनि धुलोकै चर्चा गरिएकाले अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. ८७ र ८८ मा पहिलो वाक्यमा परिवेशको चर्चा भएपछि दोस्रो वाक्यमा घटित घटना प्रस्तुत भएकाले परिवेश घटनाको सम्बन्ध रहेको देखिन्छ । वा.सं. ८८ र ८९ मा पहिलो वाक्यलाई दोस्रो वाक्यले प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको छ । वा.सं. ८९ र ९० मा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । वा.सं. ९० र ९१ मा अघिल्लो र पछिल्लो तार्किक क्रममा रहेकाले अनुक्रमबोधक सम्बन्ध स्थापित भएको देखिन्छ । ९१ र ९२ मा र ९२ र ९३ मा पनि अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ ।

यसरी प्रस्तुत कथाको नवौं अनुच्छेदमा विभिन्न प्रकारका सम्बन्धहरू रहेका छन् । यसमा अरूभन्दा अनुक्रमबोधक सम्बन्धको बढी प्रयोग पाइन्छ ।

### ४.४.१० निर्धारित कथाको दसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको दसौँ अनुच्छेदमा वा.सं. ९४ देखि ९६ सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

९४. दोस्रो दिन कोट पोको पारी एउटालाई बोकाई बिहान ६ बजे नै बाबुसाहेब नेपालगञ्जतिर लागे ।

९५. बजारको एक छेउमा नै रहेको गुरदिन धोबीको घरमा पुगी बाहिरैबाट उसलाई बोलाए ।

९६. ........ ल त गुरदिन, अलि हिफाजतका साथ मेरो कोटमा इस्त्री गरी दे त ।

तालिका नं. ३१ : निर्धारित कथाको दसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ९४ र ९५ | अनुक्रमबोधक सम्बन्ध |
| ९५ र ९६ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ९४ र ९५ मा अघिल्लो वाक्यमा माउजङ बाबुसाहेब नेपालगञ्जतिर गएको प्रसङ्ग छ भने पछिल्लो वाक्यमा त्यसैको तार्किक क्रम अनुसार धोबीको घरमा पुगेको प्रसङ्ग रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। वा.सं. ९५ र ९६ मा पहिलो र दोस्रो वाक्य क्रमैसँग आएकाले अनुक्रमबोधक सम्बन्ध स्थापित भएको देखिन्छ।

यसरी प्रस्तुत कथाको दसौँ अनुच्छेदमा अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ।

### ४.४.११ निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित एघारौँ अनुच्छेदमा वा.सं. ९७ देखि ९७ सम्म जम्मा १ वटा वाक्यहरू रहेका छन्। ती वाकयहरूका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

९७. गुरदिनले कालिगडीको नजरले हेर्दै भन्यो हुन्छ सरकार, इस्त्री तताउन पर्यो, एक छिनमा मानिस पठाइबक्से तयार पारी पठाइदिनेछु।

तालिका नं. ३२ : निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक |
|---|---|
| ९६ र ९७ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ९६ र ९७ मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। पहिलो वाक्यमा माउजङ बाबुसाहेबले इस्त्री गर्न गुरदिनलाई दिएको र दोस्रो वाक्यमा गुरदिनले हुन्छ भनी प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ।

यसरी प्रस्तुत कथाको एघारौँ अनुच्छेदमा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ।

### ४.४.१२ निर्धारित कथाको बाह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको बाह्रौँ अनुच्छेदमा वा.सं. ९८ देखि १०० सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

९८. कुरा ठिकै यियो तर धोबीको जात, फेरि टाइममा गरी दिएन भने अझ इस्त्री लगाउँदा कपडाको जात नै नचिनेर कतै डढाइदियो भने...........।

९९. भित्रै पसेर पनि बाबुसाहेबले भने............ 'होइन म त्यो साहुको पसलमा चुरोट खान्छु इस्त्री चाँडै तता........ अनि इस्त्री लगाउने काइदा बताउँछु, मामुली कोट त होइन नि !'

१००. मैले सिकाएको जस्तो इस्त्री गर्नुपर्छ।

तालिका नं. ३३ : निर्धारित कथाको बाह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक |
|---|---|
| ९८ र ९९ | स्पष्टोक्ति सम्बन्ध |
| ९९ र १०० | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ९८, ९९, १०० मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। अघिल्लो वाक्यले पछिल्लोलाई प्रष्ट पार्दै लगेकाले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ ।

यसरी प्रस्तुत कथाको बाह्रौं अनुच्छेदमा स्पष्टोक्ति सम्बन्धको प्रयोग भएको पाइन्छ ।

**४.४.१३ निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको तेह्रौं अनुच्छेदमा वा.सं. १०१ देखि १४९ सम्म जम्मा ४९ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

१०१. गुरदिनको अभियानलाई चोट पर्यो ।

१०२. कति कति दामीभन्दा दामी कोट, प्यान्ट लुगा यही हातले इस्त्री गरेँ, बनाएँ, यो जाबो थोत्रो कोटमा मलाई सिकाउने ।

१०३. तर बाबुसाहेबका अगाडि उसले केही पनि भनेन ।

१०४. 'हवस' मात्र भन्यो ।

१०५. अनि बाबुसाहेब फर्केर पसलतिर जान लाग्दा क्षोभको वंशवर्ती उसले कोटलाई कुनामा भएका लुगाका रासमा जोडसित फालेर आफूलाई नजान्ने भनेको साटो फेर्यो ।

१०६. एक छिनमा इस्त्री गरम् भयो ।

१०७. टेबुलमा लुगासुगा ओछ्याई उसले कोट राख्ने बित्तिकै टाढा पसलबाट हेरिरहेका बाबुसाहेब पनि आएर नगिचै एउटै त्रीपाईमा राज भए ।

१०८. गुरदिनले कोटको बाहुलामा इस्त्री के राखेको थियो 'ए गोरु पानी लगा, पानी लगा, डढ्यो, डढ्यो हत्पर्दिँदै बाबुसाहेब कराए ।'

१०९. वाल्ल परेर यसो टोलाउँदै गुरदिनले भन्यो 'सरकार अहिले त इस्त्रीमा ताप चढेकै छैन, मधुरो तातो मात्र छ, ठन्डा इस्त्री, त्यति त नजान्ने कहाँ हुँ र ?

११०. अनि टाउको झुकाई इस्त्री गर्न थाल्यो ।

१११. बिस्तार बिस्तार इस्त्री गरम् हुँदै गयो ।

११२. बाबुसाहेबले मौका मौकामा पानी राख्ने आदेश दिँदै गए ।

११३. यता उनको कुरा सुनेर गुरदिन मुर्मुरिँदै अपमानको क्षोम लिँदै गयो ।

११४. यस क्रममा कैयौँ टेक्निकल घटना घटे, तर अन्त्यमा इस्त्री गर्न सिदियो ।

११५. बाबुसाहेबले गरम् गरम् कोट लगाई जान थाल्दा 'सरकार बोहनी भएको छैन, एकाबिहानै यही काम गरेको हुँ' भनी धोबीले भन्या दुई पैसा फाल्दै माउजङ बाबुसाहेबले भने महिनावारी पाइराखेकै छस्, बोहनी भनेर पैसा लिने होइन ?

११६. अनि अक्ककिदै बाबुसाहेब अगाडि बढे ।

११७. 'आज पो साराले थाहा पाउँछन्, यो कोट क्या हो ?'

११८. अनि ब्रसले झारेर इस्त्री लगाउने बित्तिकै रवाफै अर्कै भयो ।

११९. जातको चीज वस्तुको झन् स्याहार सुसार खोज्ने कुरो ।

१२०. म नै मुर्ख किलामा झुन्ड्याउनु पर्ने हो र के गरुँ आफ्नो त यही हो नि ।

१२१. फौजे पाल्नुपर्छ आम्दानी भनौँ यही जाबो बिर्ता !

१२२. तर...।

१२३. बाबुसाहेब मनमनै झस्के ।

१२४. बिर्ता भनेको बिर्तै हो, राजाबाट पाएको गौरव पो त !

१२५. यसैले जिन्दगी बिताएँ, गर्ने जति गरेकै हुँ, ढङ्ग नभएको पो, नत्र आम्दानी भनेको कम्ती हुन्थ्यो र ?

१२६. अनि तुरुन्तै बाबुसाहेबको नजर कोठामा दगुर्यो, पुरानो गौरव बोध प्रदित्व हुँदै आयो ।

१२७. एकछिन अघि मात्र आएको.....हीनताबोधको ठाउँ त्यही चिरअभ्यन्त अहङ्कार, त्यही शक्तितागत जम्मैले लिएर बाबुसाहेब आफ्नो हालैसम्म बितेको अदम्य क्षमता, अपरिहार्य दुर्दान्तताको मुक्त बोधानुभवमा आइपुगे ।

१२८. मनको यसै प्रवाहमा कहिले उनी बडाहाकिमको ढोकाभित्र पसेर बरन्डामा उभिए, थाहै पाएनन् ।

१२९. त्यहाँ पच्चीसौं मानिस बसेर कुराकानी गर्न थालेका थिए ।

१३०. माउजङ बाबुसाहेबलाई देख्नेबित्तिकै बडाहाकिमले भने- पाल्नोस्, बाबुसाहेब, अबेला गर्नुभो ।

१३१. तपाईंले त एउटा ढोका आफैँ बनाइदिनु पर्ने ।

१३२. अनि हाँस्तै पाखुरा समाती मेचमा बसाले ।

१३३. बस्ताबस्तै बडाहाकिमले पाखुरा समातेका ठाउँमा कोट खुम्च्यो कि भनी निधो गर्न बिस्तारै बाबुसाहेबले बाहुलामा नजर पुऱ्याए ।

१३४. स्वागत सम्बन्धी कुराकानी चली नै रह्यो ।

१३५. तर मुखले हो- होइन, इत्यादि भन्दै गरे पनि बाबुसाहेबको अन्तचिन्तन केमा थियो भने - 'कोटको बाहुलामा हात पर्ने बित्तिकै बडाहाकिमले थाहा पायो होला कि कुन जातको लुगा रहेछ ।'

१३६. ठट्टा हो र ?

१३७. जात भनेको जातै ।

१३८. तर एक दिनपछि नै एउटा काङ्ग्रेजी मदिसेले प्वाक्क भन्यो 'होइन बाबुसाहेब, मन्त्रीज्यू आउँदा पनि यही ओभरकोट लगाउने ?'

१३९. गर्मी त चढीसक्यो ।

१४०. बाबुसाहेबले कुनै जवाफ नदिएर एकपटक उसको अनुहारमा मात्र टोलाए ।

१४१. कति बढेको कुजात, गर्मी भन्दैमा चार पैसाको मलमलको कुर्ताधुती लगाएर आउने हुँ र !

१४२. नेपालबाट आउने मन्त्री पनि उनी कोट लगाएरै आउनेछन्, थाहै छैन ।

१४३. जतिसुकै गर्मी भए पनि जर्नेलहरूको उर्दीपोसाक कश्मीरा, बनाएकै हुन्छ ।

१४४. फाइदा भनेको अत्तो न पत्तो, खै यसरी राजकाज के चल्छ र ?

१४६. मनमनै आफैँसित यी कुराहरू भने पनि मुखले केही नबोली उपेक्षा देखाए अर्कै कुरा गरिरहे ।

१४७. तर के गर्नु, जमाना अर्कै छ ।

१४८. नत्रभने आज छुसी यस कोटको खिल्ली उडाउन सक्थ्यो र ?

१४९. एकाएक बाबुसाहेबले थाहा पाए बडाहाकिमको नजर छिनछिनमा उनको गर्धनतिर कोटको कलरमा पुगिरहन्छ ।

तालिका नं. ३४ : निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| १०१ र १०२ | स्पष्टोक्ति सम्बन्ध |
| १०२ र १०३ | आर्थी विपयार्यको सम्बन्ध |
| १०३ र १०४ | स्पष्टोक्ति सम्बन्ध |
| १०४ र १०५ | अनुक्रमबोधक सम्बन्ध |
| १०५ र १०६ | अप्रत्यक्ष सम्बन्ध |
| १०६ र १०७ | स्पष्टोक्ति सम्बन्ध |
| १०७ र १०८ | स्पष्टोक्ति सम्बन्ध |

| | |
|---|---|
| १०८ र १०९ | स्पष्टोक्ति सम्बन्ध |
| १०९ र ११० | अनुक्रमबोधक सम्बन्ध |
| ११० र १११ | परिवेश र घटनाको सम्बन्ध |
| १११ र ११२ | घटना र परिवेशको सम्बन्ध |
| ११२ र ११३ | परिवेश र घटनाको सम्बन्ध |
| ११३ र ११४ | स्पष्टोक्ति सम्बन्ध |
| ११४ र ११५ | प्रभाव प्रतिफलको सम्बन्ध |
| ११५ र ११६ | अनुक्रमबाधक सम्बन्ध |
| ११६ र ११७ | अप्रत्यक्ष सम्बन्ध |
| ११७ र ११८ | अनुक्रमबोधक सम्बन्ध |
| ११८ र ११९ | अप्रत्यक्ष सम्बन्ध |
| ११९ र १२० | अप्रत्यक्ष सम्बन्ध |
| १२० र १२१ | अप्रत्यक्ष सम्बन्ध |
| १२१ र १२२ | आर्थी विपयार्यको सम्बन्ध |
| १२२ र १२३ | परिवेश घटनाको सम्बन्ध |
| १२३ र १२४ | अप्रत्यक्ष सम्बन्ध |
| १२४ र १२५ | प्रश्नोत्तर सम्बन्ध |
| १२५ र १२६ | अनुक्रमबोधक सम्बन्ध |
| १२६ र १२७ | स्पष्टोक्ति सम्बन्ध |
| १२७ र १२८ | परिवेश घटनाको सम्बन्ध |
| १२८ र १२९ | स्पष्टोक्ति सम्बन्ध |
| १२९ र १३० | स्पष्टोक्ति सम्बन्ध |
| १३० र १३१ | अप्रत्यक्ष सम्बन्ध |
| १३१ र १३२ | अनुक्रमबोधक सम्बन्ध |
| १३२ र १३३ | स्पष्टोक्ति सम्बन्ध |
| १३३ र १३४ | अनुक्रमबोधक सम्बन्ध |
| १३४ र १३५ | आर्थी विपयार्यको सम्बन्ध |
| १३५ र १३६ | अप्रत्यक्ष सम्बन्ध |

| | |
|---|---|
| १३६ र १३७ | प्रश्नोत्तर सम्बन्ध |
| १३७ र १३८ | आर्थी विपयार्यको सम्बन्ध |
| १३८ र १३९ | प्रश्नोत्तर सम्बन्ध |
| १३९ र १४० | स्पष्टोक्ति सम्बन्ध |
| १४० र १४१ | स्पष्टोक्ति सम्बन्ध |
| १४१ र १४२ | स्पष्टोक्ति सम्बन्ध |
| १४२ र १४३ | स्पष्टोक्ति सम्बन्ध |
| १४३ र १४४ | अप्रत्यक्ष सम्बन्ध |
| १४४ र १४५ | प्रश्नोत्तर सम्बन्ध |
| १४५ र १४६ | स्पष्टोक्ति सम्बन्ध |
| १४६ र १४७ | आर्थी विपयार्यको सम्बन्ध |
| १४७ र १४८ | प्रश्नोत्तर सम्बन्ध |
| १४८ र १४९ | परिवेश घटनाको सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. १०१ र १०२ मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। पहिलो वाक्यलाई दोस्रो वाक्यले प्रष्ट पारेको देखिन्छ, पहिलो वाक्यमा गरदिनको अभिमानलाई चोट परेको कुरा उल्लेख गरिएको छ र पछिल्लोमा चोट पर्नुको कारण प्रष्ट पारिएकोले स्पष्टोक्ति सम्बन्ध भएको देखिन्छ। वा.सं. १०२ र १०३ मा आर्थी विपयार्यको सम्बन्ध रहेको देखिन्छ। वा.सं. १०३ र १०४ मा स्पष्टोक्ति सम्बन्ध स्थापित भएको पाइन्छ। अघिल्लो वाक्यले पछिल्लोलाई प्रष्ट पार्न खोजेकोले स्पष्टोक्ति सम्बन्ध भएको पाइन्छ। वा.सं. १०४ र १०५ मा दुई वाक्य तार्किक क्रम अनुसार रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. १०५ र १०६ कुनै सम्बन्ध नरहे जस्तो देखिए पनि कुनै न कुनै रूपमा सम्बन्धित रहेकाले अप्रत्यक्ष सम्बन्ध भएको पाइन्छ। वा.सं. १०६ र १०७ मा १०८, १०९ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। १०९ र ११० मा दुई वाक्य क्रमसँगै वा तार्किक क्रम अनुसार रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ११० र १११ मा पहिलो वाक्यमा गुरदिनले टाउको हल्लाएको परिवेश प्रस्तुत गरिएको छ र पछिल्लो वाक्यमा घटना भएको अर्थात् इस्त्री गरम् भएको घटना प्रस्तुत गरिएकाले परिवेश घटनाको सम्बन्ध स्थापित भएको पाइन्छ। वा.सं. १११ र ११२ मा पहिलो वाक्यमा घटना र दोस्रोमा परिवेशको चर्चा रहेकाले घटना परिवेशको सम्बन्ध रहेको पाइन्छ। वा.सं. ११२ र ११३ मा पहिलो वाक्यमा माउजङ बाबुसाहेबले पानी राख्ने आदेश दिँदै गर्दा अर्को वाक्यमा घटना देखिएको छ, गुरदिन रिसले मुर्मुरिएको र अपमानको क्षोम लिँदै गएको यसरी पहिलो वाक्यमा परिवेश र

पछिल्लो वाक्यमा घटना प्रस्तुत गरिएकाले परिवेश घटनाको सम्बन्ध भएको पाइन्छ। वा.सं. ११३ र ११४ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। वा.सं. ११४ र ११५ मा पहिलो वाक्यमा प्रभावले पछिल्लो वाक्य आएकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ। वा.सं. ११५ र ११६ मा दुई वाक्य तार्किक क्रमको निरन्तरतामा रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ११६ र ११७ मा कुनै सम्बन्ध नरहेको जस्तो देखिए पनि कुनै न कुनै रूपमा सम्बन्धित भएकाले अप्रत्यक्ष सम्बन्ध भएको पाइन्छ। वा.सं. ११७ र ११८ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. ११८ र ११९ मा र १२०, १२१ मा पनि अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। वा.सं. १२१ र १२२ मा आर्थी विपयार्यको सम्बन्ध रहेको पाइन्छ। वा.सं. १२२ र १२३ मा परिवेश घटनाको सम्बन्ध रहेको पाइन्छ। वा.सं. १२३ र १२४ मा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। वा.सं. १२४ र १२५ मा प्रश्न र उत्तरको क्रममा वाक्यहरू रहेकाले प्रश्नोत्तर सम्बन्ध रहेको देखिन्छ। वा.सं. १२५ र १२६ मा दुई वाक्य क्रमसँगै रहेकाले अनुक्रमबोधक सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. १२६ र १२७ मा पहिलो वाक्यले पछिल्लो वाक्यलाई प्रष्ट पारिएकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। वा.सं. १२७ र १२८ मा पहिलो वाक्यमा बाबुसाहेबको अदृश्य क्षमताको परिवेश रहेका छन् र त्यस परिवेशले गर्दा बाबुसाहेबलाई बडाहाकिमको बरन्डासम्म पुग्ने घटना भएकाले गर्दा परिवेश घटनाको सम्बन्ध स्थापित भएको पाइन्छ। वा.सं. १२८ र १२९ मा र १२९ र १३० मा प्रस्तुत वाक्यहरू स्पष्टोक्ति सम्बन्धका रूपमा रहेका छन्। वा.सं. १३० र १३१ मा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. १३१ र १३२ मा दुई वाक्य क्रमसँगै वा तार्किक क्रममा रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. १३२ र १३३ मा पहिलो वाक्यमा पाखुरा समातेको कुरा र त्यसलाई प्रष्ट पार्न पछिल्लो वाक्यमा पाखुरा समातेको ठाउँमो खुम्च्यो कि भन्ने निधो गर्न नजर पुऱ्याएको कुराले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. १३३ र १३४ मा क्रमैसँगै कुराकानी भएको कुरा प्रष्ट गरिएकाले अनुक्रमबोधक सम्बन्ध भएको पाइन्छ। वा.सं. १३४ र १३५ मा बाबुसाहेबले कुरा गर्दैगर्दा ध्यान अर्कैतिर रहेकाले आर्थी विपयार्यको सम्बन्ध रहेको पाइन्छ। वा.सं. १३५ र १३६ मा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। १३६ र १३७ मा दुई वाक्य प्रश्न र उत्तरको क्रममा रहेकाले प्रश्नोत्तर सम्बन्ध रहेको पाइन्छ। वा.सं. १३७ र १३८ मा आर्थी विपयार्यको सम्बन्ध रहेको पाइन्छ। वा.सं. १३८ र १३९ मा प्रश्नोत्तर सम्बन्ध रहेको पाइन्छ। वा.सं. १४०, १४१, १४२, १४३ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। वा.सं. १४३ र १४४ मा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। वा.सं. १४४ र १४५ मा प्रश्न र उत्तरको क्रमले प्रश्नोत्तर सम्बन्ध स्थापित भएको पाइन्छ। वा.सं. १४५ र १४६ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। पहिलो वाक्यले दोस्रो

वाक्यलाई प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ । वा.सं. १४६, १४७, १४८, १४९ मा क्रमैसँग आर्थी विपयार्य, प्रश्नोत्तर, परिवेश घटना सम्बन्ध रहेको पाइन्छ ।

यसरी प्रस्तुत कथाको तेह्रौं अनुच्छेदमा स्पष्टोक्ति, अनुक्रमबोधक, अप्रत्यक्ष, आर्थी विपयार्य, परिवेश घटना, घटना परिवेश, प्रभाव प्रतिफल, प्रश्नोत्तर आदि सम्बन्धहरू रहेका छन् ।

**४.४.१४ निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

निर्धारित कथाको चौधौँ अनुच्छेदमा वा.सं. १५० देखि १६६ सम्म जम्मा १७ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

१५०. बाबुसाहेबलाई अब त लाजै मर्नु भयो ।

१५१.. गर्धनमा त साह्रै मैलो भई कलर अलि धस्केकै छ ।

१५२. असह्य लाजको जालमा परी बाबुसाहेबको ओभरसाइजको ठूलो अनुहार रातो भयो ।

१५३. अब त्यहाँ बसिनसक्नु भयो ।

१५४. कुनै तबरले दश-पन्ध्र मिनेट अडेर आफ्नो कुरा टुङ्ग्याई छुट्टी लिएर बाबुसाहेब कोठाबाहिर आए र बरन्डामुनि ओर्लेका मात्र थिए कि भित्रबाट हाँसोको समूह - ध्वनी उनको कानमा पर्यो ।

१५५. केले यस्तरी हाँसो उठेको होला, कुनै कुरो त थिएन, पक्का, गर्धनमा धस्केको मेरो कोटकै खिल्ली उडाएका हुन् ।

१५६. विषादमिश्रित विवश क्रोधले बाबुसाहेबको आँखा रसाएर आयो ।

१५७. तर छिटोछिटो पाइला सार्दै बाबुसाहेब मूल सडकमा आइपुगे ।

१५८. त्यतिञ्जेल आँखामा आएका आद्रतालाई आँखाभित्रै सुकाउन समर्थ पनि भए ।

१५९. सारा संसार उनको यस चिरगौरव सम्पन्न कोटकै महत्त्काप्रति ईश्यालु भएर चारैतिरबाट यसको गुरुसम्मानलाई थिच्ने षड्यन्त्रमा लागेको भन्ने कुरा बाबुसाहेबले अनुभव गरे ।

१६०. हरे, यस बिचरो कोटले आफ्नो इज्जतपर्यन्त सँगालिराख्न नपाउने यो कस्तो छुट्यो ईख होला ।

१६१. यो अबोध निर्जिव कोट.....केवल जातको चीजमात्र हुन् आज यसको बैगुन हुन गएको छ ।

१६२. यस्तो त हो नि !

१६३. आज छुच्याँइको जमाना छ ।

१६४. घडव्वन भलापन नै अपराध !

१६५. यही हो प्रजातन्त्र !

१६६. तर..........घरमा पुगेर सारा दिन सारा रात यही कुरा सोच्दै बिताएर बाबुसाहेबको सक्षमताले निश्चय गयो कि 'ज्यान गए पनि हवाइटवे लेडवा कम्पनीद्वारा निर्मित बेज्सनको यस ओभरकोटको इज्जत मर्यादा लुप्त हुन दिइनेछैन ।'

तालिका नं. ३५ : निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| १५० र १५१ | स्पष्टोक्ति सम्बन्ध |
| १५१ र १५२ | स्पष्टोक्ति सम्बन्ध |
| १५२ र १५३ | परिवेश घटनाको सम्बन्ध |
| १५३ र १५४ | स्पष्टोक्ति सम्बन्ध |
| १५४ र १५५ | परिवेश घटनाको सम्बन्ध |
| १५५ र १५६ | अनुक्रमबोधक सम्बन्ध |
| १५६ र १५७ | प्रभाव प्रतिफलको सम्बन्ध |
| १५७ र १५८ | अनुक्रमबोधक सम्बन्ध |
| १५८ र १५९ | स्पष्टोक्ति सम्बन्ध |
| १५९ र १६० | स्पष्टोक्ति सम्बन्ध |
| १६० र १६१ | स्पष्टोक्ति सम्बन्ध |
| १६१ र १६२ | अप्रत्यक्ष सम्बन्ध |
| १६२ र १६३ | अप्रत्यक्ष सम्बन्ध |
| १६३ र १६४ | स्पष्टोक्ति सम्बन्ध |
| १६४ र १६५ | स्पष्टोक्ति सम्बन्ध |
| १६५ र १६६ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. १५० र १५१ मा अनि १५१ र १५२ स्पष्टोक्तिको सम्बन्ध रहेको देखिन्छ। जसमा पहिलो वाक्यमा बाबुसाहेबलाई लाजै मर्नु भयो भन्ने प्रसङ्ग छ भने त्यसलाई प्रष्ट पार्न पछिल्ला वाक्यमा कोट कलरमा मैलो भएकाले लाज भएको प्रष्ट पारेकाले स्पष्ट सम्बन्ध देखिन्छ। १५२ र १५३ मा परिवेश घटनाको सम्बन्ध रहेको पाइन्छ। जसमा बाबुसाहेबको अनुहार रातो भएको प्रसङ्ग छ भने पछिल्लो वाक्यमा घटनामा त्यहाँ बाबुसाहेबलाई बसिनसक्नु भयो भन्ने कुरा प्रस्तुत भएकाले परिवेश घटनाको सम्बन्ध देखिन्छ। वा.सं. १५४ र

१५५ मा परिवेश घटनाको सम्बन्ध रहेको छ । जसमा पहिलो वाक्यमा हाँसो ध्वनी आएको परिवेश छ अनि पछिल्लो वाक्यमा कोटको कलरमा धस्किएर होला भन्ने घटना रहेकाले परिवेश घटनाको सम्बन्ध रहेको छ । वा.सं. १५५ र १५६ मा दुई घटना क्रमैसँग आएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ । वा.सं. १५६ र १५७ पहिलो वाक्यको प्रभावले दोस्रो वाक्यको सिर्जना भएकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ । वा.सं. १५७ र १५८ मा अनुक्रमको सम्बन्ध रहेको छ । वा.सं. १५९, १६०, १६१ मा स्पष्टोक्ति सम्बन्ध रहेका छ । जसले अघिल्लो वाक्यलाई पछिल्लो वाक्यले प्रष्ट पारेको देखिन्छ । वा.सं. १६२, १६३ मा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । वा.सं. १६४ र १६५ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ । जसमा पहिले वाक्यलाई दोस्रो वाक्यले प्रष्ट पारेको देखिन्छ । वा.सं. १६५ र १६६ मा कुनै सम्बन्ध नरहेको जस्तो देखिए पनि कुनै रूपमा सम्बन्धित रहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ ।

यसरी प्रस्तुत कथाको चौधौँ अनुच्छेदमा स्पष्टोक्ति सम्बनधको बाहुल्य रहेको पाइन्छ ।

### ४.४.१५ निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा वा.सं. १६७ देखि १७५ सम्म जम्मा ९ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

१६७. मन्त्रीको दौडाहा हुन आठ दिन मात्रै बाँकी थियो ।

१६८. यसै बीच कोटको कार्यकलाप हुनैपर्छ, यसको वास्तविक महत्ता यसले पाउनैपर्छ, होच्याएर होचिइने खाल नै यसको होइन ।

१६९. बाबुसाहेबले लखनऊ गएर कोट ड्राइ- क्लिनिङ गराउने र गर्धनमा धस्केको ठाउँमा रफ भर्न लगाउने निश्चय गरे ।

१७०. तर खर्चको मोटामोटी हिसाब लगाउँदा यत्तिकैमा चालीस-पचास रूपैयाँमा पर्ने भयो ।

१७१. घरमा दुईचार जना नोकर सुसारे र मन परेकी केटीहरूले सुझाव दिए- ‘ब्रु अझै चाली पचास रूपैयाँ थपेर एउटा नयाँ कोट नै हाले झन् बेस ।’

१७२. तर तिनीहरूको अज्ञानतामाथि दया छरेको जस्तो मुस्कुराएर बाबुसाहेबले भने - ‘सय रूपैयाँ हाल्दैमा नयाँ कोट यस कोटको दाँजोमा पुग्ने कुरा के गरी सम्झेका बडा जान्ने ।

१७३. त्यस्ता-त्यस्ता दशवटा नयाँ कोट भएर पनि यसको अगाडि उभिरहन सक्ने होइनन् ।

१७४. खाली हिफाजत साथ राख्न नसकेर पो त !

१७५. ‘पख, मैले जान्या छ, लखनऊबाट फर्केपछि हेर्लाऊ ।’

तालिका नं. ३६ : निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| १६७ र १६८ | घटना परिवेशको सम्बन्ध |
| १६८ र १६९ | प्रभाव प्रतिफलको सम्बन्ध |
| १६९ र १७० | अनुक्रमबोधक सम्बन्ध |
| १७० र १७१ | अनुक्रमबोधक सम्बन्ध |
| १७१ र १७२ | प्रभाव प्रतिफलको सम्बन्ध |
| १७२ र १७३ | घटना परिवेशको सम्बन्ध |
| १७३ र १७४ | अनुक्रमबोधक सम्बन्ध |
| १७४ र १७५ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. १६७ र १६८ मा घटना परिवेशको सम्बन्ध रहेको पाइन्छ। जसमा पहिलो वाक्यमा मन्त्री आउने परिवेश रहेको र पछिल्लो वाक्यमा कोटको कायाकल्पको चर्चा गरिएकाले परिवेश घटनाको सम्बन्ध रहेको देखिन्छ। वा.सं. १६८ र १६९ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। जसमा पहिलो वाक्यको प्रभावले दोस्रो वाक्यको सिर्जना भएको पाइन्छ। वा.सं. १६९ र १७० मा अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। जसमा पहिलो वाक्यको क्रम अनुसार दोस्रो वाक्य रहेको देखिन्छ। वा.सं. १७० र १७१ मा पनि अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। १७१ र १७२ मा पहिलो वाक्यको प्रभावले पछिल्लो वाक्यको सिर्जना भएकोले प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। वा.सं. १७२ र १७३ मा घटना परिवेशको सम्बन्ध रहेको देखिन्छ। जसमा नयाँ कोटको घटना रहेको अनि पछिल्लो वाक्यमा दशवटा कोटले पनि त्यसको महत्व दिन नसक्ने परिवेशको चर्चा गरिएकाले घटना परिवेशको सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. १७३ र १७४ मा पहिलो वाक्य स्वरूप पछिल्लो वाक्य रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको छ। वा.सं. १७४ र १७५ मा अघिल्लो वाक्यलाई प्रष्ट पार्न पछिल्लो वाक्य रहेकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ।

प्रस्तुत कथाको पन्ध्रौँ अनुच्छेदमा विभिन्न प्रकारका सम्बद्धनहरूको प्रयोग भएको पाइन्छ। जसले गर्दा कथालाई निरन्तरताको सुत्रमा बाँधेको पाइन्छ।

### ४.४.१६ निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको साह्रौँ अनुच्छेदमा वा.सं. १७६ देखि १९६ सम्म जम्मा २१ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

१७६. बाबुसाहेबले लखनऊ जाने निधो गरे, समस्या थियो खर्चको ।

१७७. आवतजावतमा फर्स्ट नभएर सेकेन्ड क्लासकै टिकट लिए पनि पुगनपुग बीच पच्चीस रूपैयाँको खर्च, अझ लखऊको सानोभन्दा सानो होटलमा बास र मामुली खाना खाए कम्तीमा पनि दिनको आठ दश लाग्ने नै भयो ।

१७८. चारदिन बस्नैपर्छ, चालीस रूपैयाँजति यही भयो ।

१७९. अब रह्यो, कोटको ड्राइ-क्लिनिङ्ग र नफु भराउने काम ।

१८०. यसमा दश रूपैयाँभन्दा बढ्ता के पर्ला ।

१८१. तर यताउति जाँदा आउँदा मोटर नभएर टागाँकै खर्च दिनको चार रूपैँया राखौँ ।

१८२. सिगरेट, पनि इत्यादि जम्मै गरी सयभन्दा कम्ती त पर्दै नपर्ने ।

१८३. तर यति आँटे पनि लखनऊबाट फर्केका केटाकेटी, नोकरचाकर, केही सुसारे, अझ रानीसाहेबलाई थोरै भए पनि केही ल्याउनै पर्ने ।

१८४. जम्मा दुईसय रूपैयाँ नभई त के छोप लाग्छ र ?

१८५. एउटा पुरानो कोट सफा गराउँदा पूरा दुईदुई समय रूपैयाँ !

१८६. बाबुसाहेब हतासजस्तो भई बसी नै रहे ।

१८७. क्रमशः उनको मस्तिष्कको अन्तरालमा, कसरी कता हो कता, त्यही दुई सय भन्ने शब्द सञ्चरण बाहेक अरू केही पनि रहन नगई लगभग शुल्यजस्तो नै भयो र एकछिनसम्म बाहुसाहेब यही अवस्थामा रहिरहे ।

१८८. अनि एकाएक एउटा झट्काजस्तो मगजमा पर्यो र उनका कानमा बडाहाकिमकहाँबाट निस्कँदा भित्र उठेको सम्मिलित हाँस्यध्वनी गुञ्जिरत भयो ।

१८९. बाबुसाहेब पुनः समालेर बसी परिस्थितिमा विचार गर्न थाले होइन के को दुईसय !

१९०. नेपालगञ्जदेखि गोन्डासम्ममात्र सेकेन्ड क्लासमा जाने, त्यसपछि थर्ड क्लासमा भए पनि कसले चिन्छ र ?

१९१. अलि लखनऊमा छेदीलालकी धर्मशालामा राम्रा राम्रा कोठा छन् ।

१९२. चार दिनसम्म बस्न दिइहाल्छ ।

१९३. खानलाई कुनै साधारण बासमा छाकको एक रूपैयाँ, सवा रूपैयाँमा पनि पुग्न सक्छ ।

१९४. चारैदिन त हो नि ।

१९५. जम्मा पचास रूपैयाँ भए पनि कोट तयारी भएर आउँछ ।

१९६. बाबुसाहेब अलि स्वयम् भए र तमाखु भनेर ल्याउन नोकरलाई बोलाए ।

तालिका नं.३७ : निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| १७६ र १७७ | स्पष्टोक्ति सम्बन्ध |
| १७७ र १७८ | स्पष्टोक्ति सम्बन्ध |
| १७८ र १७९ | अनुक्रमबोधक सम्बन्ध |
| १७९ र १८० | स्पष्टोक्ति सम्बन्ध |
| १८० र १८१ | प्रभाव प्रतिफलको सम्बन्ध |
| १८१ र १८२ | स्पष्टोक्ति सम्बन्ध |
| १८२ र १८३ | स्पष्टोक्ति सम्बन्ध |
| १८३ र १८४ | स्पष्टोक्ति सम्बन्ध |
| १८४ र १८५ | प्रश्नोत्तर सम्बन्ध |
| १८५ र १८६ | घटना परिवेशको सम्बन्ध |
| १८६ र १८७ | स्पष्टोक्ति सम्बन्ध |
| १८७ र १८८ | अनुक्रमबोधक सम्बन्ध |
| १८८ र १८९ | प्रभाव प्रतिफलको सम्बन्ध |
| १८९ र १९० | अनुक्रमबोधक सम्बन्ध |
| १९० र १९१ | अनुक्रमबोधक सम्बन्ध |
| १९२ र १९३ | अनुक्रमबोधक सम्बन्ध |
| १९३ र १९४ | अनुक्रमबोधक सम्बन्ध |
| १९४ र १९५ | अनुक्रमबोधक सम्बन्ध |
| १९५ र १९६ | प्रभाव प्रतिफल सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. १७६ र १७७ मा स्पष्टोक्तिको सम्बन्ध रहेको देखिन्छ। जसमा पहिलो लखनऊ जाने निर्णय गरेका बाबुसाहेबलाई दोस्रो वाक्यले खर्चको कुरा आठ दश लाग्ने अनुमानले पहिलो वाक्यलाई प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। वा.सं. १७७ र १७८ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। वा.सं. १७८ र १७९ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. १७९ र १८० मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। पहिलो वाक्यले पछिल्लो वाक्यले गरेकाले स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। वा.सं. १८० र १८१ मा पहिलो वाक्यको प्रभावले पछिल्लो वाक्यको सिर्जना भएकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ। वा.सं. १८१ र १८२ मा, १८३, १८४ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। पहिलो वाक्यलाई पछिल्लो

वाक्यले प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ । वाक्य सङ्ख्या १८४ र १८५ मा प्रश्न र उत्तरको क्रम रहेकाले प्रश्नोत्तर सम्बन्ध रहेको पाइन्छ । वा.सं. १८५ र १८६ घटना परिवेशको सम्बन्ध रहेको देखिन्छ । पहिलो वाक्यमा घटना र पछिल्लो वाक्यमा परिवेशको चर्चा रहेकाले यस्तो सम्बन्ध रहेको छ । वा.सं. १८६ र १८७ मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ । वा.सं. १८७ र १८८ मा दुई वाक्य क्रमैसँग रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ । वा.सं. १८८ र १८९ मा पहिलो वाक्यको प्रभावले पछिल्लो वाक्य आएकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ । वा.सं. १९०, १९१, १९२, १९३ मा अगाडिको वाक्यको निरन्तर क्रमैसँग आएकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ । वा.सं. १४ र १९५ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ । जसमा पहिलो वाक्यमा कोट तयार पार्न पचास रूपैयाँ लाग्ने चर्चा गरिएको र त्यसैको प्रभावमा माउजङ बाबुसाहेबले तमाखु खाने कुरा रहेकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ ।

यसरी प्रस्तुत कथाको सोह्रौँ अनुच्छेदमा स्पष्टोक्ति, अनुक्रमबोधक, प्रश्नोत्तर, घटना परिवेश, प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ ।

**४.४.१७ निर्धारित कथाको सत्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

निर्धारित कथाको सत्रौँ अनूच्छेदमा वा.सं. १९७ र २१६ मा जम्मा २० वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

१९७. अन्ततः बाबुसाहेबले कोटको कायाकल्प गराएरै ल्याए ।

१९८. लखनमा एउटा समस्या के आइलागेको थियो भने 'ड्राइ वासिङ गरी रफु भराउने हो भने कोट सफा गर्दा अझ झुत्रिने हो कि ?'

१९९. त्यसो भए त फेरि रफुमा धेरै पैसा पर्न जान्छ, फेरि रफु भराएर ड्राइवासिङ गराउँदा कतै धस्क्यो भने अर्को आपत !

२००. समस्या बडो होसियारीसाथ बाबुसाहेबले समाधान गरे ।

२०१. पहिले रफु नै भराउन गए ।

२०२. कालिगडले भन्यो - 'यसको एकएक धागो मक्किसकेको छ- रफ भर्नै गाह्रो ।'

२०३. तर बाबुसाहेबले आफ्ना कुरा गराइको चलाखीले उसलाई रफु भर्न तयार पारे ।

२०४. काम हातमा लिएपछि कति सावधानी, सफाइसाथ उनले रफु भरेको कुरा बाबुसाहेबले सविस्तार घरमा घण्टौँ लगाएर वर्णन गरे ।

२०५. अनि डाइ क्लिनङमा जाँदा उसको म्यानेजरले पनि कोटको जीर्णतामा चिन्ता प्रकट गयो ।

२०६. तर च्यातिएको कहीँ पनि थिएन ।

२०७. रसिदमा यही लेखाइयो, अनि धुने कालिगडलाई अझ एक रूपैयाँ बकस दिने लोभ देखाएर उसले बडो हिफाजत, स्याहार गरी सफा पारिदिएको कुरा पनि बाबुसाहेबले सारालाई बिताएर अचम्म पारे ।

२०८. 'मै नभएको भए कोटै सखाप हुने' भनेर बाबुसाहेबले पच्चीसौँ पटक चलाखीको सन्तुष्टि उपलब्ध गरे ।

२०९. लखनऊको कम्पनी पसलबाट कम्पनीको नाऊँ छापिएको प्लाष्टिकको कागजमा कोटको प्याकिङ बनाई डेलिभरी दिएको खोल्दै नखोली बाबुसाहेबले त्यसै राखे ।

२१०. रफु भरेर गर्धनको कलर र ड्राइ-वासिङ गरेर सफा भएको उसको रङ प्लाष्टिक प्याकिङ भएर बाहिरबाट देखापर्दथ्यो ।

२११. उत्सुक भएकाहरूलाई त्यही देखाउँथे ।

२१२. प्याकिङ खोलेर धुलो माटो किन पर्न दिनु !

२१३. अँ, लखनऊबाट बाबुसाहेबले सारालाई कुनै न कुनै उपहार ल्याएका थिए ।

२१४. केटाकेटीहरूलाई लेभनजुस, नोकर्नी केटीहरूलाई कपालमा लगाउने प्लाष्टिकको च्याप्टो किलिप, बुढी मान्छे बज्यैलाई धागो हाल्ने अचम्मको मेसिन, आँखा चिम्लेर पनि धागो सियोमा नै पर्ने ।

२१५. रानी साहेबलाई एक सिसी गुलबहार तेल ।

२१६. जम्मैमा तीन रूपैयाँ पर्यो, साराका सारा खुशी थिए ।

तालिका नं. ३८ : निर्धारित कथाको सत्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| १९७ र १९८ | प्रभाव प्रतिफलको सम्बन्ध |
| १९८ र १९९ | प्रश्नोत्तर सम्बन्ध |
| १९९ र २०० | कारण कार्य सम्बन्ध |
| २०० र २०१ | अनुक्रमबोधक सम्बन्ध |
| २०१ र २०२ | स्पष्टोक्ति सम्बन्ध |
| २०२ र २०३ | स्पष्टोक्ति सम्बन्ध |
| २०३ र २०४ | स्पष्टोक्ति सम्बन्ध |
| २०४ र २०५ | अनुक्रमबोधक सम्बन्ध |

| | |
|---|---|
| २०५ र २०६ | कार्यकारण सम्बन्ध |
| २०६ र २०७ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २०७ र २०८ | स्पष्टोक्ति सम्बन्ध |
| २०८ र २०९ | स्पष्टोक्ति सम्बन्ध |
| २०९ र २१० | अनुक्रमबोधक सम्बन्ध |
| २१० र २११ | अप्रत्यक्ष सम्बन्ध |
| २११ र २१२ | अप्रत्यक्ष सम्बन्ध |
| २१२ र २१३ | अप्रत्यक्ष सम्बन्ध |
| २१३ र २१४ | अनुक्रमबोधक सम्बन्ध |
| २१४ र २१५ | अनुक्रमबोधक सम्बन्ध |
| २१५ र २१६ | कार्यकारण सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. १९७ र १९८ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। बाबुसाहेबले कोटको कायाकल्प गराएको र रफु भएपछि कोट धस्क्यो भने भन्ने प्रतिफलको कारणले प्रभाव प्रतिफलको सम्बन्ध भएको देखिन्छ। वा.सं. १९८ र १९९ प्रश्न र उत्तरको क्रमले वाक्यहरू आएकाले प्रश्नोत्तर सम्बन्ध रहेको पाइन्छ। वा.सं. १९९ र २०० मा कारण कार्यको सम्बन्ध रहेको पाइन्छ। जसले पहिलो वाक्यमा कारण र पछिल्लोमा कार्य भएको देखिन्छ। वा.सं. २०० र २०१ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. २०२ र २०३, २०४ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। जसमा पहिला वाक्यलाई पछिल्लो वाक्यले प्रष्ट पार्दै लगेको पाइन्छ। वा.सं. २०४ र २०५ मा अनुक्रमबोधक सम्बन्ध रहेको छ। जसमा पहिलो वाक्यको क्रममा पछिल्लो वाक्य रहेको देखिन्छ। २०५ र २०६ मा कार्य कारणको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २०६ र २०७ मा पहिलो वाक्यको प्रभावले पछिल्लो वाक्य रहेकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २०७ र २०८ मा र २०८ र २०९ मा पहिलो वाक्यलाई दोस्रो वाक्यले प्रष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। वा.सं. २०९ र २१० मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। त्यस्तै वा.सं. २१० र २११ मा २११ र २१२, २१२ र २१३ मा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। जसमा कुनै सम्बन्ध नरहेको जस्तो देखिए तापनि कुनै न कुनै रूपमा सम्बन्धित रहेको पाइन्छ। वा.सं. २१३ र २१४ मा र २१४ र २१५ अनुक्रमबोधक सम्बन्ध स्थापि रहेको पाइन्छ। वा.सं. २१५ र २१६ मा कार्य कारणको सम्बन्ध रहेको पाइन्छ। जसमा अघिल्लो वाक्यमा कार्य र पछिल्लोमा कारण प्रस्तुत गरेको देखिन्छ।

यसरी प्रस्तुत कथाको सत्रौं अनुच्छेदमा विविध प्रकारका सम्बद्धनहरूको प्रयोग भएको पाइन्छ ।

### ४.४.१८ निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको अठारौँ अनुच्छेदमा वाक्य सङ्ख्या २१७ देखि २३३ सम्म जम्मा १७ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

२१७. माउजङ बाबुसाहेबले अब उत्कृष्ठापूर्वक मन्त्रीजी आउने दिनको उद्विग्न प्रतिक्षा गर्न थाले ।

२१८. एकएक गरी मुस्किलसाथ त्यो दिन पनि आयो ।

२१९. मन्त्रीजी बिहान एघार बजे नै आइपुग्नुभो र साँझ चार बजे उहाँको सम्मानमा आयोजित जलपान पार्टीमा बाबुसाहेबलाई पनि जानुपर्ने थियो ।

२२०. बिहानै दाह्री नंवोरन लगाई जुगाँको काटछाँट मिलाई न्वाई-धोई माउजङ बाबुसाहेब तयार भई बसे, ठिक्क तीन बजे लगाउने दौरा सुरुवाल इत्यादि लगाई तमाखु खाँदै बसिरहे ।

२२१. साढे तीन बजे प्लाष्टिकको प्याकिङ खोली कोट झिकियो ।

२२२. क्याबात, कोट त्यही हो भन्ने कसैले चिन्नै नसकिने भइसकेको थियो ।

२२३. आज उसको रवाफ नै अर्कै, गत चौथाई शताब्दिअघिको उसको नयाँ जवानी फर्केको जस्तो ।

२२४. अलिकता पनि धक्का दबाउ नपर्ने गरी सुसारेले बिस्तारै कोट बाबुसाहेबको आङमा लगाइदिई ।

२२५. आज त्यस सुसारेप्रति बाबुसाहेब कृतज्ञ नभई रहेनन् र यो पनि त्यै बखत सम्झे कि त्यतिकी पुरानी नोकर्नी उनीकहाँ अब कोही पनि छैन, कति सेवा सुसार गरेकी छे यसले ।

२२६. उसलाई बकस दिनुपर्ने एउटा तीव्र अनुभूति-उद्वेगको उनले अनुभव गरे ।

२२७. तर पाकेटमा त्यस बखत पैसा थिएन र रानीसाहेब सित माग्दा अवश्यमेब उनले छैन नै भन्छिन् भन्ने डरले त्यस अति तीक्ष्ण, तत्कालिन औदार्य अनुभूतिलाई क्लेशपूर्वक दमित गरे ।

२२८. बल्ल दशपन्ध्र वर्षपछि आजको यस क्षणमा फर्किआएको जीवनको पहिलेदेखि नै अभ्यस्त गर्वोल्लासमा यस अत्यन्त जाबो कुराको विवशताले उनको मुटु नै निचोरिएको जस्तो हुन गयो ।

२२९. अभ्यन्तरैबाट आफ्ना परेलासम्म आइपुगेको स्वयम्प्रतिको करुणाद्रतालाई उनले मुस्किल साथ थिचे ।

२३०. यति मात्रै होइन, आफ्नो महान् पूर्वगौरव अर्जित गरिल्याएको यो कोट उसलाई बाबुसाहेबले आफ्नो ज्यूमा धारण गरेका छन्, त्यसको पनि बेकदार हुन गएको, त्यसको समेत सम्मानरक्षा हुन नसकेको उनले अनुभव गरे ।

२३१. वस्तुतः सहज बडत्पनको मन स्थितिमा आज उनको जम्मै दुर्दान्तता, नर्बरता, क्रोधी स्वभाव साराका सारा मानौँ लोप हुन गएका थिए र उनमा एउटा माथिल्लो तहको मानवीय क्षमाशील परिपालकको महठा उम्लेर आएको थियो ।

२३२. बाबुसाहेबले एकपटक हेरी साराप्रति स्वयम्बाट मुक नै कुनै अज्ञात कल्याण कामना भएको जस्तो स्वानुभव गरे ।

२३३. साँच्चि नै उनको जन्मजात निरङ्कुश उदण्ड, सुखोपभोग प्रवृत्तिलाई, यताको अभाव अवहेलनाको निःसहाय परिवारहिन क्षुब्धावस्थामा आज कोहले गर्दा एउटा यटिकच्चित सन्तोषको जुन आत्मोपलब्धि हुन गएको थियो- कद्राचिन् त्यो पनि कहीँ बिलाएर नजाओस् कतैबाट खेस्सिएर नजाओस् भन्ने अन्तसर्तकर्ताले नै हो अथवा के ले हो त्इसले गर्दा उनी निश्चय नै एउटा मानवीयता प्रेरिता कल्याणमावापन्न प्राणी मात्र रहन गएका थिए ।

तालिका नं. ३९ :निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| २१७ र २१८ | अनुक्रमबोधक सम्बन्ध |
| २१८ र २१९ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २१९ र २२० | स्पष्टोक्ति सम्बन्ध |
| २२० र २२१ | अप्रत्यक्ष सम्बन्ध |
| २२१ र २२२ | परिचयात्मक सम्बन्ध |
| २२२ र २२३ | अनुक्रमबोधक सम्बन्ध |
| २२३ र २२४ | अप्रत्यक्ष सम्बन्ध |
| २२४ र २२५ | परिचयात्मक सम्बन्ध |
| २२५ र २२६ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २२६ र २२७ | कार्य कारण सम्बन्ध |
| २२७ र २२८ | अप्रत्यक्ष सम्बन्ध |

| | |
|---|---|
| २२८ र २२९ | अनुक्रमबोधक सम्बन्ध |
| २२९ र २३० | प्रभाव प्रतिफलको सम्बन्ध |
| २३० र २३१ | स्पष्टोक्ति सम्बन्ध |
| २३१ र २३२ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २३२ र २३३ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. २१७ र २१८ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। क्रमैसँगै पहिलो र दोस्रो वाक्य रहेकाले अनुक्रमबोधक सम्बन्ध भएको पाइन्छ। वा.सं. २१८ र २१९ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। जसमा पहिलो वाक्यमा मन्त्री आउने कुरा प्रस्तुत गरिएको र त्यसको प्रतिफलमा बाबु साहेबले आफ्नो तयारी गर्नुभएकाले यो सम्बन्ध स्थापित भएको देखिन्छ। वा.सं. २१९ र २२० मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२० र २२१ मा कुनै सम्बन्ध जस्तो नदेखिएकाले अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२१ र २२२ मा परिचयात्मक सम्बन्ध रहेको पाइन्छ। जसमा पहिलो वाक्यमा कोट र पछिल्लो वाक्यमा कोटको विशेषताको वर्णन गरिएकाले यो सम्बन्ध रहेको देखिन्छ। वा.सं. २२२ र २२३ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। अघिल्लो वाक्यकै निरन्तरतामा पछिल्लो वाक्य आएको पाइन्छ। वा.सं. २२३ र २२४ मा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२४ र २२५ मा परिचयात्मक सम्बन्ध रहेको पाइन्छ। जसमा पहिलो वाक्यमा सुसारेको परिचय र पछिल्लोमा उसको विशेषताको वर्णन गरिएकाले यो सम्बन्ध भएको पाइन्छ। वा.सं. २२५ र २२६ मा पहिलो वाक्यको प्रभावले पछिल्लो वाक्य सिर्जना भएकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२६ र २२७ मा कार्य कारणको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२७ र २२८ मा अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। वा.सं. २२८ र २२९ मा अनुक्रमबोधक सम्बन्ध स्थापित भएको पाइन्छ। जसमा पहिलो वाक्यकै निरन्तरताका रूपमा पछिल्लो वाक्य रहेको पाइन्छ। वा.सं. २२९ र २३० मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २३१ र २३३ मा स्पष्टोक्ति सम्बन्ध र २३२ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ।

यसरी प्रस्तुत अठारौँ अनुच्छेदमा अनुक्रमबोधक, प्रभाव प्रतिफलको, स्पष्टोक्ति, परिचयात्मक, कार्यकारण सम्बद्धनहरू प्रयोग भएको देखिन्छ।

**४.४.१९ निर्धारित कथाको उन्नाइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

निर्धारित कथाको उन्नाइसौँ अनुच्छेदमा वाक्य सङ्ख्या २३४ देखि २३९ सम्म जम्मा ६ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

वा.सं.

२३४. अत्यन्त निर्विकार, सहज मन लिएर बाबुसाहेब मन्त्रीज्यूको जलपान समारोहस्थलमा पुगे, पुग्नेबित्तिकै साराका आँखा उनको कोटमा टाँस्सिए ।

२३५. विस्फारित नेत्रले सबै निमिसमानलाई हेरी नै रहे ।

२३६. अनि पछि एउटा दबेको मुस्काइ सबैको ओठमा फक्रे पनि कोही हाँसेन ।

२३७. बाबुसाहेबले पनि यस कुराको लक्ष्य गरे ।

२३८. तर आज उनले क्षोम, क्रोध इत्यादिजस्ता कुनै भावको कति अनुभूति लिएनन् ।

२३९. आज वस्तुतः उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा पुगेका थिए जहाँ आवेगहरू स्वयम्मै लय परिशान्त भएर जान्छन् ।

तालिका नं.४० : निर्धारित कथाको उन्नाइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| २३४ र २३५ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २३५ र २३६ | अनुक्रमबोधक सम्बन्ध |
| २३६ र २३७ | अनुक्रमबोधक सम्बन्ध |
| १३७ र १३८ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २३८ र २३९ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. २३४ र २३५ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ । पहिलो वाक्यका प्रभावले पछिल्लो वाक्यको रचना भएको पाइन्छ । वा.सं. २३५ र २३६ अनुक्रमबोधक रूपमा रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ । वा.सं. २३६ र २३७ पनि अनुक्रमबोधक सम्बन्धमा नै रहेको पाइन्छ । वा.सं. २३७ र २३८ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ । वा.सं. २३८ र २३९ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ । अघिल्लो वाक्यलाई पछिल्लो वाक्यले प्रष्ट पारेकाले सम्बन्ध रहेको देखिन्छ ।

यसरी प्रस्तुत कथाको उन्नाइसौँ अनुच्छेदमा विविध प्रकारका सम्बद्धनहरूको प्रयोग भएको देखिन्छ जसले कथालाई अन्वितिपूर्ण र पठनयोग्य बनाएको देखन्छि ।

**४.४.२० निर्धारित कथाको बिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण**

निर्धारित कथाको बिसौँ अनुच्छेदमा वा.सं. २४० देखि २६५ सम्म जम्मा २६ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

वा.सं.

२४०. आयोजकले मन्त्रीजीसित बाबुसाहेबको परिचय गरायो, अनि एउटा मञ्चमा बसाल्यो ।

२४१. अत्यन्त शिष्टता, नम्रतापूर्वक बाबुसाहेबले सारासित प्रसङ्गानुकुल कुराकानी गरिरहे ।

२४२. क्रमशः ! चियापान समाप्त भयो ।

२४३. मन्त्रीजीसित बिदा भई एकेक गरी सबै निस्कन थाले ।

२४४. बाबुसाहेबले पनि मन्त्रीजीलाई नमस्ते गरी निस्कँदा उनको दुवै हत्केला अभ्यस्त तवरले कोटको दुवै तर्फको तल्लो जेबमा थिए ।

२४५. त्यतिकैमा एकजना स्थानिय काङ्ग्रेजी पनि मन्त्रीजीसित बिदा भई निस्केर बाबुसाहेब नजिकै पुग्यो र हत्केला जेबमा रहेका बाबुसाहेबको दाहिने पाखुरा र उनको जीउको माझबाट आफ्नो हात छिपाई कुरा गर्दै बाबुसाहेबसँग ऊ अगाडि बढ्यो ।

२४६. अरू बखत भएको भए बाबुसाहेबले कदाचित् यस आत्मीयता जस्तो देखाउने मदिसेको धृष्टता सहन सक्दैन थिए ।

२४७. तर आज बाबुसाहेबसँग त्यो माउजङ बाबुसाहेब थिएनन् ।

२४८. बडो खुशीसाथ ऊसित कुरा गर्दै बढ्दै गए ।

२४९. तर दुर्भाग्य, पछिल्तिरबाट कुनै एउटाले त्यस काङ्ग्रेजीलाई बोलाउँदा, आफ्नो पाखुरा बाबुसाहेबको पाखुरामा अल्झाइरहेर ऊ पछिल्तिर के फर्केको थियो, हत्केला जेबमा भएको बाबुसाहेबको हातमा अलिक झट्का पर्नेबित्तिकै कोटको पकेटको कुनादेखि लिएर तलको श्री अन्तिम छेउसम्म 'झ्याई'.... गरी त्यो जीर्ण कोट च्यातियो, सहसौँ भूकम्प एकैचोटी गएको भयङ्कर सर्वनाशजस्तो आधातले बाबुसाहेबको मुटु हल्लायो ।

२५०. संसारै भत्केको जस्तो अनुभूति भयो ।

२५१. प्राणभित्रबाट सातवटा समुद्र उम्लेर आँखामा ओहर्छे ।

२५२. तर...........प्रचण्ड माउजङ बाबुसाहेब त्यस जोबोका अगाडि 'हाय' गर्न सक्थे र ?

२५३. बरु चालेको भए त्यस मदिसे काङ्ग्रेजीलाई अल्सेसियनबाट चिथोर्न अवश्यमेय लगाइदिन्थे ।

२५४. तर आज त्यो अवसर पनि थिएन र अत्युच्च बडत्पनको भावापन्न बाबुसाहेबको त्यो मानसिकता पनि थिएन ।

२५५. प्रलयको विर कुन्नि कुन असीम तागतले थिचेर, अलिक अवाक्जस्तो पनि नभई, रिसउको झझल्कोपर्यन्त आउन नदिई खाली 'के भयो र ?'

२५६. मात्रै भनी आफ्नो बेपवाइँकै मुद्रा स्थिर राख्न बाबुसाहेब समर्थ नै रहे ।

२५७. बिस्तारै सहज गतिमा उनी बाहिर आए र जीउबाट कोट झिकी बाहिर उभिरहेको आफ्नो मानिसलाई दिए ।

२५८. काङ्ग्रेजीले पनि साथ छोडेर गएपछि उनी आफ्नो बाटोमा चुप लागी गम्भिरतापूर्वक अगाडि बढे ।

२५९. अब खाली दौरा सुरुवालमा मात्र रहेर पनि अलिक पनि उनको आँखा निहुरेका थिएन र शान्त, स्थिरतापूर्वक बाटो समाप्त गरी उनी जब आफ्नो घरको कोठामा आफ्नो निर्धारित आसन नजिक पुगे अनि थचक्क बसे ।

२६०. पछिपछि सँगै आएको मानिस कोट त्यही पुरानो किलामा झुन्ड्याएर बाहिर निस्क्यो ।

२६१. झुन्डिएको कोट बाबुसाहेबले हेरिरहे ।

२६२. उनको आँखा अगाडि वाल्ल परेझैँ त्यो च्यातिएको कोटको खल्तीले मानौँ भित्री लिनेनको जिब्रो लप्लपाएर सोधिरहेको थियो- 'त्यो के भो हँ, अब के हुने हो ?'

२६३. मुक मानले नै कुन्नि कहिलेसम्म त्यही च्यातिएको खल्तीको लिनेनलाई विस्फारित सुकेका आँखाले हेर्दै माउजङ बाबुसाहेब बसी नै रहे ।

२६४. केही बेरपछि कदाचित् कोट च्यातिएको समाचार सुनेर रानीसाहेब पनि दगुर्दै पुगिन् र नजिकै गएर कोट हेर्दै उनले सोधिन् - 'यो के भयो, हँ, कसरी यस्तो भयो हरे !'

२६५. अब के हुन्छ ?

तालिका नं. ४१ : निर्धारित कथाको बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक |
|---|---|
| २४० र २४१ | अनुक्रमबोधक सम्बन्ध |
| २४१ र २४२ | स्पष्टोक्ति सम्बन्ध |
| २४२ र २४३ | कार्यकारण सम्बन्ध |
| २४३ र २४४ | स्पष्टोक्ति सम्बन्ध |
| २४४ र २४५ | अनुक्रमबोधक सम्बन्ध |
| २४५ र २४६ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २४६ र २४७ | तुलनात्मक सम्बन्ध |
| २४७ र २४८ | अनुक्रमबोधक सम्बन्ध |
| २४८ र २४९ | परिवेश घटनाको सम्बन्ध |
| २४९ र २५० | प्रभाव प्रतिफलको सम्बन्ध |

| | |
|---|---|
| २५१ र २५२ | अप्रत्यक्ष सम्बन्ध |
| २५२ र २५३ | प्रश्नोत्तर सम्बन्ध |
| २५३ र २५४ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २५४ र २५५ | प्रभाव प्रतिफलको सन्बन्ध |
| २५५ र २५६ | प्रश्नोत्तर सम्बन्ध |
| २५६ र २५७ | परिवेश घटनाको सम्बन्ध |
| २५७ र २५८ | अनुक्रमबोधक सम्बन्ध |
| २५८ र २५९ | स्पष्टोक्ति सम्बन्ध |
| २५९ र २६० | अनुक्रमबोधक सम्बन्ध |
| २६० र २६१ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २६१ र २६२ | घटना परिवेशको सम्बन्ध |
| २६२ र २६३ | प्रश्नोत्तर सम्बन्ध |
| २६३ र २६४ | कार्यकारण सम्बन्ध |
| २६४ र २६५ | प्रश्नार्थक सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. २४० र २४१ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। पछिल्लो वाक्य अघिल्लो वा.सं.को क्रमसँगै रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। वा.सं. ४१ र २४२ मा स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ। अघिल्लो वाक्यलाई पछिल्लो वाक्यले प्रष्ट पारेकाले यस्तो सम्बन्ध रहेको देखिन्छ। वा.सं. २४३ र २४४ मा स्पष्टोक्ति सम्बन्ध देखिन्छ। वा.सं. २४४ र २४५ मा अनुक्रमबोधक सम्बन्ध रहेको पाइन्छ। वा.सं. २४५ र २४६ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ। जसमा पहिलो वा.सं.का प्रभावले पछिल्लो वाक्य सिर्जना भएको देखिन्छ। वा.सं. २४६ र २४७ मा तुलनात्मक सम्बन्ध देखिन्छ। जसमा पहिले र आजको तुलना गर्न खोजिएको देखिन्छ। वा.सं. २४७ र २४८ मा अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। वा.सं. २४८ र २४९ परिवेश घटनाको सम्बन्ध देखिन्छ। अघिल्लो वाक्यमा खुशीसित कुरा गर्दै गरेको प्रसङ्ग र पछिल्लोमा एउटा काङ्ग्रेसी आएर कोटको गोजी च्यातिदिएको घटना प्रस्तुत गरिउको छ। वा.सं. २४९ र २५० मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको छ। वा.सं. २५० र २५१ मा र २५१ र २५२ मा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। वा.सं. २५२ र २५३ मा प्रश्न र उत्तरको क्रममा वाक्य रहेकाले प्रश्नोत्तर सम्बन्ध रहेको छ। वा.सं. २५३ र २५४ मा २५४ र २५५ मा प्रभाव प्रतिफलको सम्बन्ध रहेको देखिन्छ। वा.सं. २५५ र २५६ मा प्रश्नोत्तर सम्बन्ध रहेको छ। वा.सं. २५६ र २५७ मा परिवेश घटनाको सम्बन्ध रहेको छ। वा.सं. २५७ र २५८ मा

अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। वा.सं. २५८ र २५९ मा स्पष्टोक्ति सम्बन्ध रहेको देखिन्छ। साथै वा.सं. २५९ र २६० मा अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। पहिलो वाक्यको क्रमसँगै दोस्रो वाक्य आएकोले अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ। वा.सं. २६० र २६१ मा अघिल्लो वाक्यको प्रभावले पछिल्लो वाक्य आएकाले प्रभाव प्रतिफलको सम्बन्ध रहेको पाइन्छ। वा.सं. २६१ र २६२ मा घटना परिवेशको सम्बन्ध रहेको देखिन्छ। वा.सं. २६२ र २६३ मा प्रश्नोत्तर सम्बन्ध रहेको देखिन्छ। वा.सं. २६३ र २६४ मा कार्यकारण सम्बन्ध भएको देखिन्छ। वा.सं. २६४ र २६५ मा प्रश्नार्थक सम्बन्ध रहेको पाइन्छ। प्रश्न प्रश्नका रूपमा रहेकाले प्रश्नार्थक सम्बन्ध रहेको देखिन्छ।

यसरी प्रस्तुत कथाको बीसौँ अनुच्छेदमा विभिन्न प्रकारका सम्बद्धनहरूको प्रयोग भएको देखिन्छ। जसमा अनुक्रमबोधक, स्पष्टोक्ति, कार्यकारण, अनुक्रमबोधक, अप्रत्यक्ष प्रभाव प्रतिफलको, परिवेश घटनाको, प्रश्नोत्तर, प्रश्नार्थक सम्बद्धनहरूको प्रयोग भएको देखिन्छ।

### ४.४.२१ निर्धारित कथाको एक्काइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

निर्धारित कथाको एक्काइसौँ अनुच्छेदमा वा.सं. २६६ देखि २६६ सम्म जम्मा १ वटा वाक्यहरू रहेका छन्। ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

वा.सं.

२६६. 'केही भएको छैन' यत्तिका ठूलो दुर्घटनामा पनि आफ्नै घरमा समेत आवेगशान्त माउजङ बाबुसाहेबले भने - 'केही भएको छैन, बस मन्त्रीजीसित आएँ, राणाज्यूहरूको राज गयो।'

तालिका नं. ४२ : निर्धारित कथाको एक्काइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| २६५ र २६६ | प्रश्नोत्तर सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. २६५ र २६६ मा प्रश्नोत्तरको सम्बन्ध रहेको छ। अघिल्लो वाक्यमा अब के हुन्छ भनी सोधिएको र त्यसलाई अब राणा शासनको राज गयो भनी उत्तर आएकाले प्रश्नोत्तर सम्बन्ध रहेको पाइन्छ।

यसरी प्रस्तुत कथाको एक्काइसौँ अनुच्छेदमा प्रश्नोत्तर सम्बन्ध रहेको देखिन्छ।

### ४.५ निष्कर्ष

भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' कथा सम्बद्धनका प्रयोगका दृष्टिले अन्वितिपूर्ण, शृङ्खलाबद्ध, पठनयोग्य र उपयोगी रहेको देखिन्छ। कुनै कुनै अनुच्छेदमा कठिन शब्दको पनि प्रयोग भएको देखिन्छ। जसले गर्दा सामान्य पाठकलाई बुझ्न कठिन भएको देखिन्छ।

त्यसबाहेक सामान्य पाठकले बुझ्न सक्ने तथा रुचीपूर्णता पठनयोग्य रहेको देखिन्छ। वाक्यमा कस्तो अर्थगत सम्बन्ध छ भन्ने कुरा माथिका तालिकामा र विश्लेषण तालिकाको मुनि प्रस्तुत गरिएको छ। समग्रमा प्रस्तुत कथा सम्बद्धनका दृष्टिले उपयोगी रहेको छ।

# अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत शोधपत्रमा लेखक भवानी भिक्षुद्वारा लिखित 'कथा' 'माउजङ बाबुसाहेबको कोट' को सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा पुस्तकालीय अध्ययन विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ । यो अध्ययन सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनको खोजमा आधारित रहेको छ ।

'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषणका आधारमा भयो भन्न सकिन्छ कि यस कथा सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले उपयुक्त रहेको छ । सुबोध्य, सरल भाषाशैलीको प्रयोग भएको पाइन्छ । यो कथा सङ्कथनको दृष्टिकोणबाट पूर्ण भएको देखिन्छ ।

## ५.२ निष्कर्ष

सङ्कथन विश्लेषणका विधिहरूमा/युक्तिहरूमा सम्बद्धक र सम्बद्धन रहेका छन् । सङ्कथन कथ्य र लेख्य गरी दुई प्रकारका रहेका छन् । भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा विश्लेषण गरिएको छ । यस पाठलाई विभिन्न अनुच्छेद अन्तर्गत विभाजन गरी वाक्यगत रूपमा विश्लेषण गरिएको छ ।

'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्दा सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, निपात, लोप, पर्यायवाची, विपरीतार्थी, पुनरावृत्ति आदि सम्बद्धकहरूको प्रयोग भएको देखिन्छ साथै कथामा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्दा मुलतः स्पष्टोक्ति सम्बन्ध, परिचयात्मक सम्बन्ध, तुलनात्मक सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, प्रभाव प्रतिफलको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रयोजनको सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थक सम्बन्ध, स्मरणको सम्बन्ध जस्ता सम्बद्धकको प्रयोग भएको देखिन्छ । कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता हेर्दा कथा भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण रहेको देखिन्छ ।

समग्रमाः प्रस्तुत कथा सङ्कथन विश्लेषणको अध्ययन तथा सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा अर्थपूर्ण, पठनयोग्य, बोधगम्यता, अन्वितिपूर्ण रहेको देखिन्छ ।

## ५.३ शोधको उपयोगिता र कार्यान्वयन

### ५.३.१ शोधको उपयोगिता

सङ्कथन विश्लेषणले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुवैको अध्ययन गर्ने हुनाले यसको धेरै नै महत्व रहेको छ। प्रस्तुत शोधको उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

क) प्रस्तुत शोधले सङ्कथन विश्लेषणमा अध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउने छ ।

ख) भाषा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यक्रमको छनोट र स्तरण गर्न सहयोग पुग्छ ।

ग) शैक्षिक सामग्रीको प्रयोग गर्न सहयोग पुग्छ ।

घ) शिक्षण विधिको छनोट गर्न यस शोधले सहयोग पुऱ्याउँछ ।

ङ) भाषा शिक्षणमा सहयोग पुऱ्याउँछ ।

च) भाषिक सिपलाई अखण्ड रूपमा शिक्षण गर्नका लागि सहयोग पुग्छ ।

### ५.३.२ शोधको कार्यान्वयन

भाषाशिक्षण भाषिक सिपहरूको शिक्षण हो। सङ्कथन एउटा अखण्डित भाषिक अभिव्यक्ति हो यसले भाषिक सिपलाई अखण्ड रूपमा शिक्षण गर्न सहयोग पुऱ्याउँछ। सबैले आफ्नो आफ्नो क्षेत्रमा प्रयोग गरी फाइदा उठाउन सक्छन् । विशेष गरी लेखक, पाठ्यक्रमविद, पाठ्यपुस्तक लेखक, विद्यार्थी, समालोचना, प्राध्यापक, भाषाविद कवि, विश्लेषक सबैले सङ्कथन विश्लेषणको उपयोग गरी लाभान्वित तथा सबैलाई फाइदा पुग्छ ।

## ५.४ भावी अनुसन्धानका सम्भावित शोधशीर्षकहरू

सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताका लागि निम्नलिखित आधारमा आधारमा छानिएको शीर्षक उपयुक्त हुन सक्छन् ।

क) कुनै कथा, जीवनी, नाटक विधाको सङ्कथन विश्लेषण,

ख) कुनै मनोवादको सङ्कथन विश्लेषण

ग) कुनै उपन्यासको सङ्कथन विश्लेषण

घ) कुनै संवादको सङ्कथन विश्लेषण

ङ) कुनै दैनिकीको सङ्कथन विश्लेषण आदि ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६२), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, शैलेन्द्र (२०६९), उलार उपन्यासको सङ्कथन विश्लेषण, काठमाडौँ : कन्दरा पब्लिकेशन ।

घिमिरे, विकास (२०७४), सपरिवार छोराले देश छोडेको रात मनोवादको सङ्कथन विश्लेषण, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

ढकाल, शान्तिप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : सुजता प्रकाशन ।

ढुङ्गेल, भोजराज र अन्य (२०६८), प्रायोगिक भाषाविज्ञान, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रियुटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

नेपाल सरकार (२०७४), **कक्षा १० को नेपाली**, *माउजङ बाबुसाहेबको कोट*, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), **सामान्य भाषाविज्ञान**, काठमाडौँ : सनलाइट पब्लिकेशन ।

न्यौपाने, दीपकप्रसाद (२०७४), **'बुढासुब्बा' लोककथामा व्याकरणक सशक्ति अन्वेषण** (वर्ष ७, अङ्क ७) पृ. २१-२८ ।

पोखेल, गोकुल (२०६९), **एकान्त कथाको सङ्कथन विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.ली. ।

भण्डारी, पारसमणि र अन्य (२०६५), **साधारण नेपाली**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६७), **सामान्य भाषाविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, विद्यादेवी (२०७३), **अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण** (अप्रकाशित शोधपत्र), शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

भूसाल, केशव (२०७०), **सामान्य भाषाविज्ञान**, काठमाडौँ : पाठशाला पब्लिकेसन ।

रेग्मी, धुव्र (२०७१), **त्यसरी बाँचेको छ : त्यसरी नै कथाको सङ्कथन विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६६), **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, भोलानाथ, (सन् १९९५), **भाषाविज्ञान**, इलाहावाद : किताव महल ।

पोखरेल, बालकृष्ण (२०४०), **बृहत् नेपाली शब्दकोष**, काठमाडौँ : ने.रा.प्र.प. ।

भट्टराई, रामप्रसाद (२०६५) **भाषिक अनुसन्धान विधि**, काठमाडौं :  शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०७१), **भाषिक अनुसन्धान विधि**, काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि ।

शर्मा, विष्णुप्रसाद (२०७०) **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं पब्लिकेशन प्रा.लि. ।

## परिशिष्ट एक : कथाकारको परिचय

यहाँ निर्धारित पाठका लेखकको परिचय, प्रवृत्तिहरू र निर्धारित पाठको सार प्रस्तुत गरिएको छ :

क) भवानी भिक्षुको परिचय

भवानी भिक्षु (वास्तविक नाउँ : नोहराम गुप्ता, जन्म : वि.सं. १९६६, मृत्यु : वि.सं. २०३८) नेपाली साहित्यका एक चर्चित साहित्यकार हुन् । यिनले नेपाली साहित्यमा खासगरी (कथा र उपन्यास) विधामा आफ्नो उत्कृष्ट कला/सिर्जनात्मक प्रतिभाको प्रदर्शन गरेका छन् । यिनको पहिलो प्रकाशित कथा 'मानव' हो । यो कथा वि.सं. १९९५ सालमा 'शारदा' पत्रिकामा प्रकाशित भएको पाइन्छ । साहित्यका भिक्षुले थुप्रै कथाहरूको रचना गरिसकेका छन् । यिनले रचना गरेका कथाहरू यिनकै 'गुनकेसरी' (२०१७) 'मैयासाहेब' (२०१७) 'आवर्त' (२०२४) र 'अवान्तर) (२०३४) शीर्षकका कथासङ्ग्रहहरूमा सङ्कलित भएको पाइन्छ । भिक्षुका विभिन्न उत्कृष्ट कथाहरूमध्ये 'माउजङ बाबुसाहेबको कोट' कथा निकै चर्चित कथा हो । यो कथा उनकै 'मैयासाहेब' कथासङ्ग्रह (वि.सं. २०१७) मा सङ्कलित उत्कृष्ट रचना हो ।

ख) भवानी भिक्षुका कथागत प्रवृत्तिहरू

भवानी भिक्षु आधुनिक नेपाली कथाको मनोवैज्ञानिक धाराका कथाकार हुन् । यिनले खासगरी मानव मनोविज्ञानका विभिन्न पक्षहरूलाई केलाएर निकै गहकिला मनोवैज्ञानिक कथाहरू लेखेका छन् । स्त्री र पुरुषका बीचको पारस्परिक प्राकर्षण, मिलन, प्रेम, बिछोड, व्यक्तिका मानसिक धात, प्रतिधात आदिको चित्रण गरी कथा लेख्न यिनी सिपालु मानिन्छन् । यिनले आफ्ना कथामा नेपाली समाजको यथार्थ चित्रण गरेका छन् । यिनले आफ्ना कथामा उच्च मानवीय मूल्यका रूपमा यौनको चित्रण गरेको पाइन्छ । वि.सं. २००७ सालभन्दा अघि र पछिको नेपालको राजनैतिक अवस्थाको चित्रण यिनले आफ्ना कथामा गरेका छन् । ज्यादाजसो हिन्दी भाषाबाट प्रभावित यिनका कथाको भाषाशैली तत्सम शब्दको प्राचर्य र लामालामा वाक्यको आधिक्यका कारण केही क्लिष्ट बनेको देखिन्छ । भाषिक क्लिष्टता भए पनि बौद्धिकता, तार्किकता आदिका कारण यिनका कथाहरू ज्यादै गहन एवम् गम्भिर प्रकृतिका रहेका पाइन्छ ।

समग्रमा मनोवैज्ञानिक, सामाजिक यथार्थ, यौनको चित्रण, प्रेम, मिलन, विछोड, राजनैतिक व्यवस्थाको चित्रण आदि यिनका कथागत प्रवृत्तिहरू हुन् ।

ग) निर्धारित कथाको सार

'माउजङ बाबुसाहेबको कोट' कथा भवानी भिक्षुको 'मैयासाहेब' कथासङ्ग्रह (२०१७) मा सङ्कलित एक उत्कृष्ट कथा हो । मनोवैज्ञानिक कथाकार भिक्षुले कोटलाई राणाशासनको

प्रतिकका रूपमा उभ्याउँदै परिवर्तनलाई आत्मासात् नगरी आफ्नै घमण्डमा मख्ख रहने सामन्ती वर्गका व्यक्तिको मनोभावलाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेका छन्। समयको गतिसँगै परिवर्तन हुन नसक्नेहरूले भोग्नुपर्ने दुर्दशाको यथार्थ प्रस्तुति यस कथामा रहेको पाइन्छ। प्रजातन्त्र आए पनि राणाहरूको सामन्ती मनोवृत्ति नहटेको तथा उनीहरू वर्गीय स्वार्थ बचाउन प्रतिबद्ध रहेको वास्तविकता प्रस्तुत कथामार्फत् उद्घाटित भएको छ।

## परिशिष्ट - दुई

## 'माउजङ बाबुसाहेबको कोट'

## (विश्लेषण कथाको पूर्ण पाठ)

साँच्चि नै भनूँ भने कोट र माउजङ बाबुसाहेब एकअर्काका पर्याय नै थिए । कुनै पनि नाच-गानमा, सभा महलमा, भोजभतेर वा गलिगोप्तामा, मारपिट, त्रास-आतङ्क सारामा त्यही गहिरो मासङगको बेन्सनको लामो ओभरकोट नै हिँडेको, चलेको बसेको वा कतै हात हल्लाएको छ भने बाबुसाहेब होइनन् कि माउजङ बाबुसाहेब आफ्ना समस्त दुर्धर्या अस्तिस्तत्वका साथ छर्लङ्ग सिद्ध हुन आउँथे । कोटले कहिलेदेखि माउजङ बाबुसाहेबको प्रतिनिधित्व गर्न थालेको हो, तर त्यो कुरा एउटा खोजको विषय थियो । पुराना पुर्खाहरू बाँचेका मध्येमा पनि कोही कोही मात्रै त्यस कुराको कुनै सुत्र बताउने सक्तथे, यद्यपि आज कैयौँले नजाने कैले, कुन किसिमका, के के इतिहास पनि बताउन हच्किँदैनन् । माउजङ बाबुसाहेब एकजना धरानिँया राणाज्यू, नेपालगञ्ज इलाकामा बिर्तावाल !

अन्त्यत क्रोधी, उदण्ड, दुर्निवार व्यक्तित्वका प्राणी ! प्रजातन्त्र आउनुभन्दा पन्ध्र वर्ष अगाडिसम्मका कुराको सम्झना त एक किसिमले अझै पनि सारालाई नै छ । बाबुसाहेबको गाउँको घरमा तीन चारवटा ठूलाठूला डरलाग्दा र केही सानासाना रौं भएका कुकुरहरूको फौज, जो कुनै पनि आगन्तुकको मुटु हल्लाएर नै आतिथेयक्रममा प्रथमोपचार गर्ने गर्दथे, नेपालगञ्जमा त्यस तराई प्रान्तको एउटा प्रमुख आतङ्कस्मृति हो । यो र अन्य सारा भ्रममा कसैको घर खेत जफत गरी लिनु, कसैलाई कुटी लुटी छोड्नु र पसिनाले भिजेको रातो, तम्सिएको ठूला अनुहारमा बाक्ला ओण्ठयुगलले थुकमा फिँज फोहोरा छोडदै, कसैलाई गाली गरेर बेसरी बेइज्जत पारिदिनु इत्यादि सारा आतङ्कहरूमा प्रतिनिधित्व गरिआएको त्यसतर्फका रैतीदुनियाँका मानसचक्षुमा त्यही बेन्सनको ओभरकोट नै उदाउन आउँथ्यो । जिल्लाका राणा बहाहाकिमहरू बाबुसाहेबलाई साराका अगाडि ढोग्नु र थापा अथवा अन्य वर्गका बडाहाकिमहरूले पहिले सलाम गर्नु भन्ने प्रमुख कौतुकाकर्षणको दृश्यमा पनि त्यही कोट नै आफ्नो लामो आकार गहिरो मासरङको वर्गमा दयान्वित रहिआएको हो । दर्य, गौरव र आतङ्कहरूको यस क्रममा नै बाबुसाहेबको वास्तविक नाउँ, जो कदाचित् 'हुमायुँ' जङ्गबहादुर राणा थियो होला, सारा जिभ्रोपर्यन्तलाई भयत्रस्त पारी माउजङ बाबुसाहेब पनि हुन गएको थियो ।

महाभारतकालमा यदि गाण्डीव धनुष महावीर अर्जुनको प्रतिक थियो भने राणाकालमा माउजङ बाबुसाहेबको आतङ्क प्रतिक त्यो कोट नै थियो । अजेय गौरवशाली त्यस कोटबारे कुनै कुरा कोट्याउन कसैको हिम्मत थिएन । समयधष्टताले गर्दा त्यस कोटको मूल चहकिलो माउजङ

आज धुस्रो, फुस्रो र मैलो, विरूप हुन गए पनि साराकाक आँखामा त्यो कोट चहकिले मासरङकै देखा पर्दथ्यो । हो, यता प्रजातन्त्रपछि माउजङ बाबुसाहेबको कोटावृत्त व्यक्तित्व मुर्मुरिएको र कोटलाई पनि मैलो, पुरानो, धमिलो भनेर सबैले उपहार टक लगाएर हेर्ने घृणता पार्न थालेका थिए, अझ कोही त मुसुमुसु हाँस्न पनि बाँकी राख्तैनथे । कहाँसम्म भने कसैकसैले त अब नजाने कुन सुत्र लिएर हो, यो पनि भन्ने साहस गर्न थालिसकेका थिए कि फलामा सालमा फलाना प.क.ज. ले बकस दिएको कोट पो त । अझ यति मात्रै कहाँ, कोटको पुरात्वान्वेषणमा कुन्नि कसरी हो, यो पनि कसैकसैले थाहा पाएका छन् कि 'नेपालको उल्लिखित प.क.ज. साहेबको छातेको बिहामा बकस दिन भनी पोसाकेले झिकेर ल्याएको कोट चाकरीमा पुगेका बाबुसाहेबलाई दिएको पो त !कुन्नि कुन दुर्विधानले माउजङ बाबुसाहेबको कानमा पनि एक दिन यी कुराहरू पुगे । त्यस दिन बाबुसाहेबले भित्ताको किलामा झुन्डिएको कोटलाई हेरिरहे र यस प्रजातन्त्रकालमा पनि अतीत इतिहासको स्मरण गरे । उनले सम्झे कि - प.क.ज. साहेबबाट बक्सिएको यही कोट अब पहिलो दिन उनको हातमा परेको थियो, कसरी कोटबाट मगमग उड्ने मीठो बासले वातावरणलाई सुवासित पारिदिएको थियो । उसबखत त्यहाँ भएका अरूहरूको कस्तो लोभिएको दृष्टि त्यसमा परेको थियो र पहिलो पटक उनले कोट धारण गर्दा बाहुलाले लिनेनमा उनका दुवै हात कसरी सर्र चिप्लिदैं पसेका थिए । जीउमा टम्म बस्न गएको त्यो कोट, जो आज फलामे किलामा झुण्डिएको छ, कतिको गहकिलो रूप-रवाफ, सम्पन्नता आदरको प्रतिनिधि भएर बाबुसाहेबको जिउलाई कुशल- कृतार्थ पारेको थियो । अनिपछि डेरामा आउँदा, सँगै नेपाल आएकी रानीसाहेबको जिउलाई कुशल कृतार्थ पारेको थियो । अनिपछि डेरामा आउँदा, सँगै नेपाल आएकी रानीसाहेबले कसरी आश्चर्य विमुढा भई आफ्नै हातले बाबुसाहेबको जिउबाट कोट झिकी झुण्ड्याउनुभन्दा अघि ओल्टाई पल्टाई हेरेकी थिइन् । अक्ष कोटको भित्री लिनेनपर्यन्त टलटल टल्केको देखेर लोभिएर लिनेनलाई बिस्तारै मुसारेकी थिइन् । अँ, उसबखत बाबुसाहेबले झर्कदै रानीसाहेबलाई झपारेका पनि थिए 'के गरेकी एक पाखेकी छोरी, मुसार्दा भित्री मौलिन्छ भन्ने कुरो पनि थाहा छैन ?' तर्सिएर पनि हास्तै हाँस्तै रानीसाहिबले कोट झुन्डाएकी थिइन् । अनि कोठामा कोहि नभएको बखत उठी बाबुसाहेबले पनि यसै कोटलाई मुसारेका थिए, पछि भित्री पाकेटमा टाँसिएको टेबुलमा ह्वाइटवे लेडला यान्डको, टेलरिङ, यान्ड आउटफिट डिपार्टमेन्ट भन्ने कतिपय शब्दहरूलाई नाउँसम्म लेख्न पढ्न सक्ने आफ्नो अङ्गेजी अक्षरको ज्ञानमा बडो मुस्किलले जोरी गाँसी पढेर कुनै शास्त्र नै पढेझैं स्तम्भित, चकित भएका थिए । वस्तुतः त्यही सानो लेबुन नै त्यस कोटको राजसी महिमाको गौरव, विपुलताको, गुरुत्वगर्वको केन्द्रित प्रमाण पट्टिका थियो । अनि पछि क्रमशः बाबुसाहेबले नै पनि अनेकौं मौका, उपकरणहरू उभ्याएर कति कति अवसरमा कति

कति जनालाई त्यही लेबुल देखाई पढ्न लगाएर अपरिमेय गौरवबोध परेका कुरा पनि बाबुसाहेबले आज सम्झे । तर पश्चक्री समय, हरे, आज त्यस्तो कोटलाई हाम्रो प.क.ज.ले बकस दिएको भनेर मात्र होच्याउने..... ।

जुरुक्क उठेर बाबुसाहेबले कीलाबाट कोट झिकेर अलि उज्यालो ठाउँमा लगी निरीक्षणका दृष्टिले हेरे । 'क्या ग्यान्ड चिज रहेछ' कट नै कति ठिक्कको, कस्तो एक घर पनि यताउति नपारी त्यस्तरी होसियारीसाथ सिइएको कोट । ब्रम्हाले पनि मानिसको जिउ कुँद्रदा यति सावधानी त के राखेका होलान् ! अनि मुक सोचिरहेको बाबुसाहेबको दृष्टि गर्धनतिर कोटको कलरमा पऱ्यो । मैलो भएर केही धस्किसकेको र त्यहाँका धागाहरू अलि झुत्रिएका प्रष्टै देखिन्थ्यो । त्यस्तै यसको महत्व कम पारेको त........ । सबै थोक पुरानो त हुन्छ हुन्छ, मानिससम्म त बुढा हुन्छन्, तर बुढो हुँदैमा जात, घरान, गौरव, महिमा पनि बिग्रन्छ र ? यो कोट......... । अब त हिन्दुस्थानीहरूको राजमा परेका हवाइटवे लेडवा कम्पनीमा पनि यस्तो कोट त के तयार हुन्छ होला र ? ती कालिगडहरू खानै नपाएर गइसके होलान् । अब यस्तो हामी कोट लाउने को ? कोट त के यो कपडा नै अब कहाँ छ ? बेलायतमा पनि त अब यस्तो कपडा कहाँ बन्छ र ? देखा नै पर्दैन । अङ्ग्रेजहरू पनि बिचरा ओह्रालो लागे । हिन्दुस्थान थियो र पो राजसी रवाफ, साारा दुनियाँभन्दा माथिल्ला तहका त्यहाँका लाटाहरूको समाज ! तब पो थियो होला लन्डनचाहिँ राजधानी ! हाम्रै काठमाडौँको पनि त अब त्यो रवाफ के होला र ?

सोचाइको यही सिलसिलामा बाबुसाहेबले जर्नेलहरूका दरबार सम्झे त्यहाँका सजावट ! पित्तले बुट्टा, परी, लता, फूल इत्यादि कालिगडी भएका फलामको पलङ डबल स्प्रिङ्ग, क्या लच्कने ! ठूलाठूला भित्तै छाप्ने बाजा, जर्नेल र बेलायत, जर्मनी, रुस, रोमका राजा रानीहरूका सुनौला फ्रेमका ठूलामा पनि ठूला तस्विर ! एकेकको दस हजारभन्दा पनि बढ्ता मोल पर्ने ! आलमारी, याक, किताब राख्ने सेल्फ, थरीथरीका डिजाइनका मेच, टेबुल, पालिस भनेको त सुनेकै हो कि ! अझ रेशमी मखमली विशाल सोफा सेटहरू, झल्लरवाल पर्दा ! कहाँसम्म सम्झनु, धुरीदेखि, भित्ता, सिँढीसम्म जम्मै अद्रभुत, गन्हुँग्याइँ र वैभवको प्रर्दशनी नै जस्तो ! अझ चाँदी भनेको त मामुली कुरो, सुन भनेको त परवाहै छैन । चाँदी, सुनकै त्यति ठूलाठूला भाँडाकुँडा राम्रा फुलदान, त्यतिका राम्राराम्रा लुगा लाएकी राम्री राम्री नोकर्नी, सुसारे, केटीहरूका फौज, नोकर, चाकर, सुब्बा, छाते, मुखिया ! मोटर, घोडा, बग्गी के, के, सम्झी साध्य छ र ती अचम्महरूलाई ?

त्यसपछि बाबुसाहेबले सारा दरबार र चाकरियाको घुइँचो, मानिसहरूको ठेलमेल, दगुन्याई पनि जम्मै सम्झे । रवाफ भनेको त यस्तो पो त .......। तर अब ती सारा के होलान्, कहाँ होलान् ?

बाबुसाहेबले पुनः ओल्टाई पल्टाई हेरे । त्यो त्यतिका महत्व, गौरव र महिमामय अतीतको प्रतिक, बेन्सन कपडा, हवाइटवे टेलरिङ विभागमा तयारी भएको कोट । बाबुसाहेबले उठेर ससम्मान त्यो कोट किलामा झुड्याए अनि गौरवपूर्ण मानसिकताको प्रभावमा एउटा श्वास किसिमको गुरुत्वमय भावले आफ्नो आसनमा बसे । भित्रभित्रै उनको अचेतनले एउटा बोध लियो कि 'अँह, यो केही पनि होइन, खाली भित्र ईश्वरले यस कोटको गौरव खप्न नसकेर मात्रै बढेका यी जम्मै काङ्ग्रेजी झुत्रेहरूले बाहिर बाहिर गिज्याउन नबोजेको नत्र भने आफैँ मनमनै त, जम्मै हेर्न पर्यन्त नपाएका त्यस्तो कोटप्रति लोभिएकै होलान् नि !' फटाहा, छुच्चा, छुसीहरू, हो त, नि बडो..........! नत्र, (बाबुसाहेब पुनः अतीतको मानसिकतामा पुगे) नत्र फलाना बडाहाकिम आउँदा भएको स्वागतमा यही कोट लगाएको बाबुसाहेबलाई नतिको सम्मानले रही रही हेर्दथे, सुब्बा लप्टनहरूको त कुरै के भो र ! चाकरी गरी सानाहरूले भेट्टाएका हाकिमी जागिर ! त्यो नि त्यो, मुगलानबाट एकपटक के मा हो के हेर्न आएको रे, जिल्ला कलक्टर अङ्ग्रेजले, अझ सिकार खेल्न बक्साइआएको भिस्टर कार्निसले पर्यन्त यस कोटलाई घरीघरी नहेरी सुखै कहाँ पाएका थिए र ?

सम्झनाको यसै क्रममा बाबुसाहेबले अतीतका अनेकन उत्सव, भेटघाट, स्वभाव-समारोह, पुजा, आजा, जन्ती, भोज जम्मैमा प्रखर प्रदिप्त, मौन मुखरित रहेको आफ्नो महान् गौरव जात खाल इत्यादि लिएर ठूल्याँइ-बडाँइ जिसडित कोटको महिमाका अवसरहरू सम्झे । अनि बाबुसाहेबको कोटको सम्मान, महताकै सारा घटना, इतिहास आफ्नो सम्झनाक्रमका ल्याएर तदाजन्य स्वयम्‌को गौरव बोधमा आफ्नो पुरानो परिपुर्णता सँगाले । जहाँ पनि जुन अवसरमा पनि यहि गहिरो मासरङको कोट विभिन्न थरीका नजरहरूको केन्द्राकर्षण रही नै आएको हो । बाबुसाहेबले अपरिमेय गुरुतामा मनमनै भने- साराका सारा जम्मै बदमासी । मामुली कोट हो र । यो त चीज पो हो त चीज !

केन्द्रिय सरकारको गृहमन्त्रीका दौडाहा हुने भएकाले मन्त्रीज्यूको स्वागतको प्रबन्ध मिलाउने कमिटीले माउजङ बाबुसाहेबलाई निम्त्याएको थियो । नेपालगञ्ज बजारमा जानुभन्दा एक दिनअघि नै बडो सावधानी साथ बाबुसाहेबले आफैँ त्यस हवाइटवे लेडला कम्पनीले बनाएको कोटलाई राम्ररी सुकाएर ब्रस लगाउन थाले । धुलाको मुस्लो नै उठेको जस्तो थियो । छि ! कहिले पनि ब्रस लगाएकै रहेनछ । उसे सुसारे नोकर्नी, बैठकदेखि रानीसाहेबलाई समेत झपारे 'क्या हो यो ?' आफैँ नगरे हेर्नुदेख्न केही पनि छैन, होइन ? यो राम धुलो यस्तो कोटमा ! यसैले त यसको रङ नै धमिलिएको । नत्र रङ उड्ने खालको हो र यो ? बेन्सन क्लाथ, धुलैधुलोले भरिभाउ पारेर सक्कली रङ नै सखाप भएको पो त । गोरु.........जति गरे पनि धुलो निस्कन छोड्दैन, ना..........ना के हो यो ? बाबुसाहेबले बडो मुस्किलका साथ कोटलाई झारझुर पारी किलामा

झुन्डाए । माथिबाट एउटा झुत्रोले बेरे । एउटा कुरा रहीरही बिझ्न थाल्यो - 'कति ठाउँमा कोट खुम्चिएको रहेछ ।' इस्त्री गर्नुपर्ने हो, यहाँ गाउँमा कसलाई दिने । समस्या नै जटिल थियो । भोली बिहानै आठ बजे बडाहाकिमकहाँ जानुपर्ने........... ।

दोस्रो दिन कोट पोको पारी एउटालाई बोकाई बिहान ६ बजे नै बाबुसाहेब नेपालगञ्जतिर लागे । बजारको एक छेउमा नै रहेको गुरदिन धोबीको घरमा पुगी बाहिरैबाट उसलाई बोलाए । ........ ल त गुरदिन, अलि हिफाजतका साथ मेरो कोटमा इस्त्री गरी दे त ।

गुरदिनले कालिगडीको नजरले हेर्दै भन्यो हुन्छ सरकार, इस्त्री तताउन पर्यो, एक छिनमा मानिस पठाइबक्से तयार पारी पठाइदिनेछु ।

कुरा ठिकै यिो तर धोबीको जात, फेरि टाइममा गरी दिएन भने अझ इस्त्री लगाउँदा कपडाको जात नै नचिनेर कतै डढाइदियो भने...........। भित्रै पसेर पनि बाबुसाहेबले भने............ 'होइन म त्यो साहुको पसलमा चुरोट खान्छु इस्त्री चाँडै तता........ अनि इस्त्री लगाउने काइदा बताउँछु, मामुली कोट त होइन नि !' मैले सिकाएको जस्तो इस्त्री गर्नुपर्छ ।

गुरदिनको अभियानलाई चोट पर्यो । कति कति दामीभन्दा दामी कोट, प्यान्ट लुगा यही हातले इस्त्री गरेँ, बनाएँ, यो जाबो थोत्रो कोटमा मलाई सिकाउने । तर बाबुसाहेबका अगाडि उसले केही पनि भनेन । 'हवस' मात्र भन्यो । अनि बाबुसाहेब फर्केर पसलतिर जान लाग्दा क्षोभको वंशवर्ती उसले कोटलाई कुनामा भएका लुगाका रासमा जोडसित फालेर आफूलाई नजान्ने भनेको साटो फेर्यो । एक छिनमा इस्त्री गरम् भयो । टेबुलमा लुगासुगा ओछ्याई उसले कोट राख्ने बित्तिकै टाढा पसलबाट हेरिरहेका बाबुसाहेब पनि आएर नगिचै एउटै त्रीपाईमा राज भए । गुरदिनले कोटको बाहुलामा इस्त्री के राखेको थियो 'ए गोरु पानी लगा, पानी लगा, डढ्यो, डढ्यो हत्पदिँदै बाबुसाहेब कराए ।' वाल्ल परेर यसो टोलाउँदै गुरदिनले भन्यो 'सरकार अहिले त इस्त्रीमा ताप चढेकै छैन, मधुरो तातो मात्र छ, ठन्डा इस्त्री, त्यति त नजान्ने कहाँ हुँ र ? अनि टाउको झुकाई इस्त्री गर्न थाल्यो । बिस्तार बिस्तार इस्त्री गरम् हुँदै गयो । बाबुसाहेबले मौका मौकामा पानी राख्ने आदेश दिँदै गए । यता उनको कुरा सुनेर गुरदिन मुर्मुरिँदै अपमानको क्षोम लिँदै गयो । यस क्रममा कैयौं टेक्निकल घटना घटे, तर अन्त्यमा इस्त्री गर्न सिदियो । बाबुसाहेबले गरम् गरम् कोट लगाई जान थाल्दा 'सरकार बोहनी भएको छैन, एकाबिहानै यही काम गरेको हुँ' भनी धोबीले भन्दा दुई पैसा फाल्दै माउजङ बाबुसाहेबले भने महिनावारी पाइराखेकै छस्, बोहनी भनेर पैसा लिने होइन ? अनि अक्डकिदै बाबुसाहेब अगाडि बढे । 'आज पो साराले थाहा पाउँछन्, यो कोट क्या हो ?' अनि ब्रसले झारेर इस्त्री लगाउने बित्तिकै रवाफै अर्कै भयो । जातको चीज वस्तुको झन् स्याहार सुसार खोज्ने कुरो । म नै मुर्ख किलामा झुन्ड्याउनु पर्ने हो र के गरुँ

आफ्नो त यही हो नि । फौजे पाल्नुपर्छ आम्दानी भनौं यही जाबो बिर्ता ! तर...। बाबुसाहेब मनमनै झस्के । बिर्ता भनेको बिर्तै हो, राजाबाट पाएको गौरव पो त ! यसैले जिन्दगी बिताएँ, गर्नेजति गरेकै हुँ, ढङ्ग नभएको पो, नत्र आम्दानी भनेको कम्ती हुन्थ्यो र ? अनि तुरुन्तै बाबुसाहेबको नजर कोठामा दगुर्यो, पुरानो गौरव बोध प्रदित्व हुँदै आयो । एकछिन अघि मात्र आएको.....हीनताबोधको ठाउँ त्यही चिरअभ्यन्त अहङ्कार, त्यही शक्तितागत जम्मैले लिएर बाबुसाहेब आफ्नो हालैसम्म बितेको अदम्य क्षमता, अपरिहार्य दुर्दान्तताको मुक्त बोधानुभवमा आइपुगे । मनको यसै प्रवाहमा कहिले उनी बडाहाकिमको ढोकाभित्र पसेर बरन्डामा उभिए, थाहै पाएनन् । त्यहाँ पच्चीसौं मानिस बसेर कुराकानी गर्न थालेका थिए । माउजङ बाबुसाहेबलाई देख्नेबित्तिकै बडाहाकिमले भने- पाल्नोस्, बाबुसाहेब, अबेला गर्नुभो । तपाईंले त एउटा ढोका आफैँ बनाइदिनु पर्ने । अनि हाँस्तै पाखुरा समाती मेचमा बसाले । बस्ताबस्तै बडाहाकिमले पाखुरा समातेका ठाउँमा कोट खुम्च्यो कि भनी निधो गर्न बिस्तारै बाबुसाहेबले बाहुलामा नजर पुऱ्याए । स्वागत सम्बन्धी कुराकानी चली नै रह्यो । तर मुखले हो- होइन, इत्यादि भन्दै गरे पनि बाबुसाहेबको अन्तचिन्तन केमा थियो भने - 'कोटको बाहुलामा हात पर्ने बित्तिकै बडाहाकिमले थाहा पायो होला कि कुन जातको लुगा रहेछ ।' ठट्टा हो र ? जात भनेको जातै । तर एक दिनपछि नै एउटा काङ्ग्रेजी मदिसेले प्वाक्क भन्यो 'होइन बाबुसाहेब, मन्त्रीज्यू आउँदा पनि यही ओभरकोट लगाउने ?' गर्मी त चढीसक्यो । बाबुसाहेबले कुनै जवाफ नदिएर एकपटक उसको अनुहारमा मात्र टोलाए । कति बढेको कुजात, गर्मी भन्दैमा चार पैसाको मलमलको कुर्ताधाती लगाएर आउने हुँ र !नेपालबाट आउने मन्त्री पनि उनी कोट लगाएरै आउनेछन्, थाहै छैन । जतिसुकै गर्मी भए पनि जर्नेलहरूको उर्दीपोसाक कश्मीरा, बनाएकै हुन्छ । फाइदा भनेको अत्तो न पत्तो, खै यसरी राजकाज के चल्छ र ? मनमनै आफैँसित यी कुराहरू भने पनि मुखले केही नबोली उपेक्षा देखाए अर्कै कुरा गरिरहे । तर के गर्नु, जमाना अर्कै छ । नत्रभने आज छुसी यस कोटको खिल्ली उडाउन सक्थ्यो र ? एकाएक बाबुसाहेबले थाहा पाए बडाहाकिमको नजर छिनछिनमा उनको गर्धनतिर कोटको कलरमा पुगिरहन्छ ।

बाबुसाहेबलाई अब त लाजै मर्नु भयो । गर्धनमा त साह्रै मैलो भई कलर अलि धस्केकै छ । असह्य लाजको जालमा परी बाबुसाहेबको ओभरसाइजको ठूलो अनुहार रातो भयो । अब त्यहाँ बसिनसक्नु भयो । कुनै तबरले दश-पन्ध्र मिनेट अडेर आफ्नो कुरा टुङ्ग्याई छुट्टी लिएर बाबुसाहेब कोठाबाहिर आए र बरन्डामुनि ओर्लेका मात्र थिए कि भित्रबाट हाँसोको समूह - ध्वनी उनको कानमा पर्यो ।केले यस्तरी हाँसो उठेको होला, कुनै कुरो त थिएन, पक्का, गर्धनमा धस्केको मेरो कोटकै खिल्ली उडाएका हुन् । विषादमिश्रित विवश क्रोधले बाबुसाहेबको आँखा रसाएर

आयो । तर छिटोछिटो पाइला सार्दै बाबुसाहेब मूल सडकमा आइपुगे । त्यतिञ्जेल आँखामा आएका आद्रतालाई आँखाभित्रै सुकाउन समर्थ पनि भए। सारा संसार उनको यस चिरगौरव सम्पन्न कोटकै महक्ताप्रति ईश्यालु भएर चारैतिरबाट यसको गुरुसम्मानलाई थिच्ने षड्यन्त्रमा लागेको भन्ने कुरा बाबुसाहेबले अनुभव गरे । हरे, यस बिचरो कोटले आफ्नो इज्जतपर्यन्त सँगालिराख्न नपाउने यो कस्तो छुट्यो ईख होला । यो अबोध निर्जिव कोट.....केवल जातको चीजमात्र हुन् आज यसको बैगुन हुन गएको छ। यस्तो त हो नि ! आज छुच्याँइको जमाना छ। घडव्वन भलापन नै अपराध ! यही हो प्रजातन्त्र ! तर..........घरमा पुगेर सारा दिन सारा रात यही कुरा सोच्दै बिताएर बाबुसाहेबको सक्षमताले निश्चय गयो कि ‘ज्यान गए पनि हवाइटवे लेडवा कम्पनीद्वारा निर्मित बेज्सनको यस ओभरकोटको इज्जत मर्यादा लुप्त हुन दिइनेछैन ।’

मन्त्रीको दौडाहा हुन आठ दिन मात्रै बाँकी थियो । यसै बीच कोटको कार्यकलाप हुनैपर्छ, यसको वास्तविक महक्ता यसले पाउनैपर्छ, होच्याएर होचिइने खाल नै यसको होइन । बाबुसाहेबले लखनऊ गएर कोट ड्राइ- क्लिनिङ गराउने र गर्धनमा धस्केको ठाउँमा रफ भर्न लगाउने निश्चय गरे । तर खर्चको मोटामोटी हिसाब लगाउँदा यत्तिकैमा चालीस-पचास रूपैयाँमा पर्ने भयो । घरमा दुईचार जना नोकर सुसारे र मन परेकी केटीहरूले सुझाव दिए- ‘ब्रु अझै चाली पचास रूपैयाँ थपेर एउटा नयाँ कोट नै हाले झन् बेस ।’ तर तिनीहरूको अज्ञानतामाथि दया छरेको जस्तो मुस्कुराएर बाबुसाहेबले भने - ‘सय रूपैयाँ हाल्दैमा नयाँ कोट यस कोटको दाँजोमा पुग्ने कुरा के गरी सम्झेका बडा जान्ने । त्यस्ता-त्यस्ता दशवटा नयाँ कोट भएर पनि यसको अगाडि उभिरहन सक्ने होइनन् । खाली हिफाजत साथ राख्न नसकेर पो त ! ‘पख, मैले जान्या छ, लखनऊबाट फर्केपछि हेर्लाऊ ।’

बाबुसाहेबले लखनऊ जाने निधो गरे, समस्या थियो खर्चको । आवतजावतमा फर्स्ट नभएर सेकेन्ड क्लासकै टिकट लिए पनि पुगनपुग बीच पच्चीस रूपैयाँको खर्च, अझ लखऊको सानोभन्दा सानो होटलमा बास र मामुली खाना खाए कम्तीमा पनि दिनको आठ दश लाग्ने नै भयो । चारदिन बस्नैपर्छ, चालीस रूपैयाँजति यही भयो । अब रह्यो, कोटको ड्राइ-क्लिनिङ्ग र नफु भराउने काम । यसमा दश रूपैयाँभन्दा बढ्ता के पर्ला । तर यताउति जाँदा आउँदा मोटर नभएर टागाँकै खर्च दिनको चार रूपैँया राखौँ । सिगरेट, पनि इत्यादि जम्मै गरी सयभन्दा कम्ती त पर्दै नपर्ने । तर यति आँटे पनि लखनऊबाट फर्केका केटाकेटी, नोकरचाकर, केही सुसारे, अझ रानीसाहेबलाई थोरै भए पनि केही ल्याउनै पर्ने । जम्मा दुईसय रूपैयाँ नभई त के छोप लाग्छ र ? एउटा पुरानो कोट सफा गराउँदा पूरा दुईदुई समय रूपैयाँ ! बाबुसाहेब हतासजस्तो भई बसी नै रहे । क्रमशः उनको मस्तिष्कको अन्तरालमा, कसरी कता हो कता, त्यही दुई सय भन्ने शब्द

सञ्चरण बाहेक अरू केही पनि रहन नगई लगभग शुल्यजस्तो नै भयो र एकछिनसम्म बाहुसाहेब यही अवस्थामा रहिरहे। अनि एकाएक एउटा झट्काजस्तो मगजमा पर्यो र उनका कानमा बडाहाकिमकहाँबाट निस्कँदा भित्र उठेको सम्मिलित हाँस्यध्वनी गुञ्जिरत भयो। बाबुसाहेब पुनः समालेर बसी परिस्थितिमा विचार गर्न थाले होइन के को दुईसय ! नेपालगञ्जदेखि गोन्डासम्ममात्र सेकेन्ड क्लासमा जाने, त्यसपछि थर्ड क्लासमा भए पनि कसले चिन्छ र ? अलि लखनऊमा छेदीलालकी धर्मशालामा राम्रा राम्रा कोठा छन्। चार दिनसम्म बस्न दिइहाल्छ। खानलाई कुनै साधारण बासमा छाकको एक रूपैयाँ, सवा रूपैयाँमा पनि पुग्न सक्छ। चारैदिन त हो नि। जम्मा पचास रूपैयाँ भए पनि कोट तयारी भएर आउँछ। बाबुसाहेब अलि स्वयम् भए र तमाखु भनेर ल्याउन नोकरलाई बोलाए।

अन्ततः बाबुसाहेबले कोटको कायाकल्प गराएरै ल्याए। लखनमा एउटा समस्या के आइलागेको थियो भने 'ड्राइ वासिङ गरी रफु भराउने हो भने कोट सफा गर्दा अझ झुत्रिने हो कि ?' त्यसो भए त फेरि रफुमा धेरै पैसा पर्न जान्छ, फेरि रफु भराएर ड्राइवासिङ गराउँदा कतै धस्क्यो भने अको आपत !समस्या बडो होसियारीसाथ बाबुसाहेबले समाधान गरे। पहिले रफु नै भराउन गए। कालिगडले भन्यो - 'यसको एकएक धागो मक्किसकेको छ- रफ भर्नै गाह्रो।'तर बाबुसाहेबले आफ्ना कुरा गराइको चलाखीले उसलाई रफु भर्न तयार पारे। काम हातमा लिएपछि कति सावधानी, सफाइसाथ उनले रफु भरेको कुरा बाबुसाहेबले सविस्तार घरमा घण्टौं लगाएर वर्णन गरे। अनि डाइ क्लिनङमा जाँदा उसको म्यानेजरले पनि कोटको जीर्णतामा चिन्ता प्रकट गयो। तर च्यातिएको कहीँ पनि थिएन। रसिदमा यही लेखाइयो, अनि धुने कालिगडलाई अझ एक रूपैयाँ बकस दिने लोभ देखाएर उसले बडो हिफाजत, स्याहार गरी सफा पारिदिएको कुरा पनि बाबुसाहेबले सारालाई बिताएर अचम्म पारे। 'मै नभएको भए कोटै सखाप हुने' भनेर बाबुसाहेबले पच्चीसौं पटक चलाखीको सन्तुष्टि उपलब्ध गरे। लखनऊको कम्पनी पसलबाट कम्पनीको नाऊँ छापिएको प्लाष्टिकको कागजमा कोटको प्याकिङ बनाई डेलिभरी दिएको खोल्दै नखोली बाबुसाहेबले त्यसै राखे। रफु भरेर गर्धनको कलर र ड्राइ-वासिङ गरेर सफा भएको उसको रङ प्लाष्टिक प्याकिङ भएर बाहिरबाट देखापर्दथ्यो। उत्सुक भएकाहरूलाई त्यही देखाउँथे। प्याकिङ खोलेर धुलो माटो किन पर्न दिनु ! अँ, लखनऊबाट बाबुसाहेबले सारालाई कुनै न कुनै उपहार ल्याएका थिए। केटाकेटीहरूलाई लेभनजुस, नोकर्नी केटीहरूलाई कपालमा लगाउने प्लाष्टिकको च्याप्टो किलिप, बुढी मान्छे बज्यैलाई धागो हाल्ने अचम्मको मेसिन, आँखा चिम्लेर पनि धागो सियोमा नै पर्ने। रानी साहेबलाई एक सिसी गुलबहार तेल। जम्मैमा तीन रूपैयाँ पर्यो, साराका सारा खुशी थिए।

माउजङ बाबुसाहेबले अब उत्कृष्ठापूर्वक मन्त्रीजी आउने दिनको उद्विग्न प्रतिक्षा गर्न थाले । एकएक गरी मुस्किलसाथ त्यो दिन पनि आयो । मन्त्रीजी बिहान एघार बजे नै आइपुग्नुभो र साँझ चार बजे उहाँको सम्मानमा आयोजित जलपान पार्टीमा बाबुसाहेबलाई पनि जानुपर्ने थियो । बिहानै दाह्री नंवोरन लगाई जुगाँको काटछाँट मिलाई न्वाई-धोई माउजङ बाबुसाहेब तयार भई बसे, ठिक्क तीन बजे लगाउने दौरा सुरुवाल इत्यादि लगाई तमाखु खाँदै बसिरहे । साढे तीन बजे प्लाष्टिकको प्याकिङ खोली कोट झिकियो । क्याबात, कोट त्यही हो भन्ने कसैले चिन्नै नसकिने भइसकेको थियो । आज उसको रवाफ नै अर्कै, गत चौथाई शताब्दिअघिको उसको नयाँ जवानी फर्केको जस्तो । अलिकता पनि धक्का दबाउ नपर्ने गरी सुसारेले बिस्तारै कोट बाबुसाहेबको आङमा लगाइदिई । आज त्यस सुसारेप्रति बाबुसाहेब कृतज्ञ नभई रहेनन् र यो पनि त्यै बखत सम्झे कि त्यतिकी पुरानी नोकर्नी उनीकहाँ अब कोही पनि छैन, कति सेवा सुसार गरेकी छे यसले । उसलाई बकस दिनुपर्ने एउटा तीव्र अनुभूति-उद्वेगको उनले अनुभव गरे । तर पाकेटमा त्यस बखत पैसा थिएन र रानीसाहेब सित माग्दा अवश्यमेव उनले छैन नै भन्छिन् भन्ने डरले त्यस अति तीक्ष्ण, तत्कालिन औदार्य अनुभूतिलाई क्लेशपूर्वक दमित गरे । बल्ल दशपन्ध्र वर्षपछि आजको यस क्षणमा फर्किआएको जीवनको पहिलेदेखि नै अभ्यस्त गर्वोल्लासमा यस अत्यन्त जाबो कुराको विवशताले उनको मुटु नै निचोरिएको जस्तो हुन गयो । अभ्यन्तरैबाट आफ्ना परेलासम्म आइपुगेको स्वयम्प्रतिको करुणाद्रतालाई उनले मुस्किल साथ थिचे । यति मात्रै होइन, आफ्नो महान् पूर्वगौरव अर्जित गरिल्याएको यो कोट उसलाई बाबुसाहेबले आफ्नो ज्यूमा धारण गरेका छन्, त्यसको पनि बेकदार हुन गएको, त्यसको समेत सम्मानरक्षा हुन नसकेको उनले अनुभव गरे । वस्तुतः सहज बडत्पनको मन स्थितिमा आज उनको जम्मै दुर्दान्तता, नर्बरता, क्रोधी स्वभाव साराका सारा मानौं लोप हुन गएका थिए र उनमा एउटा माथिल्लो तहको मानवीय क्षमाशील परिपालकको महठा उम्लेर आएको थियो । बाबुसाहेबले एकपटक हेरी साराप्रति स्वयम्बाट मुक नै कुनै अज्ञात कल्याण कामना भएको जस्तो स्वानुभव गरे । साँच्चि नै उनको जन्मजात निरङ्कुश उदण्ड, सुखोपभोग प्रवृत्तिलाई, यताको अभाव अवहेलनाको निःसहाय परिवारहिन क्षुब्धावस्थामा आज कोहले गर्दा एउटा यटिकच्चित सन्तोषको जुन आत्मोपलब्धि हुन गएको थियो- कद्राचिन् त्यो पनि कहीँ बिलाएर नजाओस् कतैबाट खेस्सिएर नजाओस् भन्ने अन्तसर्तकर्ताले नै हो अथवा के ले हो त्इसले गर्दा उनी निश्चय नै एउटा मानवीयता प्रेरिता कल्याणमावापन्न प्राणी मात्र रहन गएका थिए ।

अत्यन्त निर्विकार, सहज मन लिएर बाबुसाहेब मन्त्रीज्यूको जलपान समारोहस्थलमा पुगे, पुग्नेबित्तिकै साराका आँखा उनको कोटमा टाँस्सिए । विस्फारित नेत्रले सबै निमिसमानलाई हेरी नै

रहे । अनि पछि एउटा दबेको मुस्काइ सबैको ओठमा फक्रे पनि कोही हाँसेन । बाबुसाहेबले पनि यस कुराको लक्ष्य गरे । तर आज उनले क्षोम, क्रोध इत्यादिजस्ता कुनै भावको कति अनुभूति लिएनन् । आज वस्तुतः उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा पुगेका थिए जहाँ आवेगहरू स्वयम्मै लय परिशान्त भएर जान्छन् ।

आयोजकले मन्त्रीजीसित बाबुसाहेबको परिचय गरायो, अनि एउटा मञ्चमा बसाल्यो । अत्यन्त शिष्टता, नम्रतापूर्वक बाबुसाहेबले सारासित प्रसङ्गानुकुल कुराकानी गरिरहे ।
क्रमशः ! चियापान समाप्त भयो । मन्त्रीजीसित बिदा भई एकेक गरी सबै निस्कन थाले । बाबुसाहेबले पनि मन्त्रीजीलाई नमस्ते गरी निस्कँदा उनको दुवै हत्केला अभ्यस्त तवरले कोटको दुवै तर्फको तल्लो जेबमा थिए । त्यतिकैमा एकजना स्थानिय काङ्ग्रेजी पनि मन्त्रीजीसित बिदा भई निस्केर बाबुसाहेब नजिकै पुग्यो र हत्केला जेबमा रहेका बाबुसाहेबको दाहिने पाखुरा र उनको जीउको माझबाट आफ्नो हात छिपाई कुरा गर्दै बाबुसाहेबसँग ऊ अगाडि बढ्यो । अरू बखत भएको भए बाबुसाहेबले कदाचित् यस आत्मीयता जस्तो देखाउने मदिसेको धृष्टता सहन सक्दैन थिए । तर आज बाबुसाहेबसँग त्यो माउजङ बाबुसाहेब थिएनन् । बडो खुशीसाथ ऊसित कुरा गर्दै बढ्दै गए । तर दुर्भाग्य, पछिल्तिरबाट कुनै एउटाले त्यस काङ्ग्रेजीलाई बोलाउँदा, आफ्नो पाखुरा बाबुसाहेबको पाखुरामा अल्झाइरहेर ऊ पछिल्तिर के फर्केको थियो, हत्केला जेबमा भएको बाबुसाहेबको हातमा अलिक झट्का पर्नेबित्तिकै कोटको पकेटको कुनादेखि लिएर तलको श्री अन्तिम छेउसम्म 'भ्याई'.... गरी त्यो जीर्ण कोट च्यातियो, सहसौं भूकम्प एकैचोटी गएको भयङ्कर सर्वनाशजस्तो आधातले बाबुसाहेबको मुटु हल्लायो । संसारै भत्केको जस्तो अनुभूति भयो । प्राणभित्रबाट सातवटा समुद्र उम्लेर आँखामा ओहर्छे । तर..........प्रचण्ड माउजङ बाबुसाहेब त्यस जोबोका अगाडि 'हाय' गर्न सक्थे र ?बरु चालेको भए त्यस मदिसे काङ्ग्रेजीलाई अल्सेसियनबाट चिथोर्न अवश्यमेय लगाइदिन्थे । तर आज त्यो अवसर पनि थिएन र अत्युच्च बडत्पनको भावापन्न बाबुसाहेबको त्यो मानसिकता पनि थिएन । प्रलयको विर कुन्नि कुन असीम तागतले थिचेर, अलिक अवाक्जस्तो पनि नभई, रिसउको झझल्कोपर्यन्त आउन नदिई खाली 'के भयो र ?' मात्रै भनी आफ्नो बेपवाईंकै मुद्रा स्थिर राख्न बाबुसाहेब समर्थ नै रहे । बिस्तारै सहज गतिमा उनी बाहिर आए र जीउबाट कोट झिकी बाहिर उभिरहेको आफ्नो मानिसलाई दिए । काङ्ग्रेजीले पनि साथ छोडेर गएपछि उनी आफ्नो बाटोमा चुप लागी गम्भिरतापूर्वक अगाडि बढे । अब खाली दौरा सुरुवालमा मात्र रहेर पनि अलिक पनि उनको आँखा निहुरेका थिएन र शान्त, स्थिरतापूर्वक बाटो समाप्त गरी उनी जब आफ्नो घरको कोठामा आफ्नो निर्धारित आसन नजिक पुगे अनि थचक्क बसे । पछिपछि सँगै आएको मानिस कोट त्यही पुरानो किलामा झुन्ड्याएर

बाहिर निस्क्यो । झुन्डिएको कोट बाबुसाहेबले हेरिरहे । उनको आँखा अगाडि वाल्ल परेझैं त्यो च्यातिएको कोटको खल्तीले मानौँ भित्री लिनेनको जिब्रो लप्लपाएर सोधिरहेको थियो- 'त्यो के भो हँ, अब के हुने हो ?' मुक मानले नै कुन्नि कहिलेसम्म त्यही च्यातिएको खल्तीको लिनेनलाई विस्फारित सुकेका आँखाले हेर्दै माउजङ बाबुसाहेब बसी नै रहे । केही बेरपछि कदाचित् कोट च्यातिएको समाचार सुनेर रानीसाहेब पनि दगुर्दै पुगिन् र नजिकै गएर कोट हेर्दै उनले सोधिन् - 'यो के भयो, हँ, कसरी यस्तो भयो हरे !' अब के हुन्छ ?

'केही भएको छैन' यत्तिका ठूलो दुर्घटनामा पनि आफ्नै घरमा समेत आवेगशान्त माउजङ बाबुसाहेबले भने - 'केही भएको छैन, बस मन्त्रीजीसित आएँ, राणाज्यूहरूको राज गयो ।'